## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६५ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।
२. लेख रचना सोभै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।
३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।
४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।
५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।
६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नम्बर अनिवार्य यस प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।
७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ     वर्ष ६५, अंक ३     भदौ-असोज २०८०



विभिन्न चाडपर्व सुरक्षामा संलग्न नेपाल प्रहरी ।

समाज हाम्रो पुण्य भूमि कर्म हाम्रो धर्म,
राष्ट्रसेवक प्रहरी हौं बुझ्छौ देशको मर्म ।
– नेपाल प्रहरी ।

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन

वर्ष : ६५ अंक : ३ २०८० भदौ-असोज



प्रमुख सल्लाहकार
प्र.ना.म.नि कुवेर कडायत

सल्लाहकार
प्र.व.उ. दान बहादुर कार्की

प्रधान सम्पादक
प्र.ना.उ.चन्चला श्रेष्ठ

सम्पादक
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

आवरण
प्र.नि. कल्पना अधिकारी

कम्प्युटर
प्र.व.ना.नि. संगीता कार्की

सहयोगी
प्र.स.नि. ज्ञानु नेपाल
प्र.ह. कुवेर पाण्डे
प्र.ज. अभिन गुरुङ

प्रकाशक
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## अन्तर्राष्ट्रिय जगतमा नेपाल प्रहरीको छवि उच्च

प्रहरी ऐन, २०१२ जारी भई नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको वि.सं २०१२ असोज मसान्तको दिनलाई आधार मानेर वि.सं २०५२ सालदेखि प्रहरी दिवस मनाउन शुरूवात गरियो । प्रहरी दिवसमा प्रहरी कर्मचारीबीच आपसी शुभकामना आदान-प्रदान, वीर तथा अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण एवम् विविध कार्यक्रमको आयोजनाको साथै वर्षभरि गरेका कामको समीक्षा गर्ने गरिन्छ । यस वर्ष ६८औं प्रहरी दिवस मनाइरहँदा नेपाल प्रहरीले वर्षभरि गरेका उत्कृष्ट कामको समीक्षा त छँदैछ, त्यो भन्दा नयाँ र उत्कृष्ट कामको समीक्षा गर्नु सान्दर्भिक देखिन्छ, जसको कारण राष्ट्रियस्तरमा मात्रै होइन अन्तर्राष्ट्रियस्तरमासमेत नेपाल प्रहरी र राष्ट्रको शिर र छवि उच्च भएको छ ।

सन् १९२३ मा स्थापित इन्टरपोलको शताब्दी वर्ष मनाउने क्रममा इन्टरपोलको १००औं सदस्य राष्ट्र नेपालको तर्फबाट आरोहणमा सहभागी प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीले २०८० जेठ २ गते विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरी चुचुरोमा नेपालको राष्ट्रिय भण्डासहित नेपाल प्रहरी र इन्टरपोलको भण्डा फहराउन सफल हुनुभयो । उक्त भण्डा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले सिंगापुरमा सम्पन्न १८औं हेड अफ नेशनल सेन्ट्रल व्यूरो (एनसिबी) कन्फ्रेन्सका अवसरमा इन्टरपोलका President Ahmed Naser Al-Raisi र महासचिव Jurgen Stock लाई हस्तान्तरण गर्दाको क्षण वास्तवमै गौरवको क्षण सावित भयो । साथै आपराधिक कार्य

गरी विदेश फरार अभियुक्तहरूलाई इन्टरपोलसँगको समन्वयमा नेपाल फर्काउने र अन्यत्र अपराध गरी नेपाल आएकालाई डिपोर्ट गराउने कामबाट अपराधी जहाँ पुगे पनि कानूनको हातबाट उम्किन पाउँदैन् भन्ने सन्देश गएको छ ।

मित्रराष्ट्र चीनमा सञ्चालित १९औं एशियन गेम्समा टी-२० क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लब क्रिकेट टीमका कप्तान दिपेन्द्र सिंह ऐरीले मंगोलियाविरूद्धको खेलमा आफूले सामना गरेको पहिलो ६ बलमा ६ छक्का प्रहार गर्दै ९ बलमा अर्धशतक पूरा गरी विश्व कीर्तिमान कायम गर्न सफल हुनुभयो । प्रतियोगितामा नेपाल प्रहरीका अन्य खेलाडीहरूले उत्कृष्ट खेल प्रदर्शन गरे । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी नेपाल प्रहरीका खेलाडीहरूले उच्च मनोबल र दृढताकासाथ अथक मिहिनेत र परिश्रम गरी कुशलतापूर्वक जिम्मेवारी पूरा गर्दै महत्त्वपूर्ण सफलता हासिल गरी प्रहरी संगठन र राष्ट्रको गौरव र उचाइ बढाएका छन् ।

अन्तर्राष्ट्रियस्तरमा हुने कार्यक्रमहरूमा नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरूको सहभागिता र राष्ट्रको तर्फबाट उठाएका एजेन्डाका कारण नेपाल प्रहरीलाई हेर्ने दृष्टिकोण सकारात्मक बनेको र सम्मान बढेको छ । प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यू लगायत वरिष्ठ प्रहरी अधिकृतहरू मित्रराष्ट्र बेलायतमा सञ्चालित Integrated Programme For Strengthening Security And Justice (Phase 2) कार्यक्रम, मित्रराष्ट्र गणतन्त्र कोरियामा सञ्चालित Strategic Leadership Course on Cyber Crime Countermeasures विषयक कार्यशाला, मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा सञ्चालित International Association of Chief of Police Conference लगायतका कार्यक्रममा सहभागिता भएबाट निश्चय पनि हाम्रो आवाज अन्तर्राष्ट्रिय जगतमा बुलन्द भएको छ । साथै सदाझैं यो वर्ष पनि प्रहरीका आन्तरिक विविध कामको प्रशंसा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चुलिएको छ ।

बद्लिँदो परिवेशअनुसार हाम्रा जिम्मेवारी र चुनौती बढ्दो क्रममा छन् । यिनको सामना गरी सूचना प्रविधिमा दक्ष जनशक्तिमार्फत नेपाल प्रहरीको कार्ययोजना कार्यान्वयन गर्दै स्मार्ट प्रहरी सेवा प्रदान गरी प्रहरी संगठनको शिर झुक्न नदिनु आजको आवश्यकता हो । ६८औं प्रहरी दिवस २०८० तथा महान चाड विजयादशमी, दीपावली, छठ र नेपाल संवत्‌को पावन अवसरमा प्रहरी कर्मचारीहरू, प्रहरी पत्रिकाका प्रवुद्ध लेखकवर्ग, शुभचिन्तकलगायत सम्पूर्ण नागरिकमा 'प्रहरी द्वैमासिक' परिवारकोतर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं !

# विषयसूची

## व्यावसायिक सामग्री


♦ फौजदारी कसूरको अनुसन्धान र............✍ नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ सरकारवादी फौजदारी मुद्दा फिर्ताः ......... ✍ सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी ५
♦ सवारी दुर्घटना न्यूनीकरण आजको............✍ प्र नि जनार्दन घिमिरे ७४
♦ "आफ्नो अधिकार पाउन आफैं अग्रसर......✍ प्रल्हाद दाहाल ९५


## साहित्य / विविध


♦ ज्ञान र शान्ति ✍ पूर्व प्र ना म नि ई महेश्वरसिंह कठायत १३
♦ समय ✍ गंगा खड्का १९
♦ पेरुङे चेपको दरबार ✍ युवराज नयाँघरे १६
♦ प्रतिभाशाली वैज्ञानिक जोहन डाल्टन ✍ राजेशमान के.सी २६
♦ शंका ✍ पूर्व प्र व ठ विक्रम गुरुङ २८
♦ संस्कृति परिचय ✍ बद्री प्रसाद ढकाल ३४
♦ फूर्वाको आँसु ✍ अधिवक्ता प्रेमराज सिलवाल ४१
♦ सहकारिताको विकासमा नेतृत्वको........✍ गम्भीर बहादुर हाडा ४५
♦ रमणीय रुङु बन्चु ! ✍ प्र ना उ जयश्वर रिमाल ५४
♦ उच्च शिक्षामा विकर्षणको कारण र........✍ सुदर्शन अधिकारी ५९
♦ आहुती ✍ ममता मृदुल ६२
♦ संवाद गर्न खोजिरहेको रारा ✍ तेज विलास अधिकारी ६३
♦ नेपालको स्वर्गः मुस्ताङ ✍ प्र ना उ भोजराज पाण्डेय ६६
♦ स्कूल फिः ✍ घन बहादुर थापा ७२
♦ ठिनीको उकालो ✍ लीलाराज दाहाल ७८
♦ तीजको उपहार ✍ ललिता 'दोषी' ८३
♦ मैदानी चेत ✍ डा छायादत्त न्यौपाने 'बगर' ८४
♦ सरल स्वभावका समाजसेवी भोलामान.....✍ इन्द्र कुमार श्रेष्ठ ८९

♦ प्रगति ✍ बिन्दु अधिकारी ढकाल ९४
♦ एक्लो यात्रा-एक अद्भुत यात्रा ✍ डा गितु गैरे ९८
♦ भिटामिनको नालीबेली ✍ त्रिचन्द्र प्रतिक्षा १०४
♦ सिमलको सौन्दर्य ✍ देवकी के.सी १०८


## गीत / कविता/ गजल


♦ गीत ✍ दिपकराज विश्वकर्मा ४
♦ प्रेमको आँखा ✍ रेणु अधिकारी 'मौनता' १२
♦ बुद्धको देश हो यो विश्वमा.... ✍ प्र स ह गोबिन्द राज ओझा ३३
♦ गजल ✍ प्र स ह टीकाराम दुलाल ५३
♦ झरी ✍ इन्द्रकुमार श्रेष्ठ 'सरित' ७१
♦ मेरो देश ✍ दिपक बानियाँ ७३
♦ गजल ✍ सानुराजा श्रेष्ठ 'अज्जान' ८८
♦ गजल ✍ गङ्गा कर्माचार्य पौडेल ९३
♦ गजल ✍ रुपिन्द्र प्रभावी १०९
♦ गजल ✍ अरुण बहादुर खत्री 'नदी' ११२


## स्थायी स्तम्भ


♦ इतिहासको पानाबाट ११०
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी संकलन : प्र व ना नि संगिता कार्की १११
♦ रसबस संकलन : प्र स नि शरणजंग भण्डारी १११
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु संकलन : प्र स नि जनक आचार्य ११२


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# फौजदारी कसूरको अनुसन्धान र अभियोजन सम्बन्धमा न्यायिक दृष्टिकोण



✍नायब महान्यायाधिवक्ता
संजीवराज रेग्मी

सर्वोच्च अदालतले नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा गरेको फैसला तथा व्याख्याका आधारमा कसूरको अनुसन्धान र अभियोजन सम्बन्धी न्यायिक दृष्टिकोणको अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । अपराधको अनुसन्धान, प्रमाण संकलन, अभियोजन पुष्टि गर्न आवश्यक पर्ने प्रमाणको पर्याप्तता, वैज्ञानिक प्रमाण जस्ता विषयमा राखेको न्यायिक दृष्टिकोणले अभियोजनको अवस्था र यसमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गर्न सकिन्छ भने अदालतको न्यायिक व्याख्याले अनुसन्धानकर्ता र अभियोजनकर्तालाई यस विषयमा प्रभावकारिता बढाउन समेत मद्दत गर्न सक्दछ ।

**१. सन्दीप नेपाली वि. नेपाल सरकार (नेकाप २०७५, अंक १२, नि.नं. १०१४८)**

- जबरजस्ती करणी सम्बन्धी कसूरमा पीडितको सुरूवालमा मानव वीर्य देखिएको अवस्थामा सो वीर्य लागेको कपडा परीक्षण गरी उक्त मानव वीर्य आरोपित प्रतिवादीको हो होइन एकिन गर्नुपर्ने जिम्मेवारी अनुसन्धानकर्ता तथा अभियोजनकर्तामा रहन्छ । यसबाट कसूर पुष्टि गर्ने बलियो प्रमाण अभियोजनलाई प्राप्त हुन सक्दछ ।

**२. नेपाल सरकार वि. मनकुमारी नेपाली समेत ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२६**

- व्यक्ति विशेषको अप्रमाणित कथनलाई सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिकै सिमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित हुन सक्दैन । वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्य भन्दा बाहिर गएर कसैको मौखिक कथनका भरमा अभियोजन गरी दोषी किटान गर्न सकिदैन ।
- अभियुक्तको साबिती बयान स्वतन्त्र

प्रमाणको मालाकार कडीबाट समर्थित नभएसम्म प्रमाणिक महत्व राख्दैन भन्ने अभियोजन पक्षले बुझ्न जरूरी हुन्छ ।

- लाश फेला नपरेको अवस्थामा कहिले, कसले, के कसरी हत्या गरेको हो भन्ने वादी पक्षले तथ्ययुक्त प्रमाणका आधारमा प्रष्ट गर्नुपर्ने हुन्छ ।

**३. नेपाल सरकार वि.मगरे खाँ समेत ने.का.प. २०६६ अंक १० नि.नं. ८२४३**

- फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने भएकोले वादी पक्षले corpus delecti प्रमाणित गर्नुपर्दछ । यसका लागि अभियोजन पक्षले ठोस र शंकारहित प्रमाण पेश गर्नु पर्ने हुन्छ ।

**४. नेपाल सरकार वि. सागर भट्ट समेत (२०७१-CR- ०६५९) फैसला मितिः२०७६।८।२**

- जबरजस्ती करणीको वारदातमा पीडितको भनाई र बकपत्र महत्त्वपूर्ण प्रमाण हुने हुँदा अनुसन्धान पक्षले पीडितको भनाई अभिलेखित गर्ने र पीडितको शारीरिक परीक्षण गराउने कुरामा गम्भीर ध्यान दिनुपर्ने हुन्छ ।
- पीडितको कपडामा मानव वीर्य भेटिएको र प्रतिवादीहरूले करणी गरेको भनी पीडितले अनुसन्धानको क्रममा भनेकोमा अभियोजन पक्षबाट सम्बन्धित अभियुक्तको नमुना लिई तुलना गरी परीक्षण गर्न सकेमा सो कुरा प्रमाणयोग्य हुन सक्छ ।
- अनुसन्धान र अभियोजनले जबरजस्ती करणी मुद्दाको अपराधमा पीडितले भोगेको क्षति स्थापित गरी अभियोजन गर्नुपर्ने कुरामा ध्यान दिनुपर्दछ ।

**५. नेपाल सरकार वि.उमेश गुरूङ ने.का.प.२०६८, अंक ११ नि.नं. ८७१७**

- बिना आधार प्रहरी कर्मचारीको प्रतिवेदनको आधारमा कसै उपर अभियोग लगाउदैमा अभियोजन पक्षको कर्तव्य पूरा भएको नमानिने,
- एउटै नाम भएका धेरै व्यक्ति हुन सक्ने भएकोले कसूरमा संलग्न भएको व्यक्ति पहिचान नगरी नाम मिलेकै आधारमा अभियोग लगाउदैमा अभियोजन पक्षको कर्तव्य पूरा भएको मान्न नमिल्ने,
- शंका, अनुमान, मनोगत विश्वासको आधारमा वारदात स्थापित नहुने, स्वतन्त्र प्रमाणले कसूर र आरोपितको संलग्नता स्थापित गरेमा मात्र सजाय गर्न सकिने,

**६. रामप्रवेश लोनिया मगर वि. नेपाल सरकार ने.का.प. २०७६, अंक २, नि.नं. १०१९७**

- फौजदारी कसूरमा अभियोग दाबी प्रमाणित गर्दा प्रति व्यक्ति प्रति प्रमाणबाट पुष्टि हुनुपर्दछ । अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर कसूरमा प्रतिवादीको अभियोग शंकारहित तबरबाट पुष्टि गर्नुपर्ने हुन्छ । अन्यथा शंकाको सुविधा अभियुक्तले पाउँछ ।

**७. तेज बहादुर थारू वि. नेपाल सरकार ने.का.प. २०७४ अंक १ नि.नं.९७४६**

- अभियोगपत्रमा क्षतिपूर्तिको दावी लिनुपर्ने कानूनी कर्तव्य अभियोजनकर्ता सरकारी वकिलको हुने,
- प्रतिवादीको सम्पत्ति एवं आयश्रोत वादी नेपाल सरकारले अभियोगपत्र तथा मिसिलमा देखाउनुपर्ने,

**८. नेपाल सरकार वि साबुद्दिन मियाँ नेकाप २०७२ अंक ५ नि.नं ९३९९**

- प्रतिवादीले पीडितहरू वर्ष ११ की "बी" कुमारीलाई मिति २०६५।५।१२ गते, वर्ष १२ की "डी" कुमारीलाई मिति २०६५।५।१३ गते वर्ष १५ की "ई" कुमारीलाई २०६५।५।११ गते, वर्ष १३ की "ए" कुमारीलाई २०६५।४।१० गते र वर्ष १४ की "सी" कुमारीलाई मिति २०६५।५।१३ गतेको मितिमा जबरजस्ती करणी गरेको भन्ने अभियोग मागदाबी लिई एउटै अभियोगपत्र दायर भएकोमा वारदात फरक फरक मितिमा भई फरक फरक नाबालिका पीडित उपर जबरजस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दाबीमा माग गरेको देखिँदा अलग अलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोगपत्र दायर भएको देखिएको त्रुटीपूर्ण हुने,

**९. नेकाप २०६८ अंक १०, नि.नं. ८६९७, नेकाप २०७१, अंक ७ नि.नं. ९२०९**

- अभियुक्त उपरको दावीका हकमा कसूर हुँदाका बखतको कानून र सजाय नै लागू हुन्छ । पछिल्लो कानूनले सजाय घटाएकोमा अन्यथा लेखिएकोमा बाहेक पछिल्लो कानून लागू हुने ।

**१०. रमेश साह समेत वि. नेपाल सरकार ने.का..प, २०७८ अंक १० निर्णय नं. १०७६२**

- राज्यका निकायले काल्पनिक वारदात खडा गरी झुठा मुद्दामा अभियोग लगाउने कार्य सभ्य समाजमा कल्पना गर्न नसकिने । यस्तो कार्य प्रहरीलाई प्राप्त अनुसन्धानको अधिकार र सरकारी वकिललाई प्राप्त अभियोजनको अधिकारको गम्भीर दुरूपयोग हुने ।
- दुराशयपूर्ण अभियोजनबाट व्यक्तिको वैयक्तिक अधिकारमा असर पर्नुका

साथै कानूनी राज्यको अवधारणाको उपहास हुने ।

**११. नेपाल सरकार वि. परिवर्तित नाम कैलाली ७१ (९) ने.का.प.२०७८ अंक १० नि.नं. १०७५३**

- खारेज भएको कानूनलाई आधार बनाई सजाय माग गरेको अवस्थामा अदालतले वादी दावी सच्याई सजाय गर्न नमिल्ने ।
- अदालतले वादी दावीमा सिमित रही मात्र निर्णय गर्नुपर्ने ।

**१२. नेपाल सरकार वि. अंजन के.सी समेत नेकाप २०७७ अंक ६ निर्णय नं. १०५२३**

- कानूनले कसूर मानेको विषयमा र त्यस्तो कानूनको उल्लङ्घन भएको स्थापित नभएसम्म अर्कै प्रयोजनका लागि बनेको कानून तानतुन गरेर कसूर कायम गर्न र सजाय गर्न नमिल्ने ।
- फौजदारी कानूनको कठोर व्याख्या गर्नुपर्ने ।

**१३. नेपाल सरकार वि. जीवनाथ देवकोटा समेत नेकाप २०७६ अंक ८ नि.नं. १०३४०**

- अनुसन्धान अधिकारीद्वारा तयार भएका कागजात बाहेक कानूनी प्रक्रिया विपरीत तयार भएका कागजातका आधारमा अभियोजन गर्नु कानूनी शासनको उपहास नहुने ।
- तालुक कार्यालयबाट अभियोजन कार्यको अनुगमन गर्ने र अनुगमनबाट देखिएको नतिजालाई सुधारमा रूपान्तरण गर्ने ।
- कानूनमा देखिएका दोहोरोपना र कमीको कानूनी रूपमा सम्बोधन गर्ने ।
- फौजदारी न्याय प्रणालीलाई भरोसागोग्य र विश्वसनीय बनाउने ।

## गीत



✍ **दिपकराज विश्वकर्मा**

संसार भुली तिम्लाई माया गर्ने चाहा मनको
तिमीलाई नै दिएँ चाबी अब यो जीवनको
यो समाजै छोडी भागम भो माया
दुई मुटु एउटै बनाई लाउला पिरती

सुखै दिउँला भन्दिन म जिउँला आधा आधा
तिमी बिना एकै पल हुन्छ मेरो सादा
तिम्रै साथले जीवनको रंग भर्ने चाहा मनको
तिमीलाई नै ......

दुवै मिली घर बनाउँला पिरतीको सानो
पिरतीकै भुइँ बनाउला पिरतीकै छानो
सासै बरू तिम्रै नाम गर्ने चाहा मनको
तिमीलाई नै ......

# सरकारवादी फौजदारी मुद्दा फिर्ताः आवश्यकता र औचित्यता



✍ सह-न्यायाधिवक्ता
सोमकान्ता भण्डारी [०]

## १. पृष्ठभूमि

राज्यको मुख्य उद्देश्य नै न्याय प्रदान गर्नु हो । यसमा राज्यको आधार र सरकारको अस्तित्व अडिएको हुन्छ । सरकार राज्यको कार्यकारिणी अधिकारको प्रयोग गर्ने निकाय हो । सरकार ती व्यक्ति र संस्थाको समष्टिगत रूप हो जसलाई राज्यक्षेत्र भित्र सार्वजनिक नीति निर्माण र कार्यान्वयन गर्ने तथा राज्यका मामला (state affair) सञ्चालन गर्ने अधिकार हुन्छ ।[१] जनताको हित सुरक्षा गर्न एवं राज्य सञ्चालन गर्न सरकारसँग केही विशिष्ट अधिकारहरू रहेका हुन्छन् । त्यसमध्ये नेपाल सरकारको तर्फबाट अभियोजन गरिएका मुद्दा फिर्ता लिने पनि पर्दछ । त्यस्तो अधिकारको प्रयोग जनताको हित र सुरक्षा, समाजमा शान्ति स्थापना कायम गर्नुपर्ने सरकारको कर्तव्य पूरा गर्नका लागि गर्नु पर्दछ । सरकारले मुद्दा फिर्ता लिने निर्णयलाई यही सन्दर्भमा हेरिनु पर्दछ ।

## २. सरकारवादी मुद्दा फिर्ता लिने अधिकार

जनताको हित सुरक्षा गर्न एवं राज्य सञ्चालन गर्न अपवादात्मक अवस्थामा प्रयोग गर्न सकिने प्रकृतिका सरकारसँग केही विशिष्ट तथा सिमित अधिकारहरू हुन्छन् । त्यसमा संकटकालीन अधिकारको घोषणा, सजाय माफी, मुलतवी वा कम गर्ने, अध्यादेश जारी गर्ने, बाधा अड्काउ

---

[०]एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

१. श्री कृष्णजीवी घिमिरे र श्री रेवतीराज त्रिपाठी, सरकारको भूमिका तथा कार्य क्षेत्र, सार्वजनिक व्यवस्थापन स्रोत सामग्री, सम्पादक विदुर कोइराला समेत, प्रकाशक सोपान मासिक, काठमाडौं, २०६९, पृ. २३ ।

फुकाउने, मुद्दा फिर्ता लिने आदि पर्दछन् । जनताको हित र सुरक्षा, समाजमा शान्ति स्थापना कायम गर्नुपर्ने सरकारको कर्तव्य पूरा गर्नका लागि यी अधिकार प्रयोग गरिनु पर्ने मान्यता रहेको छ । सरकारको तर्फबाट कुनै व्यक्तिका विरूद्ध अभियोजन गरिएका मुद्दा फिर्ता लिने अधिकार समेत सरकारमा नै रहेको हुन्छ । सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्न सक्ने अवस्थालाई अपवादात्मक अधिकारको रूपमा मात्र हेरिनु पर्दछ । यो अधिकारको दुरूपयोग वा अधिक प्रयोगले समाजमा दण्डहीनताको अवस्था सिर्जना गर्दछ । अभियोजन गर्ने जिम्मेवारी राज्यको कार्यकारी निकायमा रहेको हुँदा फौजदारी मुद्दा फिर्ता लिने अधिकार पनि कार्यकारीमै हुन्छ । मुलुकको संविधान र कानून बमोजिम मात्र फौजदारी मुद्दा फिर्ता लिन सकिन्छ । फौजदारी मुद्दा फिर्ता लिए पश्चात अभियोजनको खारेजी र अन्त्य हुन्छ । परिणामस्वरूप उक्त मुद्दाले निरन्तरता पाउँदैन ।

मुद्दा फिर्ता लिने अधिकार राज्यको कार्यपालिका (Executive) को कार्यकारी अधिकार हो । यो अधिकार स्वेच्छाचारिता विहीन, अविभेदकारी, औचित्यपूर्ण र सान्दर्भिक (Non-arbitrary, Non-discriminatory, Rational and Relevant) मापदण्डमा आधारित हुनु पर्दछ अन्यथा स्वेच्छाचारिताले प्रश्रय पाउने खतरा एकातर्फ रहन्छ भने अर्को तर्फ मुलुकमा दण्डहीनताको अवस्था सिर्जना हुन जान्छ ।

मुद्दामा अभियोजन गरेपछि न्यायिक प्रक्रियाबाट सफाइ लिन पाउने अभियुक्तको पनि अधिकार हो । सरकारले मुद्दाको सुनुवाइको क्रममा फिर्ता लिँदा आरोपले वैधानिक रूपमा अन्तिमता प्राप्त गर्न पाउँदैन । पीडितले पनि अन्याय भएको महसुस गरिरहेको हुन सक्छ । समाजमा विवादको अन्त्य नभई भित्री तहमा तुष राखी रहेको हुन सक्छ । त्यसकारण जनताले विश्वास गर्ने आधार बेगर गम्भीर फौजदारी मुद्दा फिर्ता लिने कार्यले राज्यको वैधतालाई चुनौती दिन्छ र यसले कानून विहीनता र दण्डहीनताको सिर्जना गर्दछ ।[२] अभियुक्तले कुनै एक अभियोजन फिर्ता लिएमा वा कम दावी लिएको अवस्थामा अन्य मुद्दामा सहयोग गर्ने वा सावित हुने भएमा अर्थात मुद्दा फिर्ता लिन दावीको सौदाबाजी (Plea Bargaining)

२. Surya Prasad Koirala and Rewati Raj Tripathee, Withdrawal of Serious Criminal Cases: A Threat to Rule of Law, Nepal Bar Council Law Journal, (2010), P. 246.

गरेमा मुद्दा फिर्ता लिन सकिने सैद्धान्तिक मान्यता समेत रहेको छ ।

## ३. सरकारवादी मुद्दा फिर्ता लिने आवश्यकता

सरकारवादी भई चलेका मुद्दा फिर्ता लिने अवस्था राज्यको इतिहासमा विरलै आउँछ । यो सरकारको लागि सुरक्षित निकास (Safety valve) हो । जसको प्रयोग वृहत्तर सार्वजनिक हितका लागि गर्न सकिन्छ ।[३] नागरिकको हित तथा समाजमा शान्ति र स्थिरताका लागि सरकारको तर्फबाट लगाइएको अभियोग वैचारिक आस्था, राजनीतिक प्रतिशोध/पूर्वाग्रहका कारण झुट्टा हुन सक्ने वा देश र समाजको वृहत्तर हितको लागि कतिपय अवस्थामा त्यस्ता मुद्दाहरू चलाउनु भन्दा फिर्ता लिँदा श्रेयस्कर हुने अवस्था आउँदछ । यसैगरी देशमा भएको राजनैतिक परिर्वतन सम्बोधन गर्नका लागि समेत मुद्दा फिर्ता लिनुपर्ने हुन्छ । त्यस्तै मुद्दा फिर्ता गर्दा न्याय अर्थात फैसलामा भएका गल्तीको सुधारको रूपमा, आपराधिक दाग मेटाउनको लागि तथा सजायको कठोरतालाई कम पार्ने उद्देश्य समेत राखिएको हुन्छ ।[४] त्यसकारण सरकारवादी फौजदारी मुद्दा फिर्ता लिँदा अपवादात्मक रूपमा प्रयोग गरिनु पर्दछ ।

मुद्दा फिर्ता लिँदा समान स्थितिका मुद्दाहरू वा एकै मुद्दामा पनि समान अवस्थाका प्रतिवादीहरू बीच समान व्यवहारको अपेक्षा, अभियोजनकर्ताको अधिकारको मर्यादा र राय, पीडितको हक र क्षतिपूर्ति, जसको हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालत समक्ष समर्पण गरेको स्थिति, अदालतले मुद्दा फिर्ता लिने मागको सम्बन्धमा विचार गर्दा पीडित वा जाहेरवालाले सरोकार व्यक्त गर्ने मौका आदि महत्त्वपूर्ण हुने देखिन्छ ।[५]

## ४. मुद्दा फिर्ता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था

### ४.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहने,[६] न्याय सम्बन्धी अधिकार अदालत तथा अन्य न्यायिक निकायहरूबाट

३. Rewati Raj Tripathee, Nepalese Legal System, second edition, Lumbini Prakashan, Kathmandu (2011), p. 349.

४. अधिवक्ता श्री गोविन्द शर्मा "बन्दी", फौजदारी अभियोग फिर्ता : अन्तराष्ट्रिय कानून अन्तर्गत नेपालको दायित्व नेपालमा गम्भीर फौजदारी मुद्दा फिर्ता र दण्डहीनता, फोरिड, २०१०, पृ. ९ ।

५. हेर्नुहोस् अधिवक्ता गोपीबहादुर भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६९, अंक ३, नि.नं. ८७८९ पृ.४४२ ।

६. नेपालको संविधान, २०७२, धारा, ७५ ।

प्रयोग हुने[७] संवैधानिक व्यवस्था गरेको छ । सरकारले मुद्दा फिर्ता लिँदा कार्यकारी अधिकार प्रयोग गरी मुद्दा फिर्ता लिने निर्णय गर्दछ । त्यस्तै अदालतले न्याय सम्बन्धी अधिकार प्रयोग गरी मुद्दा फिर्ता दिने नदिने विषयमा निर्णय गर्दछ । संविधानले महान्यायाधिवक्तालाई नेपालको प्रमुख अभियोजनकर्ता (Chief Public Prosecutor) को जिम्मेवारी सुम्पिएको छ । संविधानले नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने [८] संवैधानिक व्यवस्था समेत गरेको छ ।

एकातर्फ महान्यायाधिवक्ताले कार्यकारणी अधिकार अन्तर्गत प्रमुख अभियोजनकर्ताको भूमिका निर्वाह गर्ने र मातहतका सरकारी वकिलहरूले महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी अभियोजन कार्यमा संलग्न रहने गर्दछन् भने अर्कोतर्फ सरकारले मुद्दा फिर्ता लिने गरी गरेको निर्णयमा निज एवम् मातहतका सरकारी वकिलहरू मुद्दा फिर्ता लिने कारबाही प्रक्रियामा संलग्न रहन्छन् । मुद्दा फिर्ता लिने सन्दर्भमा महान्यायाधिवक्ताको राय एवं परामर्श अनिवार्य रहेको हुँदा निजले अभियोजनकर्ताको रूपमा, परामर्शदाताको रूपमा र मुद्दा फिर्ता लिने कारबाहीमा समेत भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

### ४.२ कानूनी व्यवस्था

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले मुद्दा फिर्ता लिने कार्यलाई नकारात्मक रूपमा लिएको छ । संहितामा सामान्यतः मुद्दा फिर्ता लिन नसकिने उल्लेख छ । तर विशेष अवस्था र परिस्थितिमा सामान्य प्रकृतिका मुद्दा फिर्ता लिन सकिने व्यवस्था गरेको छ । संहितामा राज्यलाई व्यापक र गम्भीर असर गर्ने प्रकृति भएका तथा सार्वजनिक व्यवस्था वा नैतिकता प्रतिकूलका कसूरहरूलाई मुद्दा फिर्ता लिन नसकिने व्यवस्था छ । मुद्दा फिर्ता लिने सम्बन्धमा मापदण्ड सहितको निर्देशिका बनाउनु पर्ने मुद्दा फिर्ता गर्दा उक्त निर्देशिका बमोजिम नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी फिर्ता लिनु पर्ने व्यवस्था गरी मुद्दा फिर्ता लिने कार्यलाई संहिताले व्यवस्थित बनाउन खोजेको देखिन्छ । सरकारवादी मुद्दा फिर्ताका सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा प्रतिपादन भएका सिद्धान्तहरूलाई संहिताले कानूनी व्यवस्थाका रूपमा समाहित गरेको पाइन्छ । संहितामा भएको व्यवस्थाहरूको विश्लेषणबाट

७. नेपालको संविधान, २०७२, धारा, १२६ ।
८.नेपालको संविधान, २०७२, धारा, १५८(३) ।

सरकारवादी फौजदारी मुद्दामा अत्यन्तै सीमित अवस्थामा अपवादको रूपमा मात्र मुद्दा फिर्ता लिने अभ्यास गर्न सकिने अवस्था छ । यस्तो व्यवस्था राख्नुको पछाडि विगतमा मुद्दा फिर्ता लिने सम्बन्धमा भएका अस्वस्थ अभ्यास नै कारक तत्वको रूपमा रहेका छन् । Non Potest Rex Gratiam Facere Cum Injuria Et Clamno Aliorum अर्थात कुनै फौजदारी मुद्दामा व्यक्तिको सम्पत्ति सन्निहित छ भने उक्त व्यक्तिको मञ्जुरी वेगर उक्त मुद्दा फिर्ता लिन नहुने भन्ने मान्यतालाई उल्लेखित कानूनी व्यवस्थाले आत्मसात गरेको पाइन्छ ।

पीडितलाई न्यायको पहुँचमा पुऱ्याउनु पर्ने राज्यको दायित्वको बोध गर्दै पीडितको सम्पत्ति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो व्यक्तिको मञ्जुरी नभएको र पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने प्रक्रियामा रहेको मुद्दा फिर्ता लिन नसकिने कानूनी व्यवस्था रहेको छ । फौजदारी कार्यविधि संहिता बमोजिम मुद्दा फिर्ता लिन सकिने सरकारवादी फौजदारी मुद्दाहरू र फिर्ता लिने प्रक्रिया देहाय बमोजिम रहेको छ ।[९]

(१) अनुसूची १ वा अनुसूची २ अन्तर्गतका कसूरमा अदालतमा एक पटक दायर भई सकेको मुद्दा फिर्ता लिन सकिने छैन ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दा बाहेक अन्य मुद्दा फिर्ता लिन सकिनेछः

**(क)** झुट्टा राहदानी वा नागरिकता, अध्यागमन, भ्रष्टाचार, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी वा क्रुर, अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको, सम्पत्ति शुद्धीकरण, प्राचीन स्मारक संरक्षण सम्बन्धी मुद्दा,

**(ख)** अपराध संहिताको भाग-२ को परिच्छेद-२ को दफा ५२ र ५६ (जाति हत्या र जासूसी सम्बन्धी कसूर), परिच्छेद- ६ को दफा १२९, १३०, १३१ र १३४ (इजाजतपत्र प्राप्त नगरी हातहतियार उत्पादन गर्न नहुने, इजाजतपत्र प्राप्त नगरी हातहतियारको कारोबार गर्न नहुने, खास किसिमका हातहतियार प्राप्त गर्न नहुने, आणविक, रासायनिक, जैविक (जिवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोबार गर्न नहुने सम्बन्धी कसूर)

९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ११६ ।

परिच्छेद-७ को दफा १३८, १३९ र १४१ (विष्फोटक पदार्थ उत्पादन गर्न नहुने, विष्फोटक पदार्थको कारोबार गर्न नहुने, बारूदी सुरूङ्ग बनाउन वा विष्फोटक पदार्थ ओछ्याउन नहुने सम्बन्धी कसूर), परिच्छेद-८ (राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्धका कसूर), परिच्छेद-१० को दफा १६७ (यातना सम्बन्धी कसूर), परिच्छेद–१४ को दफा १९२क (तेजाव प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने), परिच्छेद–१६ को दफा २०६ (व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर), परिच्छेद-१७ (अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर), परिच्छेद १८ को दफा २१९ को उपदफा (१), (२) र (३) (करणी सम्बन्धी कसूर) परिच्छेद-१९ को दफा २३० र २३१ (इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गर्न नहुने, वदनियत चिताई इलाज गर्न नहुने सम्बन्धी कसूर) तथा परिच्छेद २२ को दफा २५६ (खोटा मुद्रा बनाउने सम्बन्धी कसूर) अन्तर्गतको कसूर सम्बन्धी मुद्दा,

**(ग)** मुद्दा फिर्ता लिंदा कुनै व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा सो हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दा ।

**(३)** उपदफा (२) बमोजिम मुद्दा फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी उपदफा (४) बमोजिम बनाएको निर्देशिका बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

**(४)** नेपाल सरकारले उपदफा (२) बमोजिम फिर्ता लिने मुद्दाका सम्बन्धमा पालना गर्नुपर्ने आवश्यक मापदण्डको निर्देशिका बनाउनु पर्नेछ ।

**(५)** उपदफा (३) बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकिल मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनुपर्ने कारण सहितको निवेदन दिनु पर्नेछ ।

**(६)** उपदफा (५) बमोजिम निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनु अघि सुनुवाइ गराउनु पर्नेछ ।

**(७)** उपदफा (६) बमोजिम सुनुवाइ भएपछि मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्नेछ ।

**(८)** यस दफामा अन्यत्र जुनसुकै कुरा

लेखिएको भए तापनि पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने अवस्थामा विचाराधीन रहेको मुद्दा फिर्ता लिन सकिने छैन ।

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) को अधीनमा रही प्रचलित कानून बमोजिम दायर भएको कुनै सरकारवादी फौजदारी मुद्दा देहायको कुनै अवस्थामा फिर्ता लिन सक्दछ:[१०]

**(क)** सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भीर असर पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

**(ख)** सार्वजनिक सदाचार एवं नैतिकतामा प्रतिकूल प्रभाव पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

**(ग)** सामाजिक, धार्मिक वा साम्प्रदायिक तनाव फैलन सक्ने अवस्था आउन सक्ने देखिएमा त्यस्तो अवस्थाको अन्त्य गर्नु पर्ने देखिएमा,

**(घ)** राजनीतिक, सामाजिक, धार्मिक एवं साम्प्रदायिक सद्भाव कायम गर्न मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

**(ङ)** मुलुकमा शान्ति र अमनचैन कायम गर्न तथा राजनीतिक मूल प्रवाहमा ल्याउन नेपाल सरकारको तर्फबाट कुनै समूह वा राजनीतिक दलसँग गरिएको सम्झौता बमोजिम मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

**(च)** विदेशीसँगको कुटनीतिक सम्बन्ध र सद्भाव कायम राख्न पारस्पारिकताको आधारमा मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(छ) कुनै सरकारी प्रतिवेदनको आधारमा नेपाल सरकारबाट चलाइएको मुद्दामा पर्याप्त अध्ययन अनुसन्धानको कमी हुन गई वा अन्य कुनै कारणबाट भएको त्रुटिबाट नेपाल सरकारवादी भई चलाइएका फौजदारी मुद्दामा कुनै व्यक्ति निर्दोष रहेको पुष्टि भएकोमा ।

## ५. निष्कर्ष

मुद्दा फिर्ता गर्ने कानूनको प्रयोग गर्दा व्यक्तिगत, राजनैतिक लाभ लिनेदिने गरी वा कुनै क्षणिक स्वार्थबाट प्रेरित भई गरेमा यसको असर सम्बन्धित व्यक्ति, परिवार र समाजलाई मात्र नभई समग्रमा राष्ट्र, राष्ट्रिय न्याय प्रशासन र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पर्ने हुँदा

**१०.** नेपाल सरकारवादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७ को दफा ३ ।

त्यसतर्फ समेत विचार पुऱ्याउनु पर्दछ । अपराधबाट भएको पीडा वा क्षतिलाई कम आंकलन गरी मुद्दा फिर्ता लिने कार्य गर्नु अति नै जोखिमपूर्ण हुन्छ । यस कार्यको दुरूपयोगले पीडितलाई थप पीडा गराउँदछ भने राज्यमा दण्डहीनता बढाउँदछ । विधिको शासन, कानूनको कार्यान्वियन, न्यायप्रति रहेको जनताको आस्था खस्काउँछ भने अनुसन्धान र अभियोजनकर्ताको मनोबल गिराउँदछ । नागरिकको न्याय पाउने हकमा आघात पुग्ने मात्र नभई व्यक्तिमा कानून उल्लङ्घन गर्ने अभ्यास विकास हुने र राज्यको न्याय प्रशासनमा आस्था गुम्न जाने, राज्यमा अराजकता र अस्थिरता उत्पन्न हुन गई दण्डहीनताले प्रश्रय पाउँदछ । अन्ततोगत्वा सामाजिक सन्तुलन गुम्न जाने, राज्यमा अशान्ति निम्तने, राज्यको अस्तित्व र औचित्यतामा प्रश्न चिन्न उठ्न सक्छ । ♦♦♦

कविता

# प्रेमको आँखा



✍ **रेणु अधिकारी 'मौनता'**

प्रेमको आँखा फूल जस्तै कोमल हुन्छ
ममताले भरपुर खोला जस्तै निर्मल हुन्छ
उचनिच केही जान्दैन मायाले, मात्र
स्नेहको तलाउमा हरदम पौडिरहन्छ ।

प्रेमको आँखा तारा जस्तै चम्किलो हुन्छ
सत्य र झुठो छुट्याउने नजर गम्किलो हुन्छ
धनि र गरिब भन्दैन मायाले, मात्र
विश्वासको सागरमा हरदम तैरिरहन्छ ।

प्रेमको आँखा जुन जस्तै तेजिलो हुन्छ
घमण्डलाई तिरस्कार गर्ने स्वभाव पेचिलो हुन्छ
सुन्दर र कुरूप पनि मान्दैन मायाले, मात्र
सद्भावको खोलामा निरन्तर बगिरहन्छ ।

प्रेमको आँखामा सकारात्मक सोचाइ हुन्छ
जीवन संघर्षका अनगिन्ती भोगाइ हुन्छ
ठग्ने र छल्ने गर्दैन मायाले, मात्र
प्रेरणा र प्रोत्साहन तिर उन्मुख रहन्छ ।

# ज्ञान र शान्ति



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

बडो आश्चार्यको कुरा छ । जो नित्य-निरन्तर विद्यमान रहन्छ, त्यो प्यारो लाग्दैन । तर जो नित्य निरन्तर बद्लिरहेको छ, गइरहेको छ त्यो संसार प्रिय लाग्दछ । यसमा कारण यो हो कि जुन संसारको एक क्षण पनि स्थिति छैन, जो निरन्तर नै अभावमा गइरहेको छ, त्यसलाई हामी स्थायी मान्दछौ । स्थायी मान्नको कारण नै उसबाट स्थायी सुख लिन चाहन्छौ जो सर्वथा असम्भव छ ।

सुख लिनको लागि हामी संसारमा आफ्नोपन गर्दछौ, जो कुनै पनि समय अर्थात कालमा आफ्नो हुँदैन । आफ्नो वस्तु त्यही हो, जो हामीसँग कहिले अलग हुँदैन तथा जोसँग हामी कहिले अलग हुँदैनौ । यदि संसार आफ्नो हुँदो हो त प्रत्येक परिस्थिति हाम्रो साथ रहन्थ्यो । तर न त परिस्थिति हाम्रो साथ रहन्छ, न त हामी नै परिस्थितिको साथ रहन्छौ । त्यसैकारण परिस्थिति हाम्रो आफ्नो हुँदै होइन । जुन अन्तकरण र इन्द्रियहरूबाट हामी संसारलाई देख्दछौ, उसलाई हामी गल्तीवश आफ्नो मान्दछौ । तर यिनीहरू माथि पनि हाम्रो कुनै अधिकार चल्दैन । अन्तकरण र इन्द्रियहरू सहित सम्पूर्ण संसार प्रलय तर्फ गइरहेको छ । उसको स्थिति छदै छैन ।

संसारको प्रतीति मात्र हुन्छ । यसकारण यसको प्राप्ति कहिले पनि हुनै सक्दैन । संसार आफ्नो स्वरूपसम्म (आत्मासम्म) पुग्नै सक्दैन । तर स्वरूप सबै ठाउँमा सत्तारूपबाट विद्यमान रहन्छ । संसारको स्वतन्त्र अस्तित्व छैन तर आफ्नो अस्तित्व नित्य निरन्तर रहन्छ । स्वरूपको अर्थात आफ्नो भएकोपन (हुनेपन)प्रत्यक्ष अनुभव हुन्छ । स्वरूप अपरिवर्तनशिल छ । यदि त्यो परिवर्तनशिल हुँदो हो त संसारको परिवर्तनलाई कसले देख्दथ्यो । हामीलाई जसरी संसारको निरन्तर परिवर्तन र अभावको अनुभव हुन्छ । यस्तो आफ्नो परिवर्तन र अभावको अनुभव कहिले पनि हुँदैन । यस्तो हुँदा-

हुँदै पनि परिवर्तनशिल भरिएको शरीरको साथ आफूलाई मिलाएर उसमा सरिक भएको परिवर्तनलाई भूलसँग आफ्नो परिवर्तन मान्दछौ । शरीरसँग सम्बन्ध मानेर शरीरको अवस्थालाई आफ्नो अवस्था मान्दछौ । विचार गरौं त, यदि शरीरको अवस्थाको साथ हामी एक हुँदो हो त अवस्था रहिरहे हामी पनि गइसकेको हुने थियौ होला । यसबाट सिद्ध हुन्छ की जानेवाला अवस्था अर्को हो र हामी अर्को हौं । यसप्रकार आफ्नो नित्य सिद्ध (Higgs Boson & field) स्वरूपको अनुभव हुने "ज्ञान" हो ।

अर्को कुरा (BC-४-३९) "श्रद्धावाल्लभले ज्ञान तत्परः संयतेन्द्रियः। ज्ञान लब्ध्वा परा शान्तिमचिरेणाधिगच्छति श्लोकमा 'लभते' पद आएको छ । जसको तात्पर्य हो, जुन वस्तुको निमार्ण हुँदैन, यस्तो नित्यसिद्ध वस्तुको प्राप्त । जुन वस्तुको निर्माण हुन्छ अर्थात जो वस्तु पहिले हुँदैन अर्थात बनाइन्छ, त्यस वस्तुको प्राप्तिलाई "लभते" भन्न सकिदैन किनकि जो वस्तु पहिले थिएन तथा पछि पनि रहँदैन । यस्तो वस्तुको प्रतीति त हुन्छ, तर प्राप्ति हुँदैन । प्रतीत (भान) हुनेवाला प्राप्त मानिलिनु आफ्नो विवेकको सवर्था अनादर हो ।

जो संसारको उत्पत्ति भन्दा पहिले पनि रहन्छ । संसारको (उत्पन्न भएर रहनेवाला) स्थितिमा पनि रहन्छ र संसार नष्ट भए पछि पनि रहन्छ, त्यो तत्त्व 'हो' नामबाट कहलाइन्छ र 'हो' प्राप्तिलाई नै 'लभते' भनिन्छ । तर जो वस्तु उत्पन्न हुनुभन्दा पहिले पनि थिएन र नष्ट भएपछि रहँदैन तथा बिचमा पनि निरन्तर नाश हुने तर्फ गइरहेको छ । त्यो बस्तु 'होइन' नामबाट कहलाइन्छ । 'होइन' को प्रतीति (भान) हुन्छ, प्राप्ति हुँदैन । जो 'हो' त्यो त छदैछ । जो 'होइन' त्यो छदै छैन । 'होइन' लाई 'होइन' रूपमा मान्दै 'हो' लाई 'हो' को रूपमा मान्नु श्रद्धा हो जसबाट नित्य सिद्ध ज्ञानको प्राप्ति हुन जान्छ ।

"श्रद्धावाल्लभते ज्ञानमा" ज्ञान लब्धा परां शान्तिमचिरेणाधिगच्छति (BC-९-३)श्लोकमा भगवानले निषेध मुखबाट भन्नु भएको छ कि, श्रद्धारहित पुरूष मलाई प्राप्त नगरेर जन्ममरण रूप संसार चक्रमा घुमिरहन्छन् । त्यसै कुरालाई यहाँ विधि-मुखबाट भन्नुहुन्छ कि, श्रद्धावान पुरूष परमशान्तिलाई प्राप्त गर्दछन् । अर्थात मलाई (भगवान) प्राप्त भएर जन्ममरणरूप संसार चक्रबाट छुट्दछन् ।

परमशान्ति तत्काल अनुभव नहुनाको कारण हो, जुन वस्तु आफैमा छ, उसलाई आफैभित्र नखोजेर बाहिर अरू स्थानहरूमा खोज्नुको कारण हो । परमशान्ति प्राणी माझहरूमा स्वतःसिद्ध छ । तर मानिसहरू परमशान्ति-स्वरूप

परमात्माबाट त विमुख भइहाल्छन् र सांसारिक वस्तुहरूमा शान्ति खोज्दछन् यसै कारण अनेक जन्महरूमा शान्तिको खोजमा भड्किरहँदा पनि उनीहरूलाई शान्ति मिल्दैन । तत्व ज्ञानको अनुभव हुँदाको समय जब दुःख स्वरूप संसारसँग सधैंको लागि सम्बन्ध बिच्छेद भइहाल्दछ तब स्वतः सिद्ध परमशान्तिको तत्काल अनुभव भइहाल्दछ ।

श्रद्धावाल्लभते ज्ञानम् र श्रद्धाविश्वास र विवेकको आवश्यकता सबै साधकहरूको लागि हो । कर्मयोग तथा ज्ञानयोगमा विवेकको मुख्यता छ र भक्तियोगमा श्रद्धा-विश्वासको मुख्यता छ । आरम्भमा 'तत्त्व ज्ञान हो' यस्तो श्रद्धा हुन्छ तब साधक यसको प्राप्तिको लागि साधना गर्दछन् । ♦♦♦

**लघुकथा**

## समय



✍ **गंगा खड्का**

रघुनाथका दुई दम्पतीले कौसीमा दुईवटा कुर्सीका सहारामा दिन काट्न थालेका धेरै भइसकेको थियो । दमको रोगी रघुनाथका जेठो र कान्छो छोरा विदेश पलायन भएपछि भएको एउटा माइलो छोराले नि आफ्नो सुर कसेर छोराछोरी तथा स्वास्नी च्याप्यो र छुट्टिएर बस्यो ।

रघुनाथका दम्पती बुढेसकालमा टुहुरा बालबालिकाझैं भएका थिए । श्रीमतीको वृद्धाभत्ता र उनको पेन्सनले घर चलेको थियो । करबलले दुई छोराले पठाएका पैसाले उनीहरूले काम गर्ने मान्छे र औषधि खर्चको बन्दोबस्त गरेका थिए ।

एकदिन बिहानको खाना खाएर दुबै बूढाबूढी कौसीमा टहलिएका थिए । माइलो छोराले घरमा पालेको कुकुरलाई स्कुटीमा हालेर त्यही बाटो ओहोरदोहोर गरिरह्यो । रघुनाथले मुटुमा भक्कानो पार्दै तरक्क आँसु काटेर सोचे, "धन्न सुगरले हानेर मेरा बूढीका दुबै आँखाका ज्योति गएछन् । नत्र त घरमा पालिएको कुकुरलाई दिने समय हामीलाई दिएको भए कति जाती हुन्थ्यो भन्दै उसका आँखाबाट बलिन्द्रधारा आँसु खस्थे होलान्।"

नियात्रा

# पेरुङे चेपको दरबार



✍ युवराज नयाँघरे

'जस्तै खर्राटलाई नि एक घण्टा त लाग्छ-लाग्छ दाजु !'

'लाग्ला त ?'

पहिलो बोली धनकुटे कान्छा भाइको ! पछिल्लो पत्यार नगरी सोध्ने परे दाजु नयाँघरे ।

अन्धा राजाको दरबार जाने सिँढीको मुखैमा हामी छौँ । बाक्लो जंगल चिरेर गएको सिमेन्टीको सिँढी नै सिँढी छ ।

वनैभरि काठे चिर्पट, मूडा, हाँगा, ठुटाठुटी कुहिएर गएको देखिन्थ्यो । धमिराले धुलै पारिरहेको बडेमानका रूखहरू लम्पसारिएका थिए जताततै । तर सिमेन्टीका खुड्किला र ढोका हालेको देख्दा सुरूमै आँखा बिझाए । बिझेको मनले कुरो कोट्यायो- 'प्रकृतिमैत्री भन्या यो त होइन !'

'दाजुले ख्याल गर्नुभयो कि नाइँ ?'

'के भाइ ?'

'२७ कात्तिक २०७८ का दिन आज हामीले भोगिरहेको गते, मैना, वर्ष ।'

तराईको भित्तो उकालिएको ठाउँ रहेछ शिखर कटेरी । त्यस उता पहाडको तर्पायाँ उकालीले गति लिएको थियो । त्यही फाँटिलो फेदमा थियौँ हामी ।

अब उकालो चढ्नु थियो पसिनै छुटाउने ।

अघिल्लो दिन सल्लाह भयो भाइ र मेरो अन्धा राजालाई भेट्न जाने ।

'दाजु, सकेसम्म बिहानै जाँदा राम्रो । बेलैमा पुगेर घुम्दा, हेर्दा धेरै कुरा थाहा पाइन्छ । अर्को मूल जडी कुरो छ नि-भोक मेट्ने बेलामा गाँसको व्यवस्था मिलाउन सकिन्छ । उज्यालो खस्ता भाडबारी नाघ्नु पर्ला दाजु ।'

भाइको उर्दी थियो ।

'हुन्छ । तर के लाउनु, के बोक्नु बाटाको सरजाम ?'

मैले सोधेको थिएँ ।

'केही नपर्ला । खल्तीमा एक-दुई हात्ती चैं चेपिराख्नु न ।' भाइले हाँस्दै भनेथे ।

'हैन हौ । अन्त हुम्सेदुम्सेमै पो

भेटिन्छ हात्ती भन्थे अरूहरू त... !'

मैले उनको हाँसो जितेर भनें ।

'त्यो सासे, यो असासे ।'

भाइले केही नबुझिने कुरा गरे ।

'त्यो बोक्न नमिल्ने, यो बोक्न मिल्छ क्या दाजु... !'

यति भनेर भाइ छुटेथे बेलुका । बिहान ७ बजे इँटाभट्टा अघिल्तिर आइपुगे । मैले एक कप चिया खाएर तुना कसिसकेथें जुत्ताको ।

त्यसपछि हामी दमक बजार छिचोलेर पुगेथ्यौं भानुभक्त आचार्यको शालिकनेर ।

'यो भानुभक्त चोक !'

भाइले चिनाए ।

हाम्रो भटभटेले वेग मार्‍यो । कात्तिकको मौसम छ, गर्मीले नछोडे पनि चिसो भित्रिइसकेको छैन । बिहानै भएकाले तराईको तातो कलिलो-कलिलै छ । कानमा छुने चिसोले मनमा काँडा उमार्न सकिहालेको छैन ।

दुई पांग्रेले दुरी नापेर बेलडाँगी पुर्‍यायो । एकछिन हामी ठूलो बरको फेदमा बस्यौं । त्यसपछि उँभोतिर वेग हान्यौं । रन्धोज चोकबाट उत्तरैउत्तर दुगरिरह्यो भटभटे ।

रणमा जाने योद्धाले ध्वजापताका बोक्ने गर्थे । हाम्रो पनि यो एउटा रण नै थियो । रणसंग्राम त नभए नि एउटो 'रन' नि !

शिखर कटेरीमा प्रकाश घिमिरेको खिच्रिङमिच्रिङ पसल थियो ।

'के-के पाइन्छ ?'

'नपाइने केही छैन । खोजे जत्ति सबै पाइन्छ ।'

चुइगम, चप्पल, चकलेट, कापी, पेन्सिल, पानीका बोतल, रिचार्ज कार्ड, मोजा, काइँयो, सिटामोल । तु, खाना पनि पाक्दो रैछ ।

पानीका बोतल भाइ र मलाई किनेर सिँढीतिर उकालियौं हामी ।

'यो भटभटे यतै छ है ।'

भाइले औंल्याए ।

'जाँदैन यो । म छु नि । आँखा छल्ने को पो आउँला र यो जंगला मुलुकमा ।'

घिमिरेका कुरा सुन्दै हामी दरबार जाने सिँढीतिर हुत्तिएका थियौं ।

अघि फुटानी चोकमा भेटिएकी मोतेम्मा राईले सोधिन्-'काँसम्म जाने हऊ ?'

'पिँडीबास, मावा दोभान, पेरूङे; खनिउबास, टोड्के, कुसुन्डे, बाँझगाउँ, रमिते, चिसापानी, पञ्चमी । काँसम्म पुग्ने ? एक धोक्रो आलस पठाउनु छ ।' उनले खुरून्धार गरिन् ।

'हामी त तीं तल फँडिरबोटेसम्म ।'

यति भनेर उम्केका थियौं हामी । अहिले फँडिरबोटे आइपुग्यौं पनि । रमाइलो लाग्यो झुरूप्प बस्ती पुग्दा ।

भाइले फँडिरबोटे गाउँकी कर्णमाया तामाङसँग भेट गराए । उनी हल्लीखल्ली गर्दै हिँड्ने हुनाले तामाङबारे थाहा भैहाल्यो ।

कुनै बेला यो टोड्के-कुसुन्डे भएर आउने फिदिम, पाँचथर, ताप्लेजुङका भरिया, खरिते र ढाक्रेको मूल बाटो यै रहेछ । मधुमल्ला बजार र दमक हाट भर्न आइतबारदेखि नै माथि पहाडबाट मान्छेको ताँती लाग्थ्यो रे ।

कर्णमायाले भनिन्-'मेरो यो घरमा मान्छेको ताँती लाग्थ्यो । आठ आना माना जाँड बेच्थें म । दिनहुँ १२-१४ सयको जाँड बेचेरै कमाउँथें ।'

तामाङले भनिन्-'पहाडबाट आएकाहरू रातभरि पालम गाउने, हाकपारे गाउने र सैसैला नाच्ने गर्थे । नाच्दानाच्दै र गाउँदागाउँदै उज्यालो हुन्थ्यो ।'

'माथिबाट आउँदा नासपाती, दारिम, बोडी, कागती, साग, करेला, निबुवा, अम्बा ल्याउँथे । अलैची, आरू, निगुरो पनि कोसेली भनेर दिन्थे । अनि कपडा, नुन, मट्टितेल र अरू खत्र्याक खुत्रुक तलबाट किनेर लैजान्थे ।' उनले भनिन् ।

ढाकर बोक्नेहरूले बाटै भरिएको हुन्थ्यो, टोड्के-कुसुन्डेमा । खरितेले माथि पहाडका गोरू ल्याउँथे र दमकमा बेच्थे । ती खरितेहरू सँगै ढाक्रे र भरियाहरू पनि हराए हिजोआज यो बाटोमा । कर्णमायाका कुरा सुन्दा केटाकेटीमा आफूले देखेका खरिते र ढाक्रेका तस्बीर आए आँखामा झल्याकझुलुक ।

झापा छोडेर इलाम पुगेका रहेछौं हामी । मोरङको आडैका गाउँहरू मधुमल्ला, उर्लाबारी साँध-साँधमै पर्थे ।

सिँढी चढ्नै लाग्दा पानी घुट्काएँ मैले ।

'माथिसम्म पुऱ्याउनु छ यत्तिले ।' भाइलाई भनें ।

उनी पनि बिर्को खोलेर घुट्काउन थाले मिनरल वाटर ।

'कुनै बेला मोही, दहीको छेलोखेलो हुन्थ्यो दाजु । आजभोलि पानी नि नकिनी सुखै छैन । गाउँ पनि रहेन गाउँजस्तो ।'

भाइको बोली पानीको घुट्को सँगै छ ।

जंगल सुरू भयो बाक्लै । उकालोमा सिँढीले सजिलो पारिदिएको छ । म त त्यत्तिकै पनि हिँड्न रहर गर्ने खालको थिएँ । तर बढ्ता सुविधा आएछ ।

चुरेका चुलीको लस्कर छ । पूर्वदेखि पश्चिम मुन्टो उठाइरहेका चुचुरा, थुम्का, डाँडा र बुच्चे चुलीको ताँती छ । हामी उत्तरतिर लाग्दैछौं । पूर्व, उत्तर भएर तर्पायाँ उकालीमा रोकिने र थाकिने गर्दैछौं ।

भाइले चारैतिर साँधसिमाना

देखाए- उत्तर, लारूम्बा, दक्षिण, बेलडाँगी, पूर्व, बुकुवा, पश्चिम, तोरीबारी ।

फस्को माटो छ । पानीले बगाउँदा-बगाउँदा थिग्रिएको कडा हुन खोजेको भीर छ । त्यै भीरमा साल, भलायो, बल्ड्याग्रो, भोर्ला र कुटमिरोका रूखहरू टन्नै छन् । अग्लाभन्दा पनि मझौला उचाइका बुट्यान र पोथ्रा छन् बढी नै ।

'अमलाको बोट त देखियो । फल पाए नि हुने ।'

भाइ फेदैतिर घुम्न थाले ।

मैले नि आश गरें ।

'रूख अमला त पाइएन दाजु, जरे अमला त पक्कै पाइन्छ ।'

उनी खोजीपस्दै थिए ।

म घरी पूर्वीतिरका चुली हेर्छु । घामको तातोले पसिना उमारिसकेको छ । रतुवा खोलादेखि मावा खोलासम्मको फाँट देखेजस्तै लाग्छ-धानको पहेंलपुरले । कतै ठूलो तन्ना ओछ्याएजस्तै, कतै फराकिलो गलैंचा फैलाएजस्तो, कतै एउटै रंगको दरी फिंजाएजस्तो तराईको सुन्दरताले तानेका आँखा अन्त जाँदैनन् ।

ठाउँ-ठाउँमा थाकल र बाँसका घारी भीरैभरि देखिन्थे । थाकलका चिल्ला पातको एक मुठो बोकेको छु । उहिले-उहिले थाकलका पातले बुनेका स-साना डोका, डाली र घरहरू कोसेलीका रूपमा बेचेको खुबै देख्थें म मधुमल्लातिर । अहिले त्यसका ठाउँमा प्लास्टिकले लट्टो लिइहाल्यो ।

बाटो उत्तरतिर पसारिएको छ । हामी छेपारी नदुखोस् भनेर हिंडिरहेका छौं बिस्तारै-बिस्तारै ।

निकै माथि पुगेपछि पश्चिमतिर तोरीबारीहरू देखा परे । पहेंला गरैगरा र तलबाट माथि डाँडातिर उक्लिएका तहैतहले मनै रमाउँथ्यो । आँखा झिमिक्कै नपारी तल मधेसका फाँटबाट उकालिएर इलामका पाखापखेरासम्म लगिरहेको छु म पटक-पटक ।

'भाइ त्यो मावा हैन ?'

'हो नि दाजु, पेरूङ्केको चेप । त्यहींबाट खोलो बगेको छ ।'

ओहो पेरूङ्के ! यो शब्दले मलाई पुरानो कुरा सम्झायो । म ३-४ पटक यही पेरूङ्केको खोंच भएर इलाम, मंगलबारे, रवि, पञ्चमी, गजुरमुखी गएको छु ।

मावा खोला पचासौं ठाउँमा तर्नुपर्ने हुन्छ । नागबेली भएर बगेको खोलालाई तर्दातर्दै रात पर्थ्यो । अनि दुवै पहाडको चेपको ओडारमा बास पर्नु पर्थ्यो । एक रात त म ढुंगेनी चम्का जोडेर भात पकाएर खाँदै ओडारमै बस्न पुगेको थिएँ ।

चालीस सालको छेउछाउतिर एसएलसी पास भइयोस् भनेर-खड्ग पौडेल, यादव कार्की, गणेश राई, क्याप्टेन धिमालसँग गजुरमुखी दर्शन गर्न गएको

थिएँ म ।

पेरूङ्केको खोंचबाट अलिक माथि टोड्के-कुसुन्डेमा पुगेका थियौं ।

खड्गबहादुरले गीत गाए-

'टोड्के कुसुन्डे
भोक लाग्यो मलाई
आलु उसिन्दे ।'

कार्कीले उत्तर फर्काए-

'टोड्के कुसुन्डे
पेट दुख्यो मलाई
मकै भुटिदे ।'

राईले चम्केर उत्तर दिए-

'टोड्के कुसुन्डे
जाँडो भो मलाई
बेउली खोजिदे ।'

धिमालको रहर यस्तो थियो-

'टोड्के कुसुन्डे
भात खानु कसरी
अन्डा उसिन्दे ।'

अन्तिममा मेरो पालो आएथ्यो । म गीत र नाचबाट परपर भाग्ने सधैं । कत्ति गरे पनि आएन । जत्ति गरे पनि आउँदै आएन ।

अनि यताउता पारेर सुनाएँ-

टोड्के कुसुन्डे
हिंड्नलाई गाह्रो भो
बाटो बनाइदे ।

यसरी हामीले यो बाटो काटेका थियौं । आज त त्यो बाटोमा मान्छेका पाइला जाँदैनन् । मास्तिरबाटै गाडी गुड्ने सुनेको छु ।

'भाइ अन्धा राजाको दरबार कहाँनिर पो पर्छ ?'

'त्यै टोड्के, कुसुन्डेमै पर्छ । पेरूङ्केको चेपमै छ दरबार ।'

भाइले भनेथे ।

अनि मैले पुरानो कुरा ख्याल गरें ।

टोड्केबाट अलिक माथि पुगेपछि मावाले गहिर्‍याएको चिप्लो न चिप्लो डरलाग्दो ढुंगेनी भीर छ । उत्तिसका रूख, लेउ र भित्तो खारिएर ठडिएको टोपी खस्ने भीर छ । उँभो जति हेरे पनि नटुंगिने उकाली छ । ढुंगाका खात-खात चिल्ला भएर मास्तिर बसेका देखिन्छन् थपक्क ।

'त्यो दरबार हो धृतराष्ट्रको । अहिले कलि बलेर त्यो दरबारलाई यै खोलाले कोपरेर थेरथोर बचेको छ ।'

फैतप्पाका काफ्ले दाइले मलाई उहिल्यै बताएका थिए । अहिले अन्धा राजाको दरबारको नजिक-नजिक कुरा र मन पुग्दा निकै आनन्द लाग्यो मलाई ।

'यो बाटो निकै गएपछि तल मावातिर झर्छ । गुफाजस्तो छ । धेरै त भत्किसकेको छ । किराँतीहरू उँभौली-उँधौलीमा जान्छन्, बाहुनछेत्री भजन गाउँदै जान्छन् । दुवै जातिले मान्ने गर्छन् यो गुफालाई ।'

भाइका कुरा सुन्छु ।

अघि घिमिरेले भनेथे- 'तपाईंहरू गएको बाटो संसारे डाँडो, एक्ले सखुवा, ढेडुबासे, दोभान, चौतारो, हात्ती ढुंगे, भन्ज्याङ भएर अन्धा राजा गुफामा पुग्छ ।'

हामी कहाँनिर पुग्यौं राम्रो ज्ञान छैन ।

आफ्नै सुरमा लुइंचे, दुम्सी, मजुर र काठफोरूवाका बोली ठम्याउँदै उकालो चढिरहेका छौं । तातो भुइँमा मस्तले उम्रिने बोटबिरूवा खुबै फैलेका देख्छु । एकैनासे रूखले दिने छायाँ र सुरताल उस्तै देख्छु ।

जंगलमा चराको हल्लाले परपरबाट हाम्रा कानमा ठोक्किन आइपुग्छन् । नजिक ल्याउने रहर लागेछ भाइलाई ।

'चिरिर्र... !'

भाइले आवाज निकाले ।

'चिर्र... !'

चराले उत्तर दियो ।

हामी दुवै हाँस्यौं ।

बाटो उकालो छ । पातला रूखले भीर थेगेको लाग्छ । चिलाउने, बनफूल खुबै देखिरहेको छु । सखुवा, असारे, धँगेरो, राजवृक्षका सुरिला रूख पनि मनग्गे देख्छु ।

'दाजु टोपी लाउने कि टोप ?'

'कोसेली जे भए पनि हुन्छ ।'

भाइले भीरको भोर्लाको पात टिपेर अंग्रेजी टोप बनाए । अनि मलाई लाइदिए । मैले त्यसलाई बीचमा सिन्काले खोपेर टोपी बनाइदिएर उनैलाई लगाइदिएँ ।

एक छिन मनले खित्का छोड्यो ।

'मेरो टोपी कैलाशको शिरजस्तो ... ।' भाइले गीत गाए ।

देब्रे-दाहिने भएर उक्लिरहेको छु उकालो । म त ढुंगेनी सिँढी छोडेर रूखका फेद-फेद भएर हिँड्छु । प्रकृतिलाई केको सिँगार्नु ? कसैले जित्न सक्छ प्रकृतिको अप्रतीम सुन्दरतालाई ?

म पानी घुट्काएर भन्छु- 'हीरालाई कीरा बनाउनु हुँदैन ।'

जंगलमा घामछायाँ छ । अनुहारमा घाम पारेर ओखती दिन्छु । अनि फेरि छायाँमा अडिएर शक्ति भर्छु । जीवनको दुई पाइलाजस्तै छ-यो क्षण ।

भाइ पश्चिम उभिएर तोरीबारी, कोदोबारी देखाउँछन् । म धानबारी र फिलुङ्गेका टार देखाउँछु । उनी रतुवा, चाँजु नदी औंल्याउँछन् । म मावा, बक्राहा खोला देखाउँछु ।

हरिया जंगलले सबै चुली भरिएका छन् । उकालो, फेरि तेर्पे, फेरि ओरालो भएर माथि काठे चौतारो भेटिन्छ । त्यहींबाट अन्धा राजाको दरबार औंल्याउँछन् भाइ ।

'अब एक घण्टा लाग्ला !'

चौतारोमा हामी सुस्तायौं ।

निकै थाप्लामा आइपुगेछौं ।

तराईका खोला, फाँट, धानबारी र चारकोसे झाडीलाई तह-तहसँग फुकाएर हेर्छु म । मुख्य-मुख्य बजार र शहरको गन्जागोल दक्षिणतिर फैलिरहेको देख्छु ।

बन्सो, निगालो र बाँसका घारी जताततै छन् । चराका बथान रूखका घाम, छायाँ र हावा चाख्न यता र उता गरेका-गरेकै छन् । स्वतन्त्रतालाई जीवनभरि सपना र विपनामा जोडेर हिँडेका चराका आवाजको नक्कल गर्छन् भाइ ।

कुहुँ... कुहुँ... ।

चिरिर्र... चिरिर्र... ।

काफल पाक्यो... काफल पाक्यो ।

ट क ट क ट क ट क ट . . . टकटकटकटक... ।

चार चराको स्वर उराले भाइले । मेरो मन चङ्गा भयो । नसामा जीवनको उज्यालोले एक पटक हजार इन्द्रेनी सजाएर गयो ।

पूर्व भएर उत्तरतिरको तेर्पोतिर लाग्दा घामले खुबै पोल्यो । मैले मसिना सेता र गुलाबी भूइँफूल टिपेर गालामा दलें । जीवनसँग नाता छ सबैको । नातालाई पर राखेका दिन शरीरले हार्छ । सकेसम्म जित्न दिँदा जीवन अँध्यारोमा बस्नु पर्दैन । मेरो सिको भाइले पनि गरे ।

चौतारीमा रूमाल ग्याङ भेटियो ।

'भाइहरू काँ हिँडेको ?'

'हामी त रमिते नाघेर दलदला पुग्छौं । झर्ना गएर मुख धोएर फर्किने हो ।'

'कति टाढा छ नि ?'

'छ, अझै दुई घण्टा जति ।'

उत्तर दिने अलिक बोलैया थिए ।

एउटै उमेरका सनम लिम्बू, विक्रम राई, विसुराज राई, संगम राई, रोमन बर्देवा, सागर सुब्बाको समूह रहेछ-रूमाल ग्याङ । उनीहरूका घाँटीमा रूमाल थिए । ती सबै पसिना पुछेरै बाटो लाग्दै थिए ।

प्रकृति पूजकहरू यसरी भेट्नु मेरा लागि निकै आल्हादको कुरा थियो । सन्तानलाई आँगन छोड्न नदिने हाम्रो समाजले धेरै रूमाले बनाओस्-उकालो चढिरहेका किशोरहरू हेर्दै आशा गरें मैले ।

जंगलभरि सालका पात सुकिला र पाउलिएका देखिन्थे ।

'दाजु, यो त साल हैन सुन हो ।'

भाइले औंल्याए ।

हुन पनि साल साह्रै बलियो हुन्छ । खडे सय वर्ष र ढले पनि सय वर्ष भन्ने मान्यता छ । सय वर्ष माटो र पानीमुनि गाड्दा पनि नकुहिने विश्वास छ सालको काठलाई ।

चौतारोबाट पाँच पाइला

फटाफट माथि पुगें म ।

'भाइ, मेरो अन्तिम लक्ष्य यत्ति हो । मेरा लागि अन्धाराजाको गुफा यै, दरबार पनि यै ।'

उनी हाँसे ।

त्यहींबाट हामीले फेरि तराईको सुन्दरतामा मस्तले मन फ्याँक्यौं । जहाँ जीवनका धेरै सजिला, उज्याला र फराकिला क्षणहरू बेगवान भएर कुदिरहेका थिए । यो त्यही जंगल थियो- जहाँ जीवनसँग कुनै गुनासो, गनगन र गलफती थिएन । शान्ति, सुन्दरता र सुखको अनमोल घामपानी एक रूखदेखि अर्को रूखसम्म लुकामारी खेलिरहेथ्यो ।

मैले आँखा तानी-तानी हेरें तराईको समथरमा ।

जहाँ मान्छे र प्रकृतिको लडाइँ थियो । खोला र जंगलको लडाइँ थियो । बस्ती र जंगलको लडाइँ थियो । जस्तापाता र टाँडे घरको लडाइँ थियो । झुप्रा र सिमेन्टी भवनको लडाइँ थियो ।

बाटो, बिजुली र सहरको लडाइँमा रूखहरूको द्वन्द्व थियो ।

ओहो, कति धेरै युद्ध ! कति धेरै लडाइँ ! कति धेरै रणभूमिको संसार ! पहाडबाट मधेस हेर्दा अपुरो, अधुरो देखें मैले ।

अनि फर्क्यौं हामी अघिको उकालो, अहिलेको ओरालो ।

जाँदा जस्तो गाह्रो भएन । ओराली त फुत्रुक्क-फुत्रुक्क भइहाल्यो ।

यस्तै डेढ घण्टे संसारमा याक्सो पनि भेटियो, दुम्सीका काँडा देखियो, धमिराको घर देखियो, जुरेलीको अण्डा देखियो ।

पुतली, बारूला, मौरी र बच्छ्युका घार पनि देखिए । चिबे, जुरेली र लाम्पुच्छ्रेका बथान पनि टुप्लुकिए ।

वनसँग गाँसिएको संसारलाई खँदिलो पारामा देख्न पाइयो ।

हामीले भनेका थियौं जाँदाजाँदै, पकाएर राखिदिनुहोला । भान्सा कुरेर बसेकी रैछन् प्रकाश पत्नी सुमित्रा घिमिरे । ऊ बेला राजनीतिको रसमा हेलिंदा पनि मह काढ्न गाह्रो मानेर अहिले यै अन्धाराजा गुफा मुनिको बस्तीमा गृहस्थी हालेर बसेको उनले जीवन-गीत सुसेले हाम्रासामु ।

'मोही कि घिउ ?'

'दाल कि तरकारी ?'

'अचार कि छोप ?'

'जिरे कि अकबरे ?'

थपी-थपी घिमिरेका जोईपोइले हामीलाई नाइटो चर्किन्जेल खुवाए ।

'यो अन्नपातले त केही हुन्न । चुर्ना छन् भने चैं यसले जाती गर्ला !' हिंड्ने बेलामा गुजेत्रोको झुप्पा पनि दिएर बिदा गरेथे घिमिरेले ।

उनको चोखो माया र आदरको

गुन कहिले पो तिर्ने होला मैले- कान्छा भाइ ?' अन्धाराजा गुफा सात तल्ले दरबारको रूपमा छ रे !'

सुनेको उहिल्यैदेखिन् हो ।

'टोड्के, कुसुन्डेको त्यो अक्करिलो तह नै दरबार हो ।'

यो पनि सुनेकै हो ।

'पेरूङे माथिको एकखालको चट्टानी गुफा नै राजदरबार हो ।'

यो त मैले पेरूङे नाघ्दा बटुवाले औल्याएको पनि देखेकै हो ।

यो आदि कथा पछाडिको तथ्य के छ ? कसरी यो एकान्तसँग पूजापाठ, संस्कृति, धर्म वा परम्परा जोडियो ?

थाहा पाएको कुरा मैले यत्ति हो-'महाभारतको युद्धमा कौरवहरूको विनाश भयो । १० भाइ कौरवहरू सबै मारिए । अन्त्यमा त्यो बेलाका हस्तिनापुरका राजा धृतराष्ट्र र रानी गान्धारीलाई लिएर विदुर हिंडे । दाजुभाइको युद्धले सबै मासिने संकेत उनले देखे । नभन्दै राजा र रानीलाई जोगाउन उनी कुनै अज्ञात ठाउँतिर गए । धेरै वर्षसम्म उनी त्रियुगा नदीको जंगलतिरै बसे । पछि लुक्तै विराट् राजाको राजधानीतिर गए ।

पाण्डवहरूले पनि खुबै खोजे राजा-रानीलाई । माटोमा हिंड्दा पाइला पछ्याएर चिन्लान् भन्ने डर भयो । गोडाको छाप पछ्याएर आउलान् भन्ने भएछ । पाण्डवहरू त शक्तिशाली भएथे । महाभारतको युद्धमा पाण्डवका सेनाले विजय भएपछि मार्लान् भनी उनीहरू लुक्तै-लुक्तै खोलाको पानी टेक्तै, टेक्तै गएछन् ।

अघि हिंडेका ढुंगा, माटो र पातलाई पानीले पुछ्दै-पुछ्दै यो गुफामा आएर बसेका थिए रे । पाण्डवहरूले आजसम्म राजा धृतराष्ट्र र रानी गान्धारीको जुठो बारेका छैनन् । किनभने उनीहरू कहाँ बसे, कहिले मरे भन्ने सूचना नै पाण्डवहरूको कानमा पुगेको छैन । वास्तवमा धृतराष्ट्र र गान्धारी यही गुफामा लुकेर बस्दाबस्दै दिवंगत हुन पुगे ।'

इतिहासको एउटा कथाले यस्तो तर्क दिए पनि पुष्ट्याइँको आधार भेट्न सकेको छैन मैले पनि ।

आज धेरै वर्षसम्म पनि अन्धा राजाको कथाले मुखमुखमा मात्र ठाउँ पाएको छ ।

यो ऐतिहासिक दरबार वा संरचनाको तथ्यलाई संरक्षण भएको कुनै दर्बिलो सूचना पाइएको छैन । यो दरबार नै हो भने नयाँ पुस्ताले आफ्नो सांस्कृतिक सम्पदालाई राम्रोसँग जगेर्ना गर्नतिर किन नलाग्ने ?

त्यसो त हिजोका दिनमा यो पनि उपेक्षितै भयो । पञ्चायत कालभरि अन्धाराजा-अन्धीरानी नामैले धेरैको

सातो लान्थ्यो । सम्राट् र साम्राज्ञीलाई विष्णुको अवतार मानिरहेको दुनियाँले आँखा नदेख्ने राजारानीको दरबारको संरक्षणतिर जानु बाघको मुखमा पस्नु बराबर थियो ।

'राजारानीलाई अन्धा भनिसके पछि कसरी बजेट आउँथ्यो त ?'

घिमिरेले भनेको सम्भन्छु ।

यसरी केन्द्रको बजेट नआएपछि अन्धाराजाको गुफालाई लेउले घेऱ्यो, अन्धा राजाको दरबारलाई बर्खाको बाढीले भेल पसाउन सकिरह्यो ।

'पछिल्ला राजनैतिक घामपानीमा धर्मलाई अफिम मान्ने जमात हावी छ यतातिर । अनि उनका आँखामा राजा शब्द बिझाउने नै भो । अनि कसरी संरक्षण हुन्छ त अन्धा राजाको दरबार वा गुफा ?'

यस्ता तर्क पनि नसुनेको होइन मैले ।

तीन-चार राई-राईनीहरू गीत गाएर गइरहेथे गुफा जाने बाटो । मेरो मन तिनका गीतमा रम्न थाल्यो-

चिन्डो नकाटौं कुबिण्डो
को मर्दो लै लै को जिउँदो
सै सै ला .... ।
सलल पानी बहन्छ
जिउ मरे सम्भना रहन्छ
सै सै ला ... ।
बर्खाको पानी रहिगयो
छुट्टिने बेला भइगयो
सै सै ला ..... ।
आरीको धारले रेटौँला
नमरे बाँचे भेटौँला ।
सै सै ला ....... ।

शिखर कटेरीमा बसिरहँदा कञ्चनजंगाको बादल र हावाले हामीलाई घ्वाप्प-घ्वाप्प छोइरहे । मलाई सन्तोष लागिरहेको थियो । कम्तीमा अन्धा राजाको गुफाकै बाटो भएर आएको हावाले हामीलाई छोइरहेथ्यो । इतिहासको मायासँग हाम्रो मन पनि गाँसिन पुगेथ्यो ।

रन्धोज चोकतिर भेट भो आङतेम्बेनीसँग । उनी फटाफट बियर भरिरहेकी थिइन गिलासमा ।

'यसले छिटो छुन्छ, छिटै छोड्छ ।'

उनले भनिन् ।

'जाँडले ढिलो छुन्छ, ढिलै छोड्छ ।' आङतेम्बेनीले सुरूप्प पारेर भनिन् ।

'के गर्नु ? नातिनीले जाँड नखाऊ, बियर खाऊ भन्छ । इज्जत जान्छ रे डबका तान्दा ।'

उनले भनिन् ।

अन्धा राजा गुफाको कथाले मलाई जाँडजस्तै मात लागेछ-ढिलो, अब छोड्ला पो कहिले ?

◆◆

# प्रतिभाशाली वैज्ञानिक जोहन डाल्टन



✍ **राजेशमान के.सी.**

वैज्ञानिक जोहन डाल्टनको जन्म सन् १७६६ को सेप्टेम्बर ६ तारिखका दिन बेलायतको क्वेकर भन्ने शहरमा भएको थियो । उनी घर बुनुवा कपडा बुन्ने एकजना मजदूरका छोरा थिए ।

आफ्ना बाबुबाट प्रारम्भिक शिक्षा हासिल गरेका डाल्टनले १२ वर्षको कलिलो उमेरमै आफू जन्मेको स्थल क्वेकर अवस्थित एक स्कुलमा शिक्षण पेशा शुरू गरेका थिए । शाहस, परिश्रम र लगनबाट कहिल्यै नथाक्ने डाल्टन १५ वर्षको उमेर पनि पूरा हुन नपाउँदै सन् १७८१ मा म्यानचेष्टरको मोस्ली स्ट्रीटस्थित 'न्यू कलेज' नामक एक शिक्षण संस्थामा गणित तथा प्राकृतिक दर्शनशास्त्रको प्राध्यापकका रूपमा सेवा गर्न सफल भएका थिए । यसरी प्राध्यापकका रूपमा सेवा गरेको करिब ६ वर्षपछि सन् १७८७ मा आएर डाल्टनले मौसम विज्ञानसम्बन्धी अध्ययन पनि थालनी गरेका थिए ।

आफ्नो उमेरको ५७ वर्षसम्म अनवरत् रूपमा पृथ्वीको वायुमण्डलीय गतिविधि सम्बन्धमा उनले गहन अध्ययन गरेका थिए । यसरी वायुमण्डलीय गतिविधि अध्ययनका क्रममा उनले वायुमण्डलमा उपस्थित विभिन्न ग्यासीय पदार्थहरूको पनि अध्ययन गरेका थिए, जसबाट उनलाई परमाणु सिद्धान्तको प्रतिपादन गर्न समेत सघाउ पुग्न गएको थियो ।

यसरी परमाणुको संरचना सम्बन्धी सिद्धान्तका प्रतिपादक डाल्टनले सन् १८०३ मा आएर गुणोत्तर अनुपात सम्बन्धी नियमको सूत्रपात पनि गरे । त्यस्तै, ग्यासहरूको अध्ययनबाट उनले आंशिक वा अपूर्ण चापको नियम प्रतिपादन गरेका थिए । उनको प्रतिपादित सिद्धान्त अनुसार ग्यासको मिश्रणको कम चाप प्रत्येक स्वतन्त्र ग्यासको आंशिक चापको जोडसँग बराबर हुन्छ । त्यसो त डाल्टन स्वयं रङ्ग खुट्याउन नसक्ने रोगबाट

पीडित थिए । तर पनि उनले यस सम्बन्धी रोगको गहन अनुसन्धान गरे। स्मरण रहोस्, परमाणुलाई 'एटोम' भनी नामाकरण गर्ने पहिलो वैज्ञानिक पनि डाल्टन नै थिए ।

वैज्ञानिक अत्यन्तै तीक्ष्ण बुद्धिका प्रतिभाशाली व्यक्ति थिए । तर, औपचारिक रूपमा उनले उच्च शिक्षा हासिल गरेका थिएनन् । तर, औपचारिक शिक्षाको अभावमा पनि आफ्नो स्वाध्यायनप्रतिको समर्पण, लगनशीलता, अध्ययन र गहन चिन्तन मननका कारण उनी जलवायु विज्ञानका विशेषज्ञ समेत बन्न पुगेका थिए ।

त्यसो त, डाल्टनले रसायन शास्त्री एवम् भौतिकशास्त्रीका रूपमा पनि विज्ञानको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको विलक्षण प्रतिभा र व्यावहारिक चिन्तनका कारण २७ वर्षको युवावस्थामै अक्सफोर्ड विश्वविद्यालयले उनलाई मानार्थ विद्यावारिधिको उपाधि पनि प्रदान गरेको थियो। त्यति मात्र नभई सन् १८०४ र सन् १८०९ गरी दुई पटकसम्म उनलाई बेलायतको रोयल इन्स्टीच्यूट अफ लण्डनले विशेष प्रवचन दिन प्रमुख स्रोत व्यक्तिका रूपमा समेत निम्त्याएको थियो ।

त्यसै गरी, उनलाई सन् १८२२ मा प्राज्ञिक सदस्यता प्रदान गरी स्वर्ण पदकद्वारा विभूषित पनि गरिएको थियो र सबैभन्दा महत्त्वपूर्ण कुरा उनलाई सन् १८३० मा फ्रेन्च एकेडेमी अफ साइन्सेजले विश्वका आठ महान वैज्ञानिकमध्ये एक प्रमुख वैज्ञानिकका रूपमा समेत विशेष सम्मान गरेको थियो ।

वैज्ञानिक डाल्टन आजीवन अविवाहित नै रहे । उनी आफ्नो वैज्ञानिक अध्ययन-अनुसन्धानमा यति तल्लीन रहन पुगे कि उनले आफ्नै विवाहको सम्बन्धमा पनि सोचन भ्याएनन् । आफ्ना साथीभाइहरूले विवाहको कुरा कोट्याउँदा ठट्टैठट्टामा उनी यस्तो उत्तर दिने गर्थे रे, 'मेरो सिंगो टाउको त्रिभुजहरू, रासायनिक प्रक्रियाहरू र विद्युतीय प्रयोगहरूले भरिएको छ, त्यसैले विवाह सम्बन्धी वकम्फुसे कुरा सुन्ने मलाई फुर्सद नै छैन' ।

डाल्टन सदैव आफूलाई अस्तित्वविहीन खोक्रो मानवको रूपमा लिने गर्दथे । तर यथार्थमा भने उनी अत्यन्त जेहेन्दार र प्रतिभाशाली व्यक्ति थिए । यस्ता प्रतिभाशाली वैज्ञानिकको मृत्यु सन् १८४४ को जुलाई २७ तारिखका दिन बेलायतको म्यानचेष्टरमा भएको थियो ।

♦♦♦

कथा

# शंका



✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

हिजोआज इन्दिरा प्रति बबिताको ईर्ष्या बढिरहेको थियो । बबिताको श्रीमान हरीशले मौका पायो कि प्रायः इन्दिरालाई हेरिरहन्थ्यो, जसका कारण उनी मनमनै इन्दिरासँग ईर्ष्या गर्न थालेकी थिइन् र बोल्न पनि छाडेकी थिइन् ।

हरेक दिन इन्दिरा एकै समयमा कामबाट फर्कने गर्दथिन् । उनको छोराछोरी त्यही खेलिरहेको भेटिन्थे । श्रीमान पुष्करले आज छोराछोरीलाई आमाको घरमा छाडेर काममा गएको होला जस्तो लाग्यो । उनी उठिन् र घरबाट एक फर्लाङ टाढा रहेको आफ्नी आमाको घरतिर लागिन् । त्यहाँ पुग्दा आमा पनि अझै कामबाट फर्केको थिइनन् । उनको घरमा पनि ताल्चा झुण्डिएको थियो । निराश भएर फर्केर घरको अगाडि भुइँमा थचक्क बसेर श्रीमान र छोराछोरीलाई पर्खिरहेकी थिइन्।

उनी सधैं सखारै उठ्छिन् । घरायसी काम सकेर श्रीमान र छोराछोरीका लागि खाना पकाएर काममा जान्थिन् । श्रीमान र छोराछोरी ढिलो उठ्ने गर्थे । बच्चाहरूलाई खुवाएपछि पुष्करले उनीहरूलाई खेल्न छोडेर काममा लाग्थ्यो । दिउँसो फर्कदा छोराछोरी टोलका केटाकेटीसँग खेलिरहेको भेटिन्थे। आज पहिलो पटक इन्दिराले घरको ढोका बन्द भेटिन र छोराछोरीहरू पनि भेटिएनन् । छिमेकीलाई सोधपुछ गर्दा कसैले पनि पुष्कर र बच्चाहरूलाई आज दिनभर नदेखेको भने । पुष्कर बच्चाहरू लिएर बिहानै कतै गएको जस्तो लाग्यो । इन्दिरा दुई घण्टादेखि बाहिर बसिरहेकी थिइन् । उनी रून थालिन् । वरिपरि महिला र बालबालिकाहरूको भिड जम्मा हुन थाल्यो ।

उनको छिमेकी बबिता ईर्ष्याले कुरा गर्दैनथी, तै पनि इन्दिराको अवस्था देखेर बबितालाई पनि दया लाग्यो । उसले घरभित्र आएर केही खाएर आराम गर्न भनी तर इन्दिरा मानिन् । रूँदै पुष्कर र छोराछोरीलाई नदेखेसम्म कतै पनि नजाने र केही पनि नखाने भनिन् ।

बबिताको श्रीमान हरीशले

प्रायः इन्दिरालाई हेरिरहन्थ्यो । हरीश मात्र होइन, इन्दिरा टोलका सबै पुरूषको आकर्षणको केन्द्र थिइन् । उनी धनी परिवारमा काम गर्थिन् । काम गर्न जाने ठाउँका धनी महिलाहरूले खुसी भएर इन्दिरालाई आफ्ना पुराना साडीहरू दिन्थे । इन्दिरा जर्जेट, सिल्क, सिफन, टसर र नायलनका साडी लगाएर बाहिर निस्कँदा टोलका महिलाहरूले ईर्ष्या गर्थे र पुरूषहरू सुस्केरा हाल्न थाल्थे । सबै पुरूषले उसलाई पाउन चाहन्थे, ऊसँग कुरा गर्न लालायित हुन्थे ।

साँझ पर्न थालेको थियो । काममा गएका टोलका पुरूषहरू बिस्तारै कामबाट फर्कन थालेका थिए । उनीहरू सबैले पुष्कर र बच्चाहरूलाई खोज्न थाले । वास्तवमा उनीहरूलाई खोज्नुभन्दा पनि इन्दिराको कृपादृष्टि पाउनमा बढी चाहना थियो । पुष्कर र छोराछोरी कतै भेटिएनन्, सबैले सोचे कि उनीहरू नजिकैको गाउँमा आफ्ना आमाबुबा कहाँ गएको हुन सक्छ । यो सोच्ने बित्तिकै भट्टी पसले रामलाल इन्दिरालाई सहयोग गर्न अगाडि सऱ्यो । त्यस टोलमा सबै पुरूषसँग सवारीसाधनको नाममा पुरानो जीर्ण साइकल मात्रै थियो । रामलाल पैसावाल व्यक्ति थिए जससँग पुरानो एउटा भटभटे मोटरसाईकल थियो । रामलालले अर्का एक युवकलाई पछाडि बसाएर पुष्करलाई खोज्न नजिकैको गाउँ तर्फ लाग्यो ।

आजकल इन्दिराको घरमा रामलाल मात्रै आउने जाने गर्थ्यो । पुष्कर मदिरा पिएर जब उसको पसलमा लड्डिएर बस्थ्यो । ऊ मोटरसाईकलमा बोकेर घरमा पुऱ्याउन आउने गर्थ्यो । हरेक रात यस्तै हुन्थ्यो । पुष्करसँग उसको कुनै आत्मीयता थिएन । पुष्करलाई पुऱ्याउने बहानामा इन्दिराको छेउमा बसेर राती अबेरसम्म कुरा गर्ने मौका मिलाउन उसले यस्तो गर्थ्यो । रक्सीको नशा हटेपछि पुष्कर मध्यरातमा इन्दिरालाई उठाएर खाना माग्थ्यो । एकछिन ढिलो भएमा इन्दिरालाई नराम्ररी पिट्ने गर्थ्यो । रातको समयमा इन्दिराको पीडादायी चित्कार सुनेर पनि छिमेकका मान्छेले के नै गर्न सक्थे र ! लोग्ने–स्वास्नी बिचको कुरा थियो ।

गोधूलि गहिरीन थालेको थियो । रामलाल फर्किसकेको थियो तर अहिलेसम्म पुष्कर र छोराछोरी पनि फर्किएको थिएनन् । ढोकामा ताला लगाएर कहाँ गएको होला ? सबैजना यो रहस्य सुल्झाउन व्यस्त थिए । कसैले घर भित्रबाट बच्चाहरूको मसिनो रूवाइ सुने । सबैको ध्यान त्यतैतिर केन्द्रित भयो । दुईजना बलिया युवाहरूले ढोका खोलिदिए । भित्रको दृश्य हृदयविदारक

थियो । पुष्करको शरीर काठको बलोमा झुण्डिएको अवस्थामा थियो । घाँटीमा इन्दिराको नायलनको साडी बाँधिएको थियो । उसको मृत्यु भइसकेको थियो । छोराछोरीहरू डरले रोइरहेका थिए । यो दृष्य देखेर इन्दिरा भुइँमा लडेर बेहोस भइन् । महिलाहरूले ऊ माथि पानी खन्याए । होसमा आएपछि बच्चाहरूलाई अँगालो हालेर चर्को स्वरले रून थालिन् ।

भिडबाट कसैले प्रहरीलाई खबर गऱ्यो । प्रहरीहरू आएर लगत्तै अनुसन्धान थालेका थिए । पुष्करले मदिरा सेवन गरेर आत्महत्या गरेको जस्तो देखिन्थ्यो । कोठामा भएको एउटै झ्याल पनि भित्रबाट बन्द थियो । पुष्करको नराम्रो बानीले टोलबासी हैरान थिए । सबैले उसैको विरूद्धमा बयान दिए । कसैमाथि पनि शंका थिएन । पुष्करले बाहिरबाट ताला लगाएको र झ्यालबाट भित्र प्रवेश गरेको प्रहरीले निष्कर्ष निकालेको थियो । उसले भित्रबाट झ्याल बन्द गरेर आत्महत्या गरेको हो । उसले बालबालिकालाई मार्ने प्रयास समेत गरेको थियो । भाँडामा बाँकी रहेको दालभातको जाँच गर्दा त्यसमा अफिम मिसाइएको पाइएको थियो । मात्रा थोरै भएकोले बालबालिकाको ज्यान जोगिएको थियो ।

आत्महत्याको कारण कसैले बुझ्न सकेको थिएन । मदिरा दुर्व्यसनीले यस्तो सुनियोजित काम गर्छ भन्ने कुरा प्रहरीले पनि स्वीकार गर्न सकेको थिएन । छोराछोरीले पनि केही भन्न सकेनन् । धेरै दिनको गहन सोधपुछ र अनुसन्धानपछि पनि प्रहरीले कुनै सुराक फेला पार्न सकेको थिएन । सबैको भनाइ उस्तै थियो र मृत्युको कारण पुष्कर तर्फ मात्रै औंल्याइएको थियो । यो गरिब बस्तीमा मदिरा दुर्व्यसनीको मृत्यु भएपछि प्रहरीले पनि त्यति चिन्ता लिनु पर्ने आवश्यकता ठानेन र आत्महत्याको मुद्दा दर्ता गरी फाईल बन्द गरिदियो ।

इन्दिरा सुलोचना म्याडमको घरमा काम गर्थिन् । पुष्करको मृत्युको बारेमा घरका अन्य नोकरहरूबाट थाहा पाएपछि, इन्दिराको घरमा एक्लै बढी आउने गरेको भट्टी पसलका मालिक रामलालमाथि शंका गरिन् । तर उनले यस विषयमा बढी चासो दिनु उचित ठानिनन् । पुष्करको मृत्यु भएको एक महिनापछि रामलालले इन्दिरालाई श्रीमती बनायो । एक दिन इन्दिरा सजिएर नयाँ चुराहरू हातमा बजाउँदै काममा आइन् र सुलोचना म्याडमलाई आफ्नो विवाहको बारेमा जानकारी दिइन् । यो सुनेर सुलोचना म्याडम क्रोधित भइन् र भनिन्, "हे मूर्ख ! तिमी त दैनिक झगडाबाट मुक्त भएकी थियौं ।

आफ्नो श्रीमानको हत्या गर्ने मान्छेसँगै फेरि किन नर्क जानु परेको ?"

अनयासै उनले आफ्नो मनमा लुकेको शंका प्रकट गरिन् । तर शान्त हुँदै इन्दिराले भनिन्, "हामी आफ्नै पुरूषबाट पिटीनु पनि पिटाइ हो र ? जहाँसम्म विवाहको विषय छ, टोलमा सबैको कुदृष्टिहरूबाट बचन मैले एउटाको सहारा लिनु जरूरी थियो । तपाईंलाई के थाहा ? एउटी महिलालाई एक्लै बस्न कति सकस हुन्छ । घरमा लोग्ने नभएपछि टोलका बदमासहरूले राती रक्सी पिएर मेरो ढोका ढक-ढक्याउँथे । राती राम्ररी सुत्न पनि पाईन्नथ्यो ।"

रामलालमाथि लगाएको हत्याको आरोप सुनेर पनि इन्दिराले कुनै प्रतिक्रिया नदिएकोमा सुलोचना म्याडमलाई अलि अनौठो लाग्यो । एक वर्ष बितिसकेको थियो । इन्दिरा गर्भवती भएकी थिइन् । सुत्केरीका लागि अस्पताल जानुअघि उनले घर र बच्चाको हेरचाह गर्न कान्छी बहिनी जमुनालाई बोलाएकी थिइन् । नवजात छोरालाई लिएर अस्पतालबाट घर फर्किदा रामलालले उनको अनुपस्थितिमा बहिनीलाई श्रीमती बनाएको देखेर उनी छक्क परिन् ।

आक्रोशित इन्दिराले जमुनाको कपाल समातेर बाहिर निकालिन् । रामलाललाई त मात्र जमुनाको जवानीको नशाले लट्ठाएको थियो । उसले आफ्नी नयाँ पत्नीको अपमान सहन सकेन । उसले कुनामा भएको लट्ठी उठायो र इन्दिरालाई कुट्न थाल्यो । लट्ठिको प्रहारले हड्डी भित्रसम्म गहिरो चोट पुऱ्यायो । इन्दिरा बेहोस भइन् र लडिन् । खुट्टाबाट बगिरहेको रगतको धारा र रोइरहेको नवजात शिशुलाई देखेर रामलाललाई पश्चाताप भयो । हल्ला सुनेर सबै छिमेकीहरू जम्मा भए । इन्दिरा केही समयअघि जुन अस्पतालबाट फर्किएकी थिइन्, फेरि त्यहीं भर्ना भइन् । रामलालले पूर्ण रूपमा स्वस्थ नहोइञ्जेल इन्दिराको सेवा गरिरह्यो । रामलालले जमुनालाई घरबाट ननिकालेकोले इन्दिरा आफ्नो सेवामा खुसी कम र दुःखी बढी थिइन् । बेसहारा इन्दिराले के गर्थी ? उनले आफ्नो सबै आशा आफ्नो भर्खर जन्मेको छोरामा राखेकी थिई । उनले छोरालाई भारतीय सेनामा लाहुरे बनाउने सोचेकी थिइन् । लडाइँमा मारिएपछि पनि भारत सरकारले उनलाई लाखौं रूपैयाँ दिनेछ र त्यो पैसाले उनी आफ्नी माल्किनीहरू जस्तै आरामको जीवन बाँच्नेछिन् । इन्दिराको अनौठो र क्रूर इच्छा सुनेर सुलोचना म्याडमको आङ सिरिङ् भयो र शरीरका रौं ठाडो भए । नवजात शिशु ठुलो बनाएर उसको मृत्युको कल्पना गर्नु र

यसलाई आफ्नै विलासिताको लागि मृत्युमा धकेल्नु उनलाई धेरै क्रूर लाग्यो ।

केही वर्ष मात्रै बितेको थियो एक दिन रामलालले आफ्नी नयाँ श्रीमती जमुना र हुर्कदो छोरालाई लिएर कतै गयो । इन्दिराको धनी बन्ने सपना अधुरो भयो । दुई पटक विवाह गरेपछि पनि इन्दिरा फेरि एक्लै भइन् । इन्दिराको खुट्टामा लागेको चोट निको भइसकेको थियो तर मन भित्रको पीडा अझै कायमै थियो । लोग्ने र बहिनीले ऊसँग गरेको छलले उनलाई भित्रबाट पनि घाइते बनाएको थियो । एक दिन पानीमा भिजेर इन्दिरा सुलोचना म्याडमको घरमा पुग्दा उनलाई उच्च ज्वरो आएको थियो । बाहिर उभिरहेको चालकलाई आफ्नो साइकल दिएर बडो मुस्किलले बरण्डामा पुग्ने बित्तिकै बेहोस भइन् । होस आएपछि सुलोचना म्याडमले ड्राइभरलाई कारमा लगेर डाक्टरलाई देखाएर औषधी लिएर घर छोड्न भनिन् ।

अगाडिको सिटमा बसेकी इन्दिराको टाउको ड्राइभर रमेशको काँधमा परेको भए पनि उसले हटाएन । इन्दिराको स्पर्शले उसलाई पनि रोमाञ्चित बनाईरहेको थियो । डाक्टरबाट औषधी पाएपछि रमेशले इन्दिरालाई घर पुऱ्याई दियो । आफ्नो भर दिएर उसले घर भित्रसम्म लगिदियो । यसपछि पनि उसको मन मानेन । इन्दिरालाई भेट्न र सक्दो मद्दत गर्न नियमित रूपमा घरमा जान थाल्यो । तीन दिन सम्मको ज्वरोमा रमेश र इन्दिरा निकै नजिक भइसकेका थिए । चौथो दिनमा नै रमेशले इन्दिरालाई विवाहको प्रस्ताव राख्यो । इन्दिराले खुसीसाथ सहमति जनाइन् ।

इन्दिराको पुनर्विवाह सुलोचना म्याडमलाई पटक्कै मन परेको थिएन । उनी आक्रोशित हुँदै कराएर भनिन् "समयले तिमीलाई बारम्बार खराब मानिसबाट मुक्त राख्यो, तैपनि तिमी किन एक्लै शान्तिसँग बस्न सक्दिनौ ? आफ्नी आमासँग बस्दा तिमीलाई के अफ्ठ्यारो हुन्थ्यो ?"

इन्दिराले सहजै भनी "एउटा नारी जातिलाई एक्लै हुँदा कोही सहारा चाहिँदो रहेछ ।"

सुलोचना म्याडमले आफूलाई इन्दिराको समस्याबाट टाढा राख्ने निर्णय गरिन् । एक दिन सुलोचना म्याडमले इन्दिरालाई धोएको कपडाको पोकोलाई साइकलमा राखेर धोबीकोमा आइरन लगाउन लैजान भनिन् । ठूलो पोको भएको कारण साइकलको क्यारियरमा राम्ररी बस्न सकेको थिएन । यो देखेर सुलोचना म्याडमले भनिन् "इन्दिरा, तिमीलाई पोको कसरी

गाँठो पार्ने पनि थाहा छैन । लुगा बाहिर निस्केको छ ।"

"म्याडम चिन्ता नगर्नुहोस् । मलाई गाँठो बाँध्न राम्ररी आउँछ । मैले पुष्करको लागि कस्तो बलियो गाँठो बनाएको थिएँ" अचानक इन्दिराको मुखबाट निस्कियो । इन्दिराको आँखामा चमक देखेर सुलोचना म्याडम डराएकी थिइन् । भित्रभित्रै दबिएको आशंका प्रकट भएर आयो । उनले सोचिन्, 'त्यसोभए मेरो शंका ठिकै थियो । पुष्करले आत्महत्या गरेको थिएन । इन्दिराले नै उसको हत्या गरेको थिइन् ।'

स्तब्ध भएर सुलोचना म्याडम दुबै हातले टाउको समातेर सोफामा थचक्क बसिन् । 'इन्दिरा, हत्यारा हो मलाई थाहा नै भएन ।' यो सोचेर उनी स्तब्ध र निराश भइन् । उनको शरीरमा एक प्रकारको डर दौडियो । अब यति लामो समय पछि कसलाई भन्ने र कसलाई गुनासो गर्ने । अपराधीलाई उसको गल्तीको सजाय हुनुपर्छ । तर उनीसँग कुनै प्रमाण पनि थिएन । शंका मात्रै थियो । उनको गुनासो कसले सुन्ने ? इन्दिरालाई सजाय भए पनि छोराछोरीलाई के होला ? सोच्दा सोच्दै उनको टाउको दुख्न थाल्यो । इन्दिराले अनजानमा आफ्नो अपराध खुलासा गरिन् । सुलोचना म्याडमको मानसपटलमा भएको हलचलबाट अनभिज्ञ इन्दिरा आफ्नो गन्तव्यतिर लागिन् । ♦♦♦

## बुद्धको देश हो यो विश्वमा....



✍ **प्र.स.ह.गोबिन्द राज ओझा**

बुद्धको देश हो यो विश्वमा शान्ति चाहन्छ
सुन्दर भूभागहरू आँखामा घुमिरहन्छ
मलाई प्यारो लाग्छ, मलाई राम्रो लाग्छ
मलाई मेरै देशको माटो प्यारो लाग्छ

सबै मिली जोगाउनु छ यो देशको इतिहास
हामीले लेख्नुपर्छ यो देशको इतिहास
स्वर्ग जस्तै सुन्दर छ बयान गर्छु देशको
जागौं मन मुटुबाट माया गरौं देशको

हामी सबैले देशको सम्मान गर्नुपर्छ
देश रहे हामी रहन्छौं, देशको माया सबैमा हुनुपर्छ
मलाई मेरो देशको झण्डा बोक्न मन लागेको छ
बुद्धको देश हो यो विश्वमा शान्ति चाहन्छ

# संस्कृति परिचय



✍ बद्री प्रसाद ढकाल

संस्कृति के हो ? भन्ने कुरामा धेरैले शोधखोज गरेका छैनन् । संस्कृति के हो ? कसरी निर्माण हुन्छ, यसको प्रकृति के हो ?, संस्कृतिको आधार के हो ? यसले मौलिक पहिचानलाई के कसरी स्थापित गरेको छ जस्ता संस्कृतिसम्बन्धी यावत् कुरालाई बुझाउन र परम्परित प्रक्रियामा आएको संस्कारजन्य संस्कृतिको जीवन्ततालाई जोगाउने हेतुले यो पुस्तक लेखन कार्य गरिएको हो । हाम्रा मौलिक चाडपर्व, रीतिथिती, खानपिन, वेशभूषा, धर्म तथा यसले पारेको प्रभावलाई बुझ्न जरूरी भएकाले नै संस्कृतिका विविध पक्षलाई यस लेखमा समेट्ने प्रयास गरिएको छ । संस्कृति भनेको परम्परित जीवनशैली हो । मानव सभ्यताको विकाससँगै जङ्गली युग, सिकारी युग, कृषि युग र औद्योगिक युग हुँदै मानिसले जीविकोपार्जन गर्ने क्रममा विभिन्न कुरा सिक्दै र भोग्दै आएको छ । फरक फरक युगका सिकाइ, भोगाइ र तत् तत् समयका जीवनशैली या जीवनपद्धतिबाट नै मानव संस्कृतिको विकास भएको हो । त्यही परापूर्वकालदेखि मानिंदै आएको चालचलन नै संस्कृतिको रूपमा विकसित हुँदै आएको हो । सामान्यतः मानिसको जीवनशैली, रीतिथिती, परम्परा, वेशभूषा, खानपान, चाडपर्व आस्था, विश्वास, नाचगान, धर्मकर्म, सिपकला, कथा–गाथा आदिलाई मात्र संस्कृतिको रूपमा बुझ्ने गरिन्छ । कुनै पनि जाति, वर्ग र समुदायले परापूर्व कालदेखि नै अनवरत रूपमा अवलम्बन गर्दै आएको, अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रूपलाई नै संस्कृति मानिन्छ ।

संस्कृति संस्कारबाट विकसित भएको मौलिक जीवन पद्धति हो, मौलिक पहिचान हो । यो जातजाति, क्षेत्र, वर्ग तथा समुदाय अनुसार भिन्नभिन्न हुन्छ । संस्कृतिकै कारणले समाजको आफ्नो मौलिक परिचय स्थापित भएको हुन्छ । कुनै निश्चित भूभागमा बस्ने निश्चित पहिचानयुक्त जातिको साहित्य कला,

आचारविचार, व्यवहार वा तिनका यावत् क्रियाकलापलाई नै संस्कृतिको समग्रता मानिन्छ । संस्कृतिभित्र दैनिक क्रियाकलाप, चालचलन, वेशभूषा, भाषा, प्रथा, विश्वास, प्रवृत्ति तथा विभिन्न अवसरमा मनाइने चाडपर्व पर्दछन् । ती प्रकृति, प्रवृत्ति, वातावरण र निरन्तरताको अवस्थाको परिणति पनि हुन ।

संस्कृतिको बारेमा जान्नुपर्दा अहिले विश्वमा चलनमा रहेको संस्कृति- मूर्त संस्कृति (भौतिक) र अमूर्त (अभौतिक) गरी दुई प्रकारका छन् । मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरू (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेलमैदान, आदि मानव निर्मित वस्तुहरू पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरू (देख्न र छुन नसकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सिप, कला, खानपान, नाचगान, हासखेल, जात्रा/उत्सव, गीत-सङ्गीत, माया-प्रिती, रोदन-क्रन्दन, ज्ञान, विवेक, रूचि, स्वभाव आदि अमूर्त वा अभौतिक वस्तुहरू पर्दछन् ।

विश्वका मानव समुदायका हरेक जाति, वर्गले आ-आफ्नो तरिकाले जीवनयापन गरेका हुन्छन् । तिनीहरूले आफ्ना पूर्वजका विभिन्न क्रियाकलापलाई परम्पराका रूपमा अनुसरण गर्ने भएकोले सोही अनुरूपको संस्कृति निर्माण भएको हुन्छ । त्यसैले संसारमा विभिन्न प्रकारको संस्कृतिको जन्म, विकास र प्रचलन हुन पुगेको हो । त्यसैले ती सबै संस्कृतिहरूलाई अलग-अलग ढङ्गले चिन्ने र बुझ्ने गरिन्छ । धर्मको आधारमा किराती संस्कृति, बौद्ध संस्कृति, हिन्दु संस्कृति, इस्लाम संस्कृति आदि प्रचलनमा रहेका छन् भने जातको आधारमा थकाली संस्कृति, राई संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, क्षेत्री संस्कृति, बाहुन संस्कृति, थारू संस्कृति आदि पर्दछन् । यसरी नै देशअनुसारको, भूगोल अनुसारको जस्तै : नेपाली संस्कृति, भारतीय संस्कृति, जर्मनी संस्कृति, पूर्वीय संस्कृति, पाश्चात्य संस्कृति आदि ।

यसरी मानिसद्वारा निर्मित संस्कृतिको अनेक रूप र प्रकार हुने गर्दछन् । संस्कृति मानिसको पहिचान हो । अन्य पशुपंक्षी, जीवजन्तुहरू भन्दा मानिस पृथक हुनको प्रमुख कारण संस्कृति नै हो । यहाँ संस्कृतिको परिचय, अर्थ तथा परिभाषा, संस्कृतिको निर्माण, संस्कृतिको विशेषता, संस्कृतिको वर्गीकरण आदि विषयमा चर्चा गरिएको छ ।

संस्कृति भनेको के हो ? र यसको अर्थ के हो भनेर खोज्ने हो भने 'संस्कृति' को शाब्दिक अर्थ परिष्कार, परिमार्जन, शुद्ध, व्यवस्थित, सुधारिएको, सुसंस्कृत भन्ने बुझिन्छ । अङ्ग्रेजीमा संस्कृतिलाई (Culture) भनिन्छ । यो

ल्याटिन भाषाको 'Cultura' बाट आएको हो र यसको अर्थ पनि मानिसको सभ्यता वा परिष्कार भन्ने नै लाग्दछ । तर वर्तमान समयमा र आजको सन्दर्भमा भने संस्कृतिको अर्थ परिष्कार, शुद्ध भन्दा पनि यसलाई सामाजिकताको रूपमा बुझ्नुपर्ने देखिन्छ ।

संस्कृति मानवद्वारा निर्मित मानिसकै आन्तरिक विश्वास तथा आस्था हो । हरेक व्यक्तिमा आफ्नो संस्कृतिको अमिट छाप परेको हुन्छ । जतिसुकै, अवैज्ञानिक, असुन्दर वा अनुपयोगी भए पनि मानिसलाई आफ्नो संस्कृति प्यारो लाग्दछ । त्यसैले संस्कृतिलाई एक्कासी परिवर्तन गर्न वा छाड्न मानिसलाई कठिन हुन्छ । त्यसैले संस्कृतिको अर्थ परिष्कार, उन्नत, सुधारिएको, शुद्ध, पवित्र नभई आस्था एवम् विश्वासमूलक जीवन पद्धति वा शैलीको अर्थमा बुझिनु उपयुक्त हुन्छ । तर, संस्कृति समय, आवश्यकता र परिस्थितिअनुसार निरन्तर रूपमा परिष्कृत, परिवर्तन भइरहने शैली हो, व्यवहार हो ।

संस्कृति के हो ? भन्ने सवालमा विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ-आफ्नै ढंगले परिभाषित गरेका छन् । ती विभिन्न परिभाषाहरूमध्ये मुख्य केही परिभाषाहरू निम्न अनुसारका छन् :

संस्कृति शब्दका पूर्वीय र पाश्चात्य चिन्तन परम्परामा ऐतिहासिक र सामाजिक परिप्रेक्ष्यमा आ-आफ्नै अवधारणाहरू रहेका छन् । संस्कृति शब्दले सामान्य अर्थमा रीतिरिवाज, चालचलन, धर्म, चाडपर्व संस्कार आदिलाई बुझाए पनि यो यतिमा मात्र सीमित छैन । संस्कृतिको व्यापक आयामभित्र मानव जीवनका व्यवहारसित सम्बद्ध सबै पक्षहरू समेटिएका हुन्छन् । संस्कृति आफैंमा अमूर्त र अनेकौं विषयसँग सम्बन्धित छ जसलाई यही नै संस्कृति हो भनेर परिभाषित गर्न जटिल छ । संस्कृतिले आफ्नै किसिमको वैचारिक, दार्शनिक र सांस्कृतिक दृष्टिकोणहरूको विकास गरेको छ । यसले ज्ञानानुशासनका सबै विधाहरूबाट आवश्यक विषय र धारणाहरूलाई ग्रहण गर्दै आफ्नो निजी स्वरूपको निर्माण गरेको छ ।

संस्कृति शब्दलाई अङ्ग्रेजीमा (Culture) कल्चर भनिन्छ । ल्याटिन भाषाको कल्चराबाट व्युत्पन्न भएको कल्चर शब्दको प्रारम्भिक अर्थ पनि परिष्कृत तुल्याउनु हो । संस्कृतिसम्बन्धी पूर्वीय र पश्चिमी दुवै व्युत्पत्तिगत दृष्टिकोणमा एक किसिमको समानता पाइन्छ । दुवै शब्दको अर्थ राम्रो बनाउनु हो । संस्कृतिको अर्थ सभ्यीकरण हो । प्रकृतिबाट अलगिएर मानवीय हुनु संस्कृति हो (गौतम, २०६८:४४३) ।

प्रकृतिका जड वस्तु, वनस्पति र अन्य जीवबाट भिन्न अस्तित्व प्राप्त गरेर मानवीय बन्नु संस्कृति हो । प्राकृतिक गुण र स्वभावमा आउने परिष्कार, परिमार्जित गुणहरूको अभिव्यक्ति संस्कृति हो र यो संस्कारको परिणाम हो । व्यक्तिलाई एउटा सामाजिक प्राणी बनाउनमा जति पनि तत्त्वहरूको योगदान रहन्छ ती सबै तत्त्वहरूको व्यवस्था नै संस्कृति हो । शाब्दिक रूपमा संस्कृतिले मनुष्य समाजको परिष्कारलाई बुझाउँछ ।

संस्कृतिको अवधारणालाई सङ्कुचित अर्थमा चाडबाड, नाचगान, रीतिरिवाज आदिको रूपमा बुझिन्छ । संस्कृतिलाई केही चाडबाड र संस्कारमा सीमित गर्नु र मनोरञ्जनका साधनका रूपमा नाचगान र अभिनयमा मात्र न्यूनीकरण गर्न खोज्नु संस्कृतिको सङ्कुचित अर्थ हो तर वर्तमान समयमा संस्कृतिले व्यापक क्षेत्र ओगटेको छ ।

संस्कृतिको विकासका निश्चित आधारहरू हुन्छन् । संस्कृति शून्यमा जन्मिदैन र विकसित पनि हुँदैन । मार्क्सवादी दृष्टिमा संस्कृति श्रम र समूहसँग जोडिएर आउँछ । मानव जातिले भौतिक र आत्मिक श्रमबाट सिर्जना गरेका सबै मूल्यवान् वस्तुहरू संस्कृतिभित्र पर्दछन् (चापागाई, २०६७:१) । कला, ज्ञान विज्ञान, धार्मिक सांस्कारिक मान्यता, राजनीति, दर्शन, नैतिकता, सामाजिक चेतना, विचार, भौतिक संरचना, व्यावहारिक जीवनमा प्रयोग हुने औजार, वस्तु आदिको समग्रता संस्कृतिमा रहेको हुन्छ । त्यसैले संस्कृति कतै मूर्त र कतै अमूर्त रूपमा देखा परे पनि मूलतः यो भौतिक र अभौतिक तत्त्वहरूको एकीकृत स्वरूप हो । भौतिक संस्कृतिअन्तर्गत उत्पादनका औजार, प्रविधि मानव निर्मित दैनिक प्रयोग र उपभोगका सामग्री आदि आउँछन् भने अभौतिक अर्थात आत्मिक संस्कृतिभित्र विचार चेतना, दर्शन, नैतिकता, मूल्य, आचरण, रीतिरिवाज, आस्था, प्रथा, प्रचलन, कला, विज्ञान, आदि पर्दछन् (चैतन्य, २०६४ : १२३) । भौतिक र आत्मिक सबै प्रकारका तत्त्वहरू संस्कृतिमा समाविष्ट हुने भएकाले संस्कृतिलाई सीमाबद्ध गर्न सकिँदैन । तर पनि संस्कृतिको अस्तित्व समाजमा मात्र रहन्छ र यो समाजभित्र कै शिक्षा र अनुभव प्रत्येक आविष्कार संस्कृतिका अङ्ग बन्न पुग्दछन् । मानिसले जे जति पनि ज्ञात अज्ञात रूपबाट समाजमा सिक्दछ, त्यो सबै संस्कृतिमा सम्मिलित हुन्छ (सिन्हा, २०६४:१७) । यसर्थ संस्कृति मानिसले समाजबाट सिक्ने वा प्राप्त गर्ने व्यवहारका रूपमा रहेको हुन्छ । संस्कृति र मानिस एक अर्काका निर्माता हुन् र संस्कृतिले

मानिसलाई परिष्कार गर्दछ । वस्तुतः संस्कृति मानिसद्वारा निर्मित दोस्रो प्रकृति हो जसभित्र आत्मिक र भौतिक संस्कृतिका सबै पक्षहरू पर्दछन् ।

यसरी विशुद्ध मार्क्सवादी कोणबाट हेर्ने हो भन्ने मार्क्सवादले संस्कृतिलाई समाजको राजनीतिक र अर्थ व्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन मानेको छ । अर्थात उत्पादन पद्धति र उत्पादन सम्बन्धद्वारा निर्मित आर्थिक आधारको उपरी संरचनामा हुने विचारधारात्मक प्रतिबिम्बन संस्कृति हो । संस्कृति जैविक वा प्राकृतिक हुंदैन । यो मानव निर्मित हुन्छ । प्रकृति र संस्कृति बीचको भेद यसैलाई मानिन्छ । संस्कृति भनेको मानव निर्मित प्रकृति हो । समाजका सदस्यले आफ्नै भौतिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यद्वारा अभिप्रेरित भई प्रकृतिसँग सङ्घर्ष र अन्तरक्रिया गर्ने प्रक्रियाका बीचबाट संस्कृति जन्मन्छ । त्यसैले यसलाई मार्क्सवादीहरूले मानवद्वारा निर्मित भौतिक र आत्मिक मूल्यहरूको समष्टिका रूपमा अर्थ्याएका छन् । यी दुईमध्ये आत्मिक संस्कृतिको आधार जग नै भौतिक संस्कृति नै हो । भौतिक संस्कृतिलाई आधार मान्दै आत्मिक संस्कृतिको निर्माण भएको हुन्छ भने आत्मिक संस्कृतिले भौतिक संस्कृतिलाई पनि प्रभाव पारेकै हुन्छ । परस्पर यी अन्तर सम्बन्धित हुन्छन् । यसरी के देखिन्छ भने संस्कृति भनेको सबैथोक हो । संस्कृतिभन्दा बाहिर केही छ जस्तो हुँदैन । त्यसो हो भने सबै कुराको अध्ययन सांस्कृतिक अध्ययन हो भन्ने निष्कर्ष पनि निस्कन लागेको देखिन्छ । तर विशिष्ट रूपमा भने त्यो होइन । संस्कृतिभित्र धेरै कुरा आउँछन् । यद्यपि सबै अध्ययन सांस्कृतिक अध्ययनका विषय भने होइनन् । यसका आफ्ना निजत्व र वैशिष्ट्यहरू छन् । सङ्कुचित अर्थमा संस्कृति भन्नाले कला साहित्य, नृत्य, सङ्गीत कुराहरू पर्न आउँछन् । तर त्यति मात्र संस्कृति नभएर व्यापक रूपमा सामाजिक परिवर्तन र रूपान्तरणसँगै संस्कृतिका सन्दर्भ र अर्थहरू पनि व्यापक बन्दै गएका छन् । यसले आज आएर सामाजिक जीवनका समग्र मानवीय क्रियाकलापलाई समेटेको छ । त्यसैले यसको क्षेत्र विस्तृत र व्यापक छ र यो मूलतः पाश्चात्य चिन्तनको उत्तर संस्कृतिगत अवधारणासँग सम्बन्धित छ ।

यसरी संस्कृतिसम्बन्धी विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ–आफ्ना विचारहरू व्यक्त गरेका पाइन्छन् । यिनैलाई आधार मानेर हेर्दा यी विभिन्न परिभाषाहरूको सार भने संस्कृति भनेको मानिसद्वारा निर्मित मानिसले नै

अवलम्बन गर्ने समग्र जीवनशैली वा क्रियाकलाप हो । मानिसले जीविकोपार्जन गर्ने क्रममा आवश्यकता र आनन्द परिपूर्ति गर्नका निम्ति गरिने विभिन्न प्रकारका क्रियाकलापहरू जुन निरन्तर रूपमा प्रयोग र परीक्षण गर्ने क्रममा मानिसको जीवनशैली वा जीवन पद्धति बन्न पुग्दछ, त्यही निरन्तरताको समष्टि रूप नै वास्तवमा संस्कृति हो । यसरी हेर्दा के देखिन्छ भने संस्कृति भनेको मानिसले जीवनयापनका क्रममा परम्परागत रूपमा अनि अनवरत रूपमा अपनाउँदै आएको जीवनशैली वा पद्धति नै संस्कृति हो जुन मानिसको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । संस्कृति शब्दको निर्माण संस्कृत शब्दमा 'इ' प्रत्यय लागेर निर्माण भएको । मानव संस्कार र सभ्यताको निकट रहेको संस्कृतिको अर्थगत भाव शुद्ध वा परिष्कार हुन्छ । शुद्ध आचरणबाट मानव जातिको स्वभाव, आचरण तथा बानी व्यवहारलाई परिष्कृत र समुन्नत बनाउनु नै संस्कारजन्य कुराको समग्रतामा संस्कृति भन्ने बुझिन्छ । मानिसलाई समाजमा शुद्ध आचरणसँग रहन, बस्न र असल व्यवहार गर्न सिकाउने अथवा सामाजिक प्राणी बन्नका लागि जुन तत्त्वले योगदान दिन्छन । ती संस्कृति निर्माणका आधारभूत तत्त्व हुन् । मानव जीवनलाई अन्य जैविक स्तरहरूबाट यसको अन्तर्निहित तर्कसंगत विशेषताको आधारमा छुट्याउन सकिन्छ । मानव जीवनको पौराणिक स्तरको रचनात्मकतालाई तार्किक गुणसँग जोड्न सम्भव भएको छैन । तर यस चरणमा पनि यो स्वीकार गर्न सकिँदैन कि मानिसको पौराणिक दिमाग केवल अपरिपक्व भ्रमको अवस्था हो । जसरी हामीले भाषालाई तर्कसहितको रूप वा तर्कको स्रोतसहितको रूपका रूपमा लिन्छौं, त्यो पूर्णतया सत्य होइन । यो सम्पूर्णको एक भागको बयान मात्र हो । जसरी तार्किक र वैज्ञानिक भाषासँगै कवितालाई कल्पनाको भाषा मानिएको छ, त्यसैगरी वैचारिक भाषासँगै भावनात्मक भाषा पनि छ ।

यस दृष्टिकोणबाट, पौराणिक स्तरमा मानिससँग अनुभव र संवेदना व्यक्त गर्न भाषाको एक कृत्रिम रूप थियो । अन्य संसारका प्राणीहरूको अलगावलाई पनि यहाँ लक्षित गर्न सकिन्छ । पौराणिक स्तरमा, यो स्पष्ट छैन कि मानव स्वरूप उसको मानसिक स्तरमा बनेको छ, जसले उसको परिवेशको अनुभवलाई सही अर्थ र सन्दर्भ दिन्छ । तर मिथकलाई विचार गर्ने चिन्तकहरूले स्वीकार गरेका छन् कि मानसिक प्रक्रियाको यो स्तर न त सन्दर्भ बाहिर छ न अर्थहीन छ । मालिनोस्की भन्छन्, प्रत्येक मिथकको केन्द्र वा अन्तिम सत्यको रूपमा प्राकृतिक परिदृश्य वा एकल

कथामा विस्तृत रूपमा बुनेको जाल हुन्छ, कहिलेकाहीं यसलाई पूर्ण रूपमा लुकाएर वा मेटाइन्छ । यो पनि कामहरू देख्न सकिन्छ । हामीले संस्कृति एक वंशबाट अर्को वंशमा सरेको पाउँछौं । जीवन र मृत्युको प्रक्रियामा त्यो समाजमा व्यक्तिको परिवर्तन अवश्य हुन्छ । जब कुनै वंशको मृत्यु हुन्छ, तब अर्को व्यक्तिले स्वीकार गरेको व्यवहार, रीतिरिवाज र व्यवहारले मात्र समाजलाई सांस्कृतिक परम्परासँग जोड्छ । त्यसैले समाजभन्दा संस्कृति फराकिलो हुन्छ । यो प्रष्ट रूपमा बुझ्न सकिन्छ कि सामाजिक निरन्तरता गैर-मानव जीवनको विपरीत, मानिसले आफ्नो अनुभवबाट सिक्छ, आफ्नो व्यवहारबाट परिस्थितिलाई अनुकूल बनाउँछ र मालिनोस्कीले संस्कृतिको प्रक्रियालाई निश्चित शक्ति र प्रभावले निर्दिष्ट गरेको मान्छ र यस सम्बन्धमा आदानप्रदानको बारेमा छलफल गर्दा संस्कृतिहरू विलय हुँदा, तिनीहरूको अन्तरक्रिया न त सहज न आकस्मिक नै मानिन्छ । वास्तवमा, संस्कृति प्रदान गर्ने निश्चित शक्ति र प्रभावद्वारा निर्धारण गरिएको हुन्छ भन्न सकिन्छ ।

स्पेन्सर, टाई र डर्कहेम जस्ता विचारकहरूले मानव सामाजिक स्तरलाई परजीवीशास्त्रीय र पारस्परिक रूपमा प्रस्तुत गरे । यो स्तर यस जीवनमा निहित मानिन्छ । क्रोबरले संस्कृतिलाई उच्च स्तरको चेतनाको स्वतन्त्र रूपको रूपमा परिभाषित गरेका छन् ।

समग्रमा संस्कृति मानव सभ्यताको विकाससँगै मानव चेतनाद्वारा निर्मित जीवनशैलीको प्रकटीकरण रूप हो । यो परम्पराबाट निर्माण हुँदै अघि बढेको हुन्छ । समयको परिवर्तनसँगै संस्कृतिका विभिन्न चरण देखिन्छन् । समयसँगै परिवर्तन हुँदै जाने संस्कृतिले मानव विकास र यसको गतिलाई प्रतिबिम्बन गरेको हुन्छ । मानव सभ्यताको विकासक्रमसँगै मानिसको निरन्तरको कार्य चेतनाको विकास अथक साधना तथा प्रयत्नद्वारा संस्कृतिको विकासका साथसाथै रूपान्तरण भएको छ । मानव चेतना र त्यसको उपयोगद्वारा मानिसले निर्माण गरेको मानसिक, वैचारिक, व्यवहारिक तथा परम्परागत धारणा नै संस्कृतिको मूल रूप हो, संस्कृतिको आधार हो । यस अर्थमा संस्कृतिले मानव जातिको सामाजिक रीतिरिवाज, आचरण, संस्कार, चाडपर्व, सामाजिक अवस्था, वेशभूषा, प्रथा, सामाजिक मान्यता, चेतना, दृष्टिकोणलगायत सबै विषयको प्रतिनिधित्व गर्दछ । जसद्वारा आजको वैज्ञानिक आविष्कार निर्माण भइ प्रविधियुक्त समाज बन्न सक्षम भएको छ । ♦♦♦

कथा

# फूर्वाको आँसु



✍ अधिवक्ता प्रेमराज सिलवाल

फूर्वाका आँखाबाट आँसु बर्सिरहेका थिए । फूर्वालाई जतासतै अन्धकार भएको अनुभूति भएको थियो । उसको आँसु एकोहोरो झरिरहेको थियो । बर्खाको मूल फुटेजस्तै आँखाबाट आँसु फुटेको थियो ।

'कान्छा ! ए, कान्छा !'

फूर्वा झल्यास्स ब्यूझे जस्तै भएर बोलेको थियो ।

'हजूर मैसाप !'

आएँ मैसाप भन्दै हतार हतार कम्पाउण्डबाट पत्रिका च्यापेर फूर्वा किचेनमा पुग्छ । मैसाप पत्रिकामा आएका फोटा हेर्छिन् । भूकम्पको समाचार हेर्छिन् ।

'ए ! ल ! धरहरा पनि ढलेछ ।'

'बसन्तपुर दरबार पनि ढलेछ ।'

'चाँगुनाराण मन्दिर पनि लडेछ ।'

मान्छेहरू कोलाहल गरिरहेका थिए । शहरमा भागदौड मच्चिएको थियो । निर्मला जीन्दगीभर लोग्नेले कोरियाबाट कमाएको पैसाबाट बनाएको चार तल्लाको घरका पिलर लर्केकोमा चिन्तित थिइन् । छिमेकी महेन्द्रको घर भने केही भएको थिएन ।

केही वर्ष अघिसम्म अर्काको पर्यटन कम्पनीमा काम गर्ने महेन्द्रले नोकरी छोडेर आफैले एउटा टिकटको काउन्टर खोलेको चार वर्षमै शहरको धनी भएको थियो । महेन्द्रको स्वास्नी रमिलाको सान नै भिन्दै थियो ।

निर्मला मलाई त हप्तै पिच्छे फाइभ स्टारमा गएर वाइन खाने लत नै बस्न थाल्यो । रमिलाले भनिन्- 'छोरीलाई नर्सिङ पढाएको छु । अर्को वर्ष अमेरिका पठाउँछु ।'

निर्मलाको पसिनाको कमाईको घर भूकम्पले धक्का लगाएपछि पार्टीको बास भएको छ । राहतको चामलको भात । राहतको चाउचाउ ।

ढुक्क हुन विज्ञले भनेको पत्यार नलागेर महलकी धनी बनेकी रमिला पनि पालको बासमा बस्न थालेकी थिइन् । यो हामीले हालेको

पाल हो । श्रीकृष्ण भन्दै थियो –'सुत्केरी र बुढाबुढी भए एउटा कुना दिने हो नत्र आउट ।'

निर्मला छोरी च्यापेर पालको एक छेउ मागिरहेकी थिई । अमला, मिश्री पनि पालको आशमा बसेका थिए ।

हावा हुरी चलिरहेको थियो । आकाश कालो भएको थियो । मेघ गर्जेकोले निर्मलाको मुटु कापिरहेको थियो । 'रमिला तिम्रो छोरा श्रीकृष्णलाई भनिदेउ न, हामी पनि तिम्रो पालमा आजको रात बास बस्न पाउँ ।' 'भोलि देखि उतै पाटीमै काठका बक्सा ओच्छाएर सुतौंला ।'

'हेर निर्मला अरू सहयोग गर्न सकिन्छ । भूकम्पका बेला पालको बास दिन सकिन्न । हाम्रो ग्यास सेट राख्नुपर्‍यो । बिछ्यौनाहरू । छोराको ल्यापटपमा काम हुन्छ । त्यसैले पाल दिन सकिन्न ।'

पालको जोहो गर्न नसकेकिले निर्मलाले भिजेर रात कटाउनु परेको थियो । टसक्क बस्ने ठाउँ बल्ल तल्ल पाएकी थिई । हातमा छोरी भएकीले रातभर हात गलाएर छोरी बोक्दै उज्यालो कुरेकी थिई ।

ऊ ! फेरि भूकम्प आयो ।

'हो हो । भागौं ।'

पालभित्रैबाट कसैले भनेको थियो । मध्यरातमा मान्छेहरू जर्‍याक जुरूक्क उठेका थिए । फुङ्ग चुरोटको धूँवाले पालभित्रको बस्ती नै ठसठसी गनाएको थियो । लाउरेनी दिदीले मासु–चिउरा खाएकी थिइन । भरतका दाजुभाइले दालमोट र चिउरा खाएर रात कटाएका थिए ।

प्रियंकाका दाजु बहिनीले लाहुरेनी दिदीले दिएको बचेखुचेको कोरकार भात मासुको लेदोसँग मिठो मानेर खाएका थिए । खाने, चुठ्ने, फ्याँक्ने सबै एकैठाउँमा भएकाले पालबस्ती एकैरातमा बाग्मती मुनीको बस्ती जस्तै फोहोर बनेको थियो । कुन धनी कुन गरिब ! पालमुनी एक प्रकारको कल्पनाको साम्यवाद जस्तो अवस्था देखिन्थ्यो । सबै समान ।

देउमान बसेको घर चर्केकोले पालमुनी कोठाका सबै सामान सारेको थियो ।

'हर्षमान दाइ तपाईंको घरमा कोठा खाली छ ?'

'कोठा कहाँ हुनु ! कोठा खोज्नेको ताँती छ ।'

'अब काठमाडौंमा कोठा पाउनु र लोकसेवा पास गरेर जागिर खान पाउनु उस्तै भएको छ । भूषणले भने– 'बरू आफ्नै जिल्ला रौतहट जानु पर्छ जस्तो छ ।' स्कुल कलेज पनि छैनन् । कोठा पनि छैन् । कति दिन बस्नु

चौरको साझा पालमा ? के खाएर रात बिताउनु ?'

'ठिक हो भूषण दाई म पनि जान्छु इलाम ।' रातमाटे बारीमा अम्रिसो रोप्छु । अलैंची लगाएर खान्छु । काठमाडौं हामीलाई फापेन ।'

मोबाइलमा कुरा गर्दै रातको समय काट्दै गर्न मन थियो ।

मुनाले भनि-'उफ ! यो नेटवर्क । न फेसबुक चल्छ ! मेरी बास्सै कसरी काट्ने हो यो रात ।'

धमिलो-धमिलो निन्द्रामा परेका श्रीकृष्णलाई 'ल आयो आयो' भन्ने आवाजले फेरि मथिङ्गल हल्लाएकाले जुरूक्क उठ्न पुगेको थियो ।

'खै त ? के आयो ?'

'आएको थियो ! घररर आएर फेरि गयो ।'

मैसाबलाई पनि पालमुनी निन्द्रा लागेको थिएन । फूर्वा भने निदाएको थियो । फूर्वाले जिन्दगीमा पहिलो पटक भूईंचालोको अनुभव गरेको थियो ।

'मैसाब भूकम्पले ल उठ्नै नसक्ने गरी हल्लाउने रहेछ । म कौसीमा लुगा धोएर बसेको थिएँ । बाटामा समाएर बसेको थिएँ । कहिले बाटा भित्र । कहिले बाटा बाहिर भएको थियो । साबुनको गाजले मुख ख्वाप्पै भिजेको थियो ।' उसले आफ्नो अनुभव सुनाएको थियो ।

'ल ल मोरा !'

'तल बैठकका आएर मलाई बोलाउनु पर्दैन थियो । धन्न म सिरियल हेर्दाहेर्दैको टि.भी. पल्टेकोले मात्र थाहा पाउन सकें नत्र म पनि बाहिर निस्कन सक्ने थिइन । 'हेर' भूईंचालो आएको बेला मालिकलाई बचाएर मात्र आफू भाग्न खोज्नु बुझिस्....।'

फूर्वाले मुन्टो हल्लायो ।

'हवस्'

'उता साहेबले त्यतिबेला नै मन्त्रालयबाट फोन गरी सुरक्षाका लागि मलाई पुलिस पठाइबक्सेको थियो । बाबुको ट्युशन पढ्ने ठाउँमा पनि पुलिसकै गाडी पठाएर लिन पठाउन भ्याउनु भएको थियो ।' 'पल्लो घरको पर्खाल ढलेछ, कसो गाडीको सिसामा लागेन ।'

'साहेबले राहत बाँड्ने रे । तँ पाँचै बजे गएर लाइनमा बस्नु बुझिस् ।'

फूर्वाले भन्यो-'हवस् मैसाब ।'

लाइन लामो भइसकेको थियो । फूर्वा फुत्त लाइनमा गएर बसेको थियो ।

भाइको नाम के हो ?

सुरक्षामा खटिएको पुलिसले भन्यो-'तँ राहतको भारी बोक्न सक्छस् ?'

नाम- 'फूर्वापिम्वो तामाङ ।'

बस्ने-'काठमाडौंको गोंगबु ।'

घर सिन्धुपाल्चोक भन्न

लागिसकेको थियो । मैसाबले सिकाए अनुसार नै भन्नु पर्छ भन्ने सम्झ्यो फूर्वाले ।

'हजुर आपतमा छु ।'

'घर भत्कियो ।'

'खाने सामान छैन् ।'

पुलिसले विवरण टिप्यो ।

राहतमा सही छाप गरेपछि फूर्वाले सामानमा हेर्‍यो ।

चाउचाउको बक्सा दुई ।

नून चार पोका । पाल थान एक । साबुन चार । टुथपेष्ट चार थान ।

सामान बोकेर फूर्वा गयो घर । अर्थात मालिक्निको घर । मालिक सरकारी मन्त्रालयको सह-सचिव ।

हाकिमको हातबाट राहत बुझेपछि सो राहत मालिक्निको भान्सामा लगेर राख्यो फूर्वाले ।

'ल्याइस कान्छा ।'

'हजुर मै साप ।'

'कता राख्ने हजुर ?'

'चाउचाउ स्टोरमा राख्नु ।'

'टुथपेष्ट र साबुन ट्वाइलेटमा राख् ।'

फूर्वाले भन्यो-'मैसाब पाल कता राख्ने ?'

'पालले तल गाडी छोपेर आइज ।' अनि पत्रिका पनि ल्याएको होला लिएर आइज कान्छा ।'

फूर्वा हवस् भन्दै गाडी छोप्न गएको थियो ।

फूर्वाले गाडी छोपिनसक्दै पत्रिकावालाले पत्रिका ल्याएर कम्पाउण्डमा फालेर गयो ।

कुकुर घुक्दै थियो । आकाश धुम्म थियो । बिहानै पानी पर्ला जस्तो भएको थियो ।

फूर्वाले पत्रिका टिप्यो ।

हातमा पत्रिका लिएर फूर्वाले पहिलो पेजको तस्बिर हेर्‍यो ।

भूकम्पले घरबार विहीन सिन्धुपाल्चोकका मान्छेहरूको ठूलो तस्बिर पत्रिकाले पहिलो पृष्ठमा छापेको थियो ।

पत्रिकाले आफ्नो क्याप्सनमा लेखेको थियो- 'एक जोडी बुढाबुढी आफ्नो भत्केको घरमुनी बारीमा केराको पातले आफ्नो आङ छोपेर पानीबाट बच्न खोज्दै ।'

फूर्वा तस्बिर हेर्दाहेर्दै थचक्क बसेको थियो । उसको आँखाबाट तररर आँसु बर्सेका थिए ।

दसैँमा घर गएर भेटौंला भनेर मनमा साँचेका उसका आफ्नै आमाबाबुको फोटो पत्रिकाले त्यहाँ छापेको थियो । फूर्वा भक्कानियो । आँसु थामिएन । उसले सोच्यो यो पाल भएको भए मेरा बाबुआमालाई केराको पात ओड्नु पर्ने थिएन । ◆◆

# सहकारिताको विकासमा नेतृत्वको महत्त्व-एक चर्चा



✍ गम्भीर बहादुर हाडा

नेतृत्व बिना समग्र संगठनको उद्देश्य हासिल गर्न विभिन्न कार्यहरू, विभिन्न तहगत लक्ष्यहरू र विभिन्न व्यक्तिगत लक्ष्यबीच समन्वय ल्याउन सकिदैन । त्यसैले संस्थालाई सही मार्गतर्फ डोऱ्याउन पनि नेतृत्वको महत्त्वपूर्ण भूमिका रहन्छ । नेतृत्व प्रभावकारी हुन जरूरी छ । यदि नेतृत्व गतिहीन तथा असक्षम भयो भने संस्थालाई मार्गदर्शन दिन सक्दैन । नेतृत्व लिने व्यक्तिमा अरूलाई प्रभाव पार्न सक्ने र समग्र संस्थालाई सफलताको मार्गमा डोऱ्याउन सक्ने विशिष्ट खुबी हुन जरूरी छ । त्यसैले व्यवस्थापक एक कुशल नेता हुनु अनिवार्य छ । 'नेतृत्व' शब्दलाई स्पष्ट रूपमा सजिलै परिभाषित गर्न सकिँदैन । यो अनुयायीहरूलाई प्रोत्साहित गर्ने, स्वेच्छाले कार्य गर्ने, विश्वास जगाउने तथा निष्ठावान बनाउने गुण हो । नेतृत्वलाई सञ्चारद्वारा अपेक्षित लक्ष्यहरू हासिल गर्न अन्य व्यक्तिहरूको (अनुयायीहरूका) क्रियाकलापहरूलाई प्रभावित गर्ने क्षमताको रूपमा परिभाषित गर्न सकिन्छ । यसले अनुयायीहरूमा लक्ष्य प्राप्तिका लागि मनैदेखि इच्छा जगाउँछ । यस परिभाषाले कोही पनि व्यक्ति अनुयायीहरूको अभावमा नेता (Leader) बन्न सक्दैन भन्ने संकेत गर्दछ । नेतृत्वको प्रमुख उद्देश्य नै महत्त्वपूर्ण लक्ष्य हासिल गर्न प्रभावित गर्नु हो ।

नेतृत्व भन्नाले सामूहिक उद्देश्य प्राप्तिको लागि परिस्थितिअनुसार अनुयायीहरूलाई प्रभावित गर्न सक्ने क्षमता वा गुणलाई जनाउँछ । व्यवस्थापकले मातहतका कर्मचारीहरूमा आत्मविश्वास र काम गर्ने भावना जगाउन सक्नुपर्दछ । उसले सङ्गठनात्मक लक्ष्यतर्फ मानिसको प्रयास लगाउन निर्देशित गर्दछ, उत्प्रेरित उत्साहित गर्दछ । एउटा नेता व्यवस्थापक हुन वा नहुन पनि सक्दछ तर व्यवस्थापक नेता हुनै पर्दछ । अर्को शब्दमा, व्यवस्थापक

आफ्ना मातहतका कर्मचारीहरू वा समूहलाई उत्साहित एवं नेतृत्व गर्नमा सक्षम हुनुपर्दछ । नेतृत्व व्यवस्थापनको अत्यन्तै महत्त्वपूर्ण कार्य हो । कुशल नेतृत्व बिना संगठनको व्यवस्थापन अपुरो र अधुरो हुन्छ । नेतृत्व भनेको खास उद्देश्य पूर्तिका लागि आफ्नो मातहतमा रहेका व्यक्तिहरूलाई उत्साहपूवर्क कार्य गर्न प्रभावित गर्ने प्रक्रिया हो । संगठनमा नेतृत्व भन्नाले संगठनात्मक लक्ष्य र उद्देश्य प्राप्तिका लागि आफू अधीनस्थ कामदार तथा कर्मचारीलाई निर्देशन दिने तथा उनीहरूलाई प्रभावित पार्ने कार्य भन्ने बुझिन्छ । नेतृत्वसँगै नेता र अनुयायीको सुरूवात हुन्छ । नेता भन्नाले संगठनमा अधिकार प्राप्त व्यक्ति हो । जसले नीति -नियमअनुसार निर्देशन दिने अधिकार प्राप्त गरेको हुन्छ । अनुयायी भन्नाले नेताले दिएको निर्देशनअनुरूप कार्य गर्ने व्यक्ति हुन् ।

सहकारी शब्दले सामान्य अर्थमा सहकार्य (सह+कार्य) अर्थात मिलेर काम गर्ने भन्ने जनाउँदछ । अर्को अर्थमा समान उद्देश्य, पेशा, व्यवसाय र वर्गका मानिसहरू सँगसँगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकास गर्न गरिने कार्यलाई बुझाउँदछ । सहकारीका बारेमा समाजशास्त्री एवं अर्थशास्त्रीहरूको परिभाषालाई समेटेर अन्तर्राष्ट्रिय सहकारी महासंघले बेलायतको मेनचेष्टरमा सन् १९९५ को सेप्टेम्बर महिनामा भएको महासभाबाट सहकारीको परिभाषा यसरी गरेको छ "सहकारी त्यस्ता व्यक्तिहरूको स्वायत्त संगठन हो जो स्वेच्छिक रूपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकांक्षाहरूको परिपूर्ति संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसाय मार्फत गर्न चाहन्छन्"। सहकारीलाई आर्थिक संगठनको त्यस्तो रूपमा लिन सकिन्छ, जुन निश्चित सिद्धान्त, मूल्य, मान्यता, घनिष्टता एवं पारस्परिकतामा आधारित हुन्छ र आफ्ना सदस्यहरूको साझा इच्छा र चाहनाको परिपूर्तिका लागि प्रयत्नरत रहन्छ । विद्यमान आर्थिक तथा सामाजिक परिवेश अनुकूल सहकारीको प्रयोग गर्ने गरिएकोले विभिन्न आर्थिक तथा सामाजिक परिस्थितिले सहकारिताको परिभाषामा समेत विभिन्नता ल्याउन सक्ने भए तापनि यसका विश्वव्यापी सिद्धान्त, मूल्य र मान्यतालाई भने उत्तिकै रूपमा अंगीकार गरिँदै आएको पाइन्छ ।

सहकारिता त्यो संगठन हो, जसद्वारा दुई वा दुई भन्दा बढी मानिस स्वेच्छाले मिलेर समान स्तरमा आर्थिक हितको सम्बर्द्धन गर्छन् । यो सामान्य आर्थिक उद्देश्यका पूर्तिको लागि समानता, इमान्दारी र सहयोगको आधारमा संगठित

गरिएको व्यक्तिहरूको एक ऐच्छिक संघ हो । सहकारिताको सिद्धान्त अनुसार गरिब र साधनहीन मानिस पारस्परिक रूपले मिलेर व्यापारिक सहयोगद्वारा धनी र साधन सम्पन्न मानिसहरूलाई उपलब्ध हुने भौतिक लाभ र सुख प्राप्त गरी आफ्नो नैतिक विकास गर्दछन् । समानताका आधारमा स्वेच्छा र पारस्परिक रूपले संगठित व्यक्तिहरूको सामूहिक संस्थालाई सहकारी संगठन भन्न सकिन्छ जसमा सबै सदस्यहरू आर्थिक र सामाजिक उद्देश्य पूर्तिका लागि सम्मिलित हुन्छन् । यस्तो संगठनको उद्देश्य नाफा कमाउनु नभई संगठनभित्रका सदस्यहरूका लागि सेवा भावनाले कार्य गरी सहयोग गर्नु हुन्छ । सामूहिक हितको लागि पारस्परिक सहयोग गर्न तथा स्वावलम्बी हुन धेरै व्यक्तिहरू मिली व्यवसाय गर्ने माध्यम नै सहकारिता हो भन्न सकिन्छ । त्यस्तै सहकारिता मानिसहरूको सामाजिक तथा आर्थिक उत्थान र व्यवसाय गर्ने एउटा उपाय हो ।

सहकारी संगठन आपसी सहयोग सद्भाव तथा समझदारीमा सञ्चालन हुन्छ । सहकारी संगठनको जन्मदाताको श्रेय बेलायतका रोवर्ट ओवेन (Rober own) लाई जान्छ । उनले सन् १८४४ मा सर्वप्रथम "Rochadale Society of Equitable Poineer" नामक एक उपभोक्ता सहकारी समाजको स्थापना गरे । यसको लगत्तै इटाली, फ्रान्स, जर्मनी आदि देशहरूमा पनि सहकारी संगठनहरू खुल्न गए । क्रमशः सहकारी संगठनको लोकप्रियता यी देशहरूमा मात्र सीमित नरही विश्वव्यापी रूपमा फैलियो । भारतमा सन् १९०४ मा सहकारी साख समाज ऐन बने पछि सहकारी संगठनहरू खुल्न थाले । नेपालमा वि.सं. २०१६ सालमा सहकारी संस्था ऐन बने पछि मात्र सहकारी संगठनहरू स्थापना हुन थाले । सहकारी संगठन आर्थिक स्थिति कमजोर भएका व्यक्तिहरूद्वारा सञ्चालन गरिने व्यावसायीक प्रतिष्ठान हो । यस्तो प्रतिष्ठानमा जो कोही पनि इच्छानुसार स्वतन्त्र रूपले प्रवेश गर्न सक्छन् र इच्छा अनुसार स्वतन्त्र रूपले प्रतिष्ठान त्याग्न पनि सक्छन् । सहकारी संगठन पारस्परिक सहायता प्रत्येक सबैका लागि र सबै प्रत्येकका लाग अर्थात "Each for all and all for each" सिद्धान्तमा आधारित हुन्छ । त्यसैले आपसी सहयोग, बन्धुत्व तथा एकता नै यसको मूल आधार हो । सहकारीमा मुनाफा गौण हुन्छ । सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु यसको मुख्य उद्देश्य हो । (१) स्वेच्छाचारी सङ्गठन (२) खुल्ला सदस्यता (३) सेवा भावना (४) मताधिकार (५) प्रजातान्त्रिक व्यवस्थापन (६) कानूनी

अस्तित्व (७) लाभको वितरण (८) नगद कारोबार (९) पारस्परिक सहायता (१०) सरकारी नियन्त्रण (११) मितव्ययिता र कार्यकुशलता (१२) अन्तर सहकारी सम्बन्ध (१३) सेवा भावना (१४) ग्रामीण सेवामूलक (१५) स्वावलम्बनमा आधारित ।

ग्रामीण सहकारी सङ्गठनहरू यस प्रकारका छन्:- (१) सहकारी ऋण समाज (२) सहकारी कृषि समाज (३) सहकारी गृह निर्माण समाज (४) सहकारी बजारीकरण समाज (५) बहुउद्देश्यीय सहकारी समाज (६) उपभोक्ता सहकारी समाज (७) विविध सहकारी समाज ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट मुलुकको आर्थिक विकास गर्न नेपालको अन्तरिम संविधान, २०६३ ले नीति अवलम्बन गरेबाट राज्यले सहकारी क्षेत्रलाई राष्ट्रिय विकासको अभिन्न अंगको रूपमा स्वीकार गरेको छ । मुलुकमा सहकारीको विकास-विस्तार र प्रबर्द्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मको संगठनात्मक स्वरूप निर्माण भइसकेको छ । सहकारी एउटा आर्थिक, सामाजिक प्रणाली भएकोले यसको माध्यमबाट नागरिकहरूसँग रहेको सीमित साधन स्रोतको परिचालन गरी उनीहरूको आवश्यकता पूर्ति गर्न सकिन्छ ।

सहकारी संस्थाको माध्यमबाट ग्रामीण किसान समुदायलाई विभिन्न पेशा व्यवसायमा आबद्ध गर्न सकेमा उनीहरूको चेतनाको स्तरमा समेत अभिवृद्धि हुन जान्छ । मानिसमा सामाजिक, सांस्कृतिक, धार्मिक एवं राजनैतिक चेतनामा क्रमशः अभिवृद्धि हुँदै जाँदा उनीहरूको सोच र व्यवहारमा समेत परिपक्वता (maturity) आउने हुँदा यसबाट राष्ट्रको भावी स्वरूप र संरचनामा दूरगामी सकारात्मक परिवर्तनको अपेक्षा राख्न सकिन्छ । जनचेतनामा निरन्तर अभिवृद्धिले आर्थिक विकासमा समेत अभिवृद्धि गर्दछ । नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने आम जनताको मुख्य पेशा कृषि नै हो । आफ्नो जीविकोपार्जन तथा अग्रगामी विकासको निम्ति उनीहरूले कृषि पेशामै भर पर्नुपर्ने हुन्छ । कतिपय ग्रामीण क्षेत्रमा यस पेशाबाट न त बाह्रै महिना रोजगारी प्राप्त हुन्छ न त यसको उपजबाट बाह्रै महिना खान नै पुग्दछ । अन्य रोजगारीबाट जीविकोपार्जनका लागि या त उनीहरूले शहरी रोजगारी खोज्नु पर्ने हुन्छ या त वैदेशिक रोजगारीका लागि संघर्ष गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा कृषिमा आधारित र विदेशिनु पर्ने बाध्यता भएका जनतालाई विविध सहकारी संस्थामा आबद्ध गराई बेरोजगारी कम गराउन यस सहकारी आन्दोलनले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

अनुयायीहरू नभईकन कोही पनि व्यक्ति नेता बन्न सक्दैन । एक नेताले अनुयायीहरूबाट अख्तियार प्राप्त

गर्दछ जसले उसलाई नेताको रूपमा स्वीकार छन् । त्यसैले अनुयायी बिना नेतृत्वको कल्पना पनि गर्न सकिदैन । नेतृत्वमा नेता, अनुयायीहरू र परिस्थितिको घनिष्ठ सम्बन्ध हुन्छ । अनुयायीहरू बिनाको नेतृत्व हुन सक्दैन । असल नेताले समूहका सदस्यहरूलाई प्रभावित गर्ने, उनीहरूको विश्वास जित्ने, अनुयायीहरूको व्यवहार, सोचाइ र विश्वासमा प्रभाव पार्न सक्नुपर्दछ । अनुयायीहरूले नेताको इच्छा बुझ्ने र उसको सुझाव, पथप्रदर्शन स्वीकार गर्ने हुनुपर्दछ । नेतृत्व भनेको अनुयायीहरूको व्यवहार तथा प्रयासहरूलाई प्रभाव पार्ने क्षमता हो । जब कर्मचारीहरूले निर्देशनहरूलाई उत्साहपूर्वक स्वेच्छाले पालना गर्दछन् भने उनीहरूलाई निर्देशन दिने व्यक्तिले प्रभाव पारेको मान्न सकिन्छ । जी.आर.टेरीका शब्दहरूमा– "साझा उद्देश्यहरू स्वेच्छापूर्वक हासिल गर्न मानिसहरूलाई प्रभाव पार्ने क्रियाकलाप नै नेतृत्व हो ।" नेता र अनुयायीहरूका एउटै वा साझा उद्देश्यहरू हुनुपर्दछ । नेतृत्वद्वारा साझा उद्देश्यहरू हासिल गर्न अनुयायीहरूको व्यवहारलाई मार्गदर्शन तथा निर्देशित गर्दछ । यसको लागि नेताले अनुयायीहरूलाई एकत्रित गरी उत्प्रेरित गर्दछ । नेतृत्वको अर्को विशेषता हो नेता र अनुयायीहरूको एउटै वा समान उद्देश्य हुनु । सामूहिक उद्देश्य प्राप्तिको लागि नेताले नेतृत्व गर्दछ भने अनुयायीहरू पछि लाग्दछन् । तर मूलभूत उद्देश्य स्पष्ट रूपले परिभाषित गरिएको हुनुपर्दछ ।

नेतृत्वअन्तर्गत नेता र अनुयायीहरूबीच अख्तियारको असमान वितरण हुन्छ । नेताले अनुयायीहरूलाई निर्देशन गर्दछ भने अनुयायीहरूले नेताको निर्देशनको पालना गर्दछन् । तर अनुयायीहरूले नेताको क्रियाकलापलाई निर्देशित गर्न सक्दैन । नेतृत्व एक निरन्तर चलिरहने प्रक्रिया हो जसमा नेता र अनुयायीहरूबीच नियमित सञ्चार आवश्यक हुन्छ । नेतृत्व भनेको निर्धारित लक्ष्यहरू हासिल गर्न अनुयायीहरूलाई निरन्तर रूपमा निर्देशित गर्ने, मार्गदर्शन गर्ने र प्रभाव पार्ने प्रक्रिया हो । नेतृत्व सदैव खास परिस्थितिसँग सम्बन्धित हुन्छ । कुनै विशिष्ट नेतृत्व शैली कुनै परिस्थितिमा सफल हुन्छ भने अर्को परिस्थितिमा असफल पनि हुन सक्छ । त्यसैले नेताले परिस्थिति अनुकूल उपयुक्त नेतृत्व अपनाउनुपर्दछ । विभिन्न परिस्थितिमा अनुयायीहरूले नेताको तानाशाही व्यवहार पनि स्वीकार गर्दछन् भने अर्को परिस्थितिमा सहभागिता नेतृत्व शैली मात्रै प्रभावकारी हुन सक्दछ । नेतृत्वको अर्को विशेषता हो कार्य सम्बन्ध स्पष्ट हुनु । नेता र अनुयायीहरूले सङ्गठनमा गर्नुपर्ने काम र त्यसको सम्बन्ध स्पष्ट हुनुपर्दछ । उनीहरूको

एउटै उद्देश्य हुनाले सो हासिल गर्नको लागि नेता र अनुयायीहरू– बीचको कार्यगत सम्बन्ध निश्चित गर्नुपर्दछ । नेताले आफ्नो कार्यसम्पादन गर्नुको साथै अनुयायीहरूलाई सुम्पेको कार्य गर्नमा उनीहरूलाई उत्साहित र आकर्षित गर्दछ । समूहबाट नेतृत्व लिनको लागि नेताको आचरण, व्यवहार, योग्यता उदाहरणीय हुनुपर्दछ । आफ्ना अनुयायीहरूबाट विश्वास प्राप्त गर्न उसले अनुकरणीय आचरण, विशेष क्षमता र दक्षताको प्रदर्शन गर्न सक्नुपर्दछ । उसको आचरणबाट अनुयायीहरूले सिक्ने, प्रोत्साहित हुने र प्रभावित हुने स्थितिको सिर्जना हुन सकोस् ।

आन्तरिक सुशासन र जोखिम व्यवस्थापनको अभावले धेरै वित्तीय सहकारीहरू समस्याग्रस्त बनेका छन् । केही अघि नेपाल सरकारले पूर्व न्यायाधिश गौरीबहादुर कार्कीको संयोजकत्वमा सहकारी समस्याका क्षेत्रमा अध्ययन गर्न गठन गरेको कार्यदलले १३० सहकारी समस्याग्रस्त भइसकेको प्रतिवेदन साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयमा प्रस्तुत गरेको थियो । ओरिएन्टल, सिभिल जस्ता अर्बौं कारोबार गर्ने सहकारीहरू समस्याग्रस्त बनेका छन् । संघीय संरचनाअनुरूप सहकारी स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण गरेपछि वित्तीय सहकारीको नियमन तथा प्रशासनको क्षमता, बुझाई र सूचना व्यवस्थापनको स्तर निकै कमजोर देखिएको छ । परिणामतः दिन प्रतिदिन वित्तीय जोखिम बढ्दै गएको छ । बिस्तारै सहकारी व्यवसाय के हो र के चाहिँ होइन भन्ने स्थिति पनि देखिने सम्भावना छ ।

सहकारीहरू स्वनियमनका सामाजिक अभियान हुन् तर यिनीहरू स्वनियमित छैनन् । यस अवस्थामा नियामक निकायको प्रभावकारी अनुगमन आवश्यक हुन्छ तर अहिले अनुगमन दायित्व तथा क्षमतामा पनि प्रश्न देखिएको छ । संविधानले तहगत सरकारलाई सहकारी व्यवस्थापनको कार्यक्षेत्र तोकेको छ तर यो स्पष्ट छैन । साझा कानून तर्जुमा गरेर कार्यक्षेत्रमा रहेको द्विविधाहरूलाई स्पष्ट पारिएको छैन । वित्तीय सहकारीहरू निरन्तर सुपरिवेक्षणमा रहँदा मात्र त्यहाँ भित्रका मानवीय तथा अन्य कमजोरी र जोखिम सुधार गर्न सकिन्छ । तर सुपरिवेक्षण कसले र कसरी गर्ने भन्ने अस्पष्टता संरचनाहरूमा छ । सहकारी व्यवस्थापनको सबैभन्दा ठूलो आधार सूचना व्यवस्थापन हो । सूचना व्यवस्थापन नभएकाले भनिएको समयमा चाहिएको (Real time accurate) जानकारी कसरी पाउने भन्ने प्रश्न नियामक निकाय र नीति निर्मातामा छ । साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्थापना गरेको कोपोमिस

सफ्टवेयर तहगत सरकारले स्वामित्वमा लिन र सञ्चालनमा ल्याउन सकेका छैनन् । साकोसहरूको निर्धारित ढाँचामा अनिवार्य मासिक प्रतिवेदन लिने र सोको आधारमा अनुगमन तथा जोखिम विश्लेषण गर्ने काम भएको छैन । वित्तीय सहकारीको सुशासनको संयन्त्रमा रहेका सञ्चालक समितिको प्रभावकारिता एकदमै न्यून छ । साथै स्वार्थ बाझिने कार्यमा पनि सञ्चालकहरू संलग्न भएका छन् । आन्तरिक नियन्त्रण र सन्तुलनको महत्त्वपूर्ण संयन्त्र लेखा सुपरिवेक्षण समितिले भूमिका नै देखाएका छैनन् । अधिकांश संस्थामा समितिको उपस्थिति औपचारिक छ । संस्थाहरूमा सदस्य केन्द्रियता कायम भएन, शेयरको फाइदाको सोचको हावी छ, कार्यसूचीमाथि नियन्त्रणको चाख पनि भएन, क्षमतामा पनि प्रश्न छ ।

सञ्चालक समितिका सदस्य र व्यवस्थापक जस्ता पदाधिकारीहरूमा सदाचारिता र मूल्य निष्ठाको प्रश्न पनि गम्भीर रूपमा देखिँदै आएको छ । शहर बजारका ठूला साकोसमा यो समस्या गहन छ । विषयगत संघले पनि संस्थाको हैसियतमा कारोबार गरेका छन् । कानूनले जिल्ला बचत संघ तथा नेपस्कून जस्ता संघलाई कारोबार गर्न दिएको छ । यस अवस्थामा संस्थाहरूको व्यवस्थापन सहजीकरण, स्तरीकरण प्रतिस्पर्धाबीच सन्तुलन कायम गर्ने समस्या आउने सम्भावना नरहला भन्न सकिन्न । सदस्य मूल्य र वित्तीय सुरक्षाको स्थिति कमजोर छ । समुदायको संस्था भएर समुदायको व्यवसाय गर्न सकेन, सहकारी भावनामा ह्रास आइरहेको छ । सिद्धान्तमा नरहने संस्थाहरू संक्रमणको फाइदा पनि लिइरहेका छन् । दोहोरो सदस्य बन्न नपाउने, सञ्चालकहरू कार्यकारी सदस्य बन्न नपाउने कानूनमा भएका प्रावधानहरू कार्यान्वयनमा आइसकेका छैनन् । कानूनमा भएका प्रावधान कानून संशोधन नभएसम्म उच्च संकल्पमा अनुपालन गर्नु सहकारीको आदर्श नै हो ।

सहकारीको विद्यमान क्षेत्रगत नीति, कानून र संरचनाहरूमा समयसापेक्ष परिमार्जन गर्ने, सहकारी शिक्षा तथा व्यवस्थापनसम्बन्धी तालिमलाई विद्यालयको कोर्षमा समावेश गर्ने, सहकारीसम्बन्धी प्रवर्द्धनात्मक सामग्रीहरूको प्रकाशन र प्रशारणको व्यवस्था गरी जनचेतना बढाउने, सहकारी संस्थाहरूको वर्गीकरणलाई वस्तुगत बनाउने, सहकारीलाई प्रोत्साहनमूलक सुविधा र सहयोग दिई प्रबर्द्धन गर्ने, स्वरोजगार मूलक विशेष कार्यक्रमहरूमा कृषि तथा ग्रामीण क्षेत्रका उत्पादन, वितरण तथा सेवामूलक सहकारीहरूलाई प्राथमिकता दिने, सहकारीहरूको व्यवस्थापन भरपर्दो बनाउन मापदण्डहरूको निर्माण गरी सहकारी लेखा तथा लेखापरीक्षणलाई

थप व्यवस्थित बनाउने, सहकारी संघ संस्थाहरूको नियमित रूपमा अनुगमन र नियमन गर्ने सहकारी विभाग र अन्तर्गतका कार्यालयहरू सबै देश र स्थानीय तहलाई प्रभावकारी बनाउनु पर्ने, विषय र भौगोलिक निकटताका आधारमा एक सदस्य र एक सहकारीको नीति प्रभावकारी रूपमा लागू गर्ने, सहकारी बैंकको स्थापना तथा विस्तार गर्ने, सहकारी क्षेत्रको विकासका लागि दीर्घकालीन योजना तर्जुमा गर्ने, सहकारीलाई राजनैतिक छायाबाट मुक्त गर्ने, सहकारीको व्यवस्थापनमा राष्ट्र बैंकको भूमिका स्थापित गर्नुपर्ने, सहकारीहरूमा कारोबार सीमा निर्धारण हुनुपर्ने कुनै कुनै सहकारीले वाणिज्य बैंकको स्तरको कारोबार गर्ने गरेका, सहकारी कार्यालयहरूको संस्थागत पहुँच विस्तार गरी सहकारी संगठन स्थापना जनताको घर दैलोबाटै प्रेरित हुनुपर्दछ । सहकारी संगठनको स्थापनालाई बेलगाम छोड्नु भन्दा यसलाई आवश्यकताको आधारमा स्थापना गर्दै लैजानु पर्दछ, सहकारीहरूमा हुने गरेको संस्थागत सुशासनको अवस्थालाई सुदृढ गर्दै लैजानु पर्दछ ।

वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा नेतृत्व तथा सहकारी विकास कार्यक्रम अन्तर्गत निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास र आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणस्तरीय एवम् दिगो विकास सोच राखिएको छ भने लोकतान्त्रिक मूल्य मान्यतामा आधारित शासन सञ्चालन, व्यवस्थापन र सर्वाङ्गीण विकासलाई प्रभावकारी रूपमा अगाडि बढाउन सक्षम एव कुशल नेतृत्वको विकास गर्ने, स्वावलम्बन तथा पारस्परिकताको आधारमा उत्पादनमुखी, दिगो सहकारीको विकास गर्ने लक्ष्य राखिएको छ । त्यस्तै मुलुकको सर्वाङ्गीण विकास र सुशासनका लागि, राजनैतिक, प्रशासनिक, व्यवसायिक लगायत सबै क्षेत्रमा सक्षम तथा कुशल नेतृत्वको विकास गर्नु, विभिन्न तहको नेतृत्वबीचको अन्तरसम्बन्धलाई प्रगाढ बनाउँदै सहभागितात्मक नेतृत्वशैली विकास गर्नु, सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागी गराउनु, सहकारी मूल्य र सिद्धान्तका अनुसरण तथा पारस्पिारिकता र स्वावलम्बनको संस्कार विकास र अनुशासन कायम गर्नु, सहकारी संघ संस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउनु ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्य पनि राखिएको पाइन्छ ।

निर्णय प्रक्रियामा मातहतका कर्मचारीहरू सहभागी गराउने हुनाले उत्तम निर्णय गर्ने सम्भावना हुन्छ ।

यसमा कर्मचारीहरूको राय सुझावलाई दृष्टिगत गरी निर्णय गरिने हुनाले कर्मचारीहरू बढी सन्तुष्ट हुन्छन् । साथै उनीहरूमा बढी उत्प्रेरित हुन्छन् र उनीहरूको मनोबल उच्च हुन्छ । निर्णय प्रक्रियामा कर्मचारीहरूको सहभागिता हुने हुनाले यसले समूहको सहयोगात्मक भावना विकास गर्दछ र परिवर्तन प्रतिको विरोधमा कमी गर्दछ । यसले उनीहरूका गुनासाहरूमा कमी गर्दछ । कर्मचारीहरूले मन लगाएर योजना कार्यान्वयन गर्ने हुनाले उनीहरूको उत्पादकत्वमा वृद्धि गर्दछ । निर्माण प्रक्रियामा कर्मचारीहरूसँग छलफल गरिने हुनाले उनीहरूले आफ्नो क्षमताको पूर्ण सदुपयोग गर्ने अवसर प्राप्त गर्दछन् र उनीहरूको निर्णय लिने क्षमतामा वृद्धि गर्दछ । मातहतका कर्मचारीहरूसँग विचार विर्मश गरी निर्णय गरिने हुनाले यसमा बढी समय लाग्दछ । यसले समस्या समाधान गर्न र निर्णय लिने कार्यमा नेताको अदक्षता र असक्षमता झल्काउँदछ । तल्लो तहको कर्मचारीहरूले संगठनको जटिल प्रकृति बुझ्न नसक्ने हुनाले उनीहरूको सहभागिता प्रभावकारी नहुन सक्दछ । यसलाई कार्यभार र जिम्मेवारी पन्छाउने उपायको रूपमा प्रयोग गर्न सक्दछ । स्थानीय निकायका लागि स्थानीय नेतृत्वले क्षेत्र र केन्द्रबीच स्थानीय र क्षेत्रीय तहका लागि नीति निर्माण, योजना तर्जुमा र आयोजना सञ्चालनका लागि समन्वयको कार्य गर्दछ । स्थानीय नेतृत्व स्थानीय शासनमा सहभागी भएको नाताले सुशासनको अवधारणालाई स्थानीय तहबाट सफल रूपमा कार्यरूप दिन मद्दत पुर्‍याउँछ । ♦

## गजल



✍ **प्र.स.ह. टीकाराम दुलाल**

बाँझो जमिनलाई चोट दिए पछि पो उर्वर बन्छ
दुःख कष्टका अनुभवले नै जिन्दगीको चर बन्छ ।

मजबुत हुन्छ पीडाका सुनामीहरूले पिरोल्दैनन्
अभावका अनुभूति भित्र पनि खुसीको प्रहर बन्छ ।

उड्ने रहर त कसलाई हुँदैन र कठै पखेटा पलाएपछि !
जमिनका दुलामा मात्रै किन ? रूखमा पनि घर बन्छ ।

कार्य प्रकृति फरक-फरक भए पछि तुलना नगर्नु
जीवनशैली नमिल्दा पनि आफ्नै भोजन जहर बन्छ ।

आफैंले परेर सिकेको ज्ञान पुस्तकमा पढेर पाइँदैन
त्यसैले यहाँ कुनै ढुङ्गा मूर्ति र कुनै ढुङ्गा पत्थर बन्छ ।

नियात्रा

# रमणीय रुडु बन्चु !



✍प्र.ना.उ. जयश्वर रिमाल

नयाँ वर्ष २०८० को पहिलो बिहानी । साल शून्य भए पनि मन भने शून्य भएन । गतिशीलता नै मानव जीवनको सार्थकता ठान्ने भएर होला सदा झैं त्यस दिनलाई पनि गतिशील बनाउन चाहें । कालीकोटकै सुन्दर भू-भाग चिलखायाले मेरो आँखा यस अघि नै तानेको थियो । रहर पुगुन्जेल हेर्ने चाहना अतृप्त नै थियो । महेन्द्रजीले गरेको रूडु बन्चुको सुन्दरताको बयानले थप उत्सुकता थप्यो । अनि बिछ्यौनामै बन्यो, चिलखाया देखि रूडु, बन्चु हुँदै त्रिवेणीसम्म पुग्ने योजना !

फटाफट एउटा टोली तयार भयो । योजना बिनै तय गरिएको यात्रा भएकोले अन्य निकायका साथीहरूलाई सहभागी गराउन सकिएन । आफ्नै सहकर्मीहरू छ जनाको साथमा नव वर्षको दिन सवा सात बजेदेखि शुरू भयो हाम्रो दुई दिने "ग्रामीण पैदल यात्रा" ।

मान्मदेखि करिब डेढ घण्टाको "ड्राइभ" पछि पौने नौ बजे भैसीगौंडा पुगियो । गाडी रोकिएसँगै आँखामा एउटा भग्नावशेष देखा पर्यो । दुःखदायी विगतले मन भक्कानियो ।

गत असोजको १९ देखि २४ सम्म आएको अविरल वर्षा र यसले सिर्जित विपत्तिमा भैंसेगौंडा र आसपास (बाली)मा गरी ७ जनाको अकाल मृत्यु भएको थियो । केही किलोमिटर पर (राँचुलीमा) १३ जना मलामीले समेत पहिरोमा परी ज्यान गुमाएका थिए । निकै ठूलो धनजनको क्षति पुऱ्याएको पहिरो र बाढीले भैंसेगौंडाको पक्की पुल बगाएसँगै तीला पारीका बासिन्दा सडक सञ्जालबाट वञ्चित थिए ।

विगतको स्मृतिले मन अमिलो भयो । अपुरणीय क्षति फर्काउन सकिँदैन थियो । भुल्नुको विकल्प थिएन । दुःखदायी विगतलाई तिला नदीमा बिसाई अगाडिको यात्रा तय गरियो ।

पक्की पुल बगाएको निकै पछि नदीको दुई किनार जोड्ने काठको पुल बनेको थियो । त्यही पुल तर्दै करिब नौ बजे चिलखायाको उकालो यात्रा

शुरू भयो ।

पैदल यात्राको सुगन्ध भनेकै दृश्यावलोकन हो । सुन्दर दृश्यहरूलाई मन, मस्तिष्क र क्यामेरामा समेत कैद गर्दै अगाडि बढ्यौं । राता गुराँसहरूले ढाकेर राताम्मै भएका डाँडाहरूले मन आनन्दित मात्रै बनाएनन्, जन्मभूमि (नुवाकोट जिल्लाको सामरी गाउँ) को याद समेत ताजा गराए । गुराँसको फुल टिपी शिरमा लगाउँदा मातृभूमि नै शिरमा बोकेको आभाष भयो ।

करिब १०:३० बजे चिलखाया गाउँ प्रवेश गरियो । गाउँ पुग्ने बित्तिकै देखिने सुन्दर फाँटहरूले आँखाको नानी फुलाउँदै लगे । मिलेको बस्ती र तीनतर्फबाट हल्का भिरालो हुँदै एकातर्फ पानीढलो भएको उक्त भूगोल ठुलो स्टेडियमको प्यारापिट जस्तो देखियो । वास्तवमा कालीकोटको प्रकृतिलाई सुख्खा पहाड मात्र मान्नेहरूलाई यसले खिसी गरेको थियो ।

यात्राको उद्देश्यले आँखाको "फोकस" नै परिवर्तन गरिदिने रहेछ । सरसर्ती अवलोकन गर्नु र प्रकृतिलाई गहिरिएर नियाल्नुमा निकै ठुलो भिन्नता रहेछ । पहिले पनि चिलखायामा पाइला टेकेको थिएँ । तर त्यतिबेलाको यात्रामा जिम्मेवारी मात्र थियो । प्रकृतिको विचरण थिएन । त्यसैले यसपटक मेरो दृष्टि फरक रह्यो ।

सुन्दर चिलखायाको दृश्यावलोकन पश्चात ठिन्के बजारमा राखिएको नयाँ वर्षको शुभकामना आदान प्रदान कार्यक्रममा सहभागी हुन पाउँदा खुसी लाग्यो । तिलागुफा न.पा. को ९ र १० नं. वडाले संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा वडाबासीहरूको न्यानो स्वागतले मन प्रफुल्लित भयो ।

करिब १५:०० बजे अर्को गन्तव्यको लागि हिँड्यौं । अबको गन्तव्य रूडु गाउँ थियो । यात्रामा अर्का सहयात्री थपिए, मुन बहादुर थापा । उनी वडाध्यक्ष समेत भएकाले उनीबाट धेरै जानकारी पाउन सकिने भयो । हाम्रो खुसी थपियो ।

मन फुरूङ्ग बनाउँदै उकालो लाग्दै गर्दा चौसिला चौर आसपासमा भेटिएका गुराँसहरूले सबैलाई बालापनमा फर्कायो । गुराँसको रूखमा पुग्न सकिने जति माथि जाने अनि गुराँससँग मितेरी लगाउँदै तस्बिर खिच्ने क्रम एक छिनसम्म चल्यो ।

प्रफुल्लित मनको उल्लासलाई निकास दिनु थियो । गीत बजाउँदै नाच्ने सल्लाह भयो । डेउडा गीत बजाएर जानी नजानी नाच्यौं । माहौल रङ्गिन बनाउँदै जङ्गलका बिच झल्याकझुलुक देखिने घाम र छायाँसँग लुकामारी गर्दै अगाडि बढ्दै रह्यौं ।

राताखालामा भएको स्याउको व्यावसायिक खेती हेर्न लायक थियो ।

लटरम्म फुलेका स्याउका फुलहरूले मन पुलकित बनाउँदै गाउँतर्फ लाग्यौं । राताखालालाई फेरो लगाउँदै जाँदा काँध भन्ने स्थानमा एउटी बुढी आमाले घाँस भरिएको डोको बोकेर धागो कात्दै भेडा धपाउँदै आएको दृश्यले मन कुँडियो । आराम गर्ने उमेरमा समेत "मल्टिपल रेस्पोन्सिविलिटी" का साथ सक्रिय जीवन जिउँने उनलाई सम्मान प्रकट गर्दै रूडु गाउँ झरियो ।

ठिन्केबाट हिंडेको करिब २ घण्टा पछि मुन बहादुरजीको घरमा पुग्यौं । सरल स्वभावका धनी उनको आतिथ्यता आत्मिय रह्यो । भोलिपल्ट बन्चु पाटन हुँदै त्रिवेणी जानु थियो । उक्त यात्राको योजना बनाउँदै नयाँ वर्षको पहिलो रातलाई उनकै घरमा बिसाइयो ।

उत्साह र उमङ्गका साथ दुई गते अं.०७:०० बजे नयाँ गन्तव्यको लागि हिंड्यौं । अलि पर पुगेपछि पछाडि फर्किंदा रूडु गाउँको सुन्दर दृश्य देखियो । एकैनासका घरहरू र मिलेको बस्तीले आँखा तान्यो । गाउँलाई क्यामेरामा कैद गर्दै बन्चुतर्फ पाइला लम्कायौं ।

बाटो फराकिलो र हल्का ओरालो थियो । सजिलो बाटो भएकोले सहयात्रीहरूको खुट्टा बे-लगाम थियो । कहिले हामी त कहिले भेडी गोठतर्फ जाँदै गरेका स्थानीय अगाडि हुन्थे । नजिक पर्दा उनीहरूसँग गफिंदै पनि थियौं । बन्चुलाग्नामा पुगेपछि बाटोको किनारामा पिरामिड आकारको ठुलो ढुङ्गा देखियो ।

ढुङ्गा साँच्चै नै सुन्दर थियो । मानव निर्मित जस्तो देखिने यस ढुङ्गा आजसम्म मैले देखेका अन्य प्राकृतिक ढुङ्गाभन्दा पृथक थियो । सबै कोणबाट यसलाई नियाल्दै धिमे गतिमा पाइला बढाएँ । केही अगाडि डाँडा नै ढाकेर फुलेका "पिङ्क कलर" का गुराँसहरूले पुनः पाइला रोके ।

छ जना सहयात्रीको साथमा निस्किएको मलाई एकाएक एक्लोपनको महसुस भयो । विरलै भेटिने यस्ता गुराँसले जीवनसंगिनीको याद ताजा गरायो । उनको फूलमोह र त्यससँगै जोडिएको खुसीलाई अनुभूत गरें । यो यात्रामा मेरी उनी साथमा भएको भए उनको खुसी मैले केबाट मापन गर्थें होला भन्ने सोच्दै गर्दा आफैं टोलाउन पुगेछु । सहयात्री साथीहरू निकै पर पुगिसकेछन् । उनीहरूलाई भेट्ने कोसिस गर्दै पाइला लम्काएँ ।

आँखालाई यताउता नचाउँदै तस्बिर खिच्दै बिस्तारै हिंड्दै थियौं । करिब डेढ घण्टापछि हाम्रो पदमार्ग सिनौला भन्ने स्थानमा अर्को बाटोसँग "मिट" भयो । त्यो अर्को बाटो कर्णाली राजमार्ग नबन्दा दैलेखबाट जुम्ला जाने

पैदल मार्ग रहेछ ।

केही मिनेटको यात्रामा पाती हाल्नामा रहेको भेडीगोठ पुगियो । ठुलो संख्यामा गोठमा रहेका भेडाहरू ग्वालाको पर्खाईमा थिए । उनीहरूको देखभाल गरिरहेका “भोटे कुकुरहरू” हामीसँग अपरिचित थिए । भेडीगोठ नजिक पुग्दा कानै दुख्ने गरी भुक्ने उनीहरूले हाम्रा पाइला नियन्त्रित गरेका थिए ।

अगाडि बढ्दै गर्दा ठुलो पाटन क्षेत्र देखियो । चिमारीमा रहेको यस पाटन क्षेत्र भेडाबाख्राहरूको चरनक्षेत्र रहेछ । केही ग्वालाहरूका साथमा भेडा, घोडा तथा बाख्राहरू चर्दै गरेको देखियो ।

भेडी चौरबाट बाह्रबाउसे हुँदै करिब बिस मिनेट अगाडि बढेपछि प्राकृतिक सुन्दरताको अर्को अनौठो दृश्य देखियो । वरिपरी बन्चु खोला, बिचमा एउटा सानो थुम्को । पाथीभरा नामको यस थुम्कोलाई बन्चु खोलाले एकसरो बेरेको देखियो । झट्ट हेर्दा नागले महादेवको घाँटी बेरे जसरी । प्रकृतिको यो दृश्य अद्भुत लाग्यो । रहर पुगुन्जेल फोटो खिच्दै पुनः अगाडि बढ्यौं ।

पाथीभरादेखि अगाडि पुरै पाटन क्षेत्र रहेछ । पाटनमा हरियाली शुरू हुन थालिसकेको थियो । कतै कोपिला त कतै टुसाउँदै गरेका पहेंला फूलहरूले पर्यटकलाई निम्तो दिँदै थिए । जवानीका सबै रङ्गहरू भरिइ नसकेकोले होला बैंसालु भने देखिएको थिएन ।

पाटनक्षेत्र प्रवेश गरेको करिब आधा घण्टापछि दोभानमा पुग्यौं। तीनचाङ्गे खोला र कैलाश खोला मिसिएर बनेको बन्चु दोभान क्षेत्र शान्त थियो । सयौं आत्माहरूलाई आफूमा समाहित गरेको बन्चु परिपक्व बनिसकेको रहेछ । वरिपरिका जमिनमा समेत उसको उत्तेजना देखिएन ।

कैलाश खोलाको वारिपारी बुट्टा कुँदिएका पोलहरू र बिचमा बडेमानको काठ तेर्स्याएर बनाइएको वर्षौं पुरानो काठको पुल रहेछ । एकछिनको आराम पछि बन्चुको जलले सिंचन गरी कैलाश महादेवको मन्दिर दर्शन गर्यौं ।

खोल्सा खोल्सीमा भेटिएका मुलका पानीले प्यास मेटाउँदै हिंडेका हामीलाई दोभान पुग्दा भोक लागिसकेको थियो । मुन बहादुरजीले घरमा पकाएर पठाइदिनुभएको रोटी र खुर्सानीको अचार थियो । साथमा लिएर गएको “ड्राई फुड” र “कोल्ड ड्रिङ्क्स” पनि थियो । यीनै खानेकुराले भोक र प्यास मेटाउँदै एकछिन गफियौं ।

गन्तव्य त्रिवेणीसम्मको थियो । बुवाँसी, झांग्रा र कलदह खोलाको संगमबाट बनेको त्रिवेणी सुन्दर रहेको जानकारी थियो । नजिकैको पाटनबाट झरेको सुन्दर धारा “बासुधारा” ले यसको सौन्दर्य झनै बढाएको सुनेका थियौं ।

यार्चागुम्बा लगायतका जडिबुटीहरू पाउने फुलबारी पाटनमा पुगी अवलोकन गर्ने चाहना समेत थियो ।

दोभानबाट त्रिवेणी पुग्न करिब दुई घण्टा हिंड्नुपर्थ्यो । साँझ नै मान्म फर्किनुपर्ने बाध्यता थियो । समय घर्किसकेको थियो । त्रिवेणी पुगेमा त्यस दिन रूडुमै बास बस्नुपर्ने भएकोले यो यात्रालाई दोभानमै बिट मार्ने निर्णय गरियो ।

रूडु फर्किने क्रममा जडिबुटी टिप्न जाँदै गरेका आधा दर्जन महिलाको समूहसँग जम्काभेट भयो । उनीहरूका अनुसार दोभानदेखि त्रिवेणीसम्मको भू-भागमा गुची च्याउ (स्थानीय मूल्य प्रति के.जी. १५/१६ हजार पर्ने), रातो च्याउ, समाया, सतुवा, अत्तिसी, पाँचऔंले लगायतका जडिबुटीहरू पाइने रहेछ । यस पटकको यात्रामा समय व्यवस्थापन गर्न नसकिएकोमा दुःखी हुँदै मान्मतर्फ पाइला बढायौं ।

मान्म आउनका लागि रूडुबाट दुईवटा बाटा थिए । कामखेत हुँदै गाल्जे झरेर आउने या पुनः चिलखाया हुँदै भैंसीगौंडा झरेर आउने । मुन बहादुरजीले कामखेतको बाटो जान सुझाउनु भयो । साथ, सहयोग र जानकारीका लागि उनलाई हृदयदेखि नै धन्यवाद दिई कामखेततर्फको ओरालो बाटो झर्यौं ।

रूडुबाट तल झरेपछि खारा राख्ने भन्ने स्थानमा पुगियो । बाटो जङ्गलको बिचमा पस्यो । झाडीले घेरिएको उक्त बाटोबाट मानिसहरू नियमित हिँडडुल गर्छन् र ? भन्ने आशंकाका बिच ओरालो झरियो । मुन बहादुरजीले बेला बेलामा फोन गर्दै हाम्रो बाटो सही भए नभएको एकिन गर्दै हुनुहुन्थ्यो । यो चासोले उनको सहयोगी भावना र हामीप्रतिको माया छताछुल्ल पोखिएको अनुभूत गर्यौं ।

बाटो सानो थियो अनि ठाउँ-ठाउँमा निकै कठिन गौंडाहरू थिए । रित्तो ज्यान समेत जसोतसो थाम्दै ओरालो झरेका हामीलाई भारी बोकेर उकालो चढेका स्थानीयहरूले गिज्याइरहे झैं लाग्यो । यात्रामा देखिएका र कल्पना गरिएका कुराहरूको बिस्कुन सुकाउँदै र उठाउँदै मान्मबाट शुरू भएको हाम्रो दुई दिने यात्रा मान्म मै आएर टुङ्ग्याइयो । ♦♦♦

**रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।**

# उच्च शिक्षामा विकर्षणको कारण र परिणाम



✍ **सुदर्शन अधिकारी**

शिक्षा आर्थिक सामाजिक सांस्कृतिक र राजनीतिक लगायत समग्र विकासको मेरूदण्ड भएकोले यसको विकासमा जोड दिनुपर्छ । सन् २०१९ मा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाईरसका कारणले शिक्षा सबैभन्दा ज्यादा प्रभावित बन्न पुग्यो । यसले केही मात्रामा प्रविधिमा अव्यस्त त बनायो तर किताब पढ्ने बानी हटाइदियो । हिजो मोबाइल नचलाउ भन्दै खोसेर राख्ने आम अभिभावकले ल नानी र बाबु यही प्रयोग गरी पढ भन्ने अवस्था कोभिडले ल्यायो । यस वास्तविकताले आजको उच्च शिक्षामा ज्यादा असर पारेको देखिन्छ । समस्या देशको शिक्षा नीतिमा रहेको हो तर त्यसमा हाम्रा सरोकारवाला गम्भीर भएको देखिएन । हरेक उपकरण उपयोगका सकारात्मक र नकारात्मक पक्ष रहेका हुन्छन् ।

हाम्रा विद्यार्थी वर्गमा सकारात्मक भन्दा ज्यादा नकारात्मक पक्षको उपयोगमा जोड दिंदा आजको यो अवस्था आएको हो । आज हरेक कलेजको समस्या भनेकै विद्यार्थी संख्या कम रहनु हो । बल्ल बल्ल कलेजमा आएका विद्यार्थीहरू पनि स्नातक तहमा टिकाउन सकिएको छैन र सकिदैंन पनि । किनभने वर्षेनी बाह्र कक्षा उत्तिर्ण गरेका जम्मा विद्यार्थी मध्ये पचास प्रतिशतको रोजाइ विदेश भएको विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ । यसको मूल कारण भनेको रोजगारीको अभाव नै हो । अर्को कारण नेपालमा सुन्दर भविष्य नदेखेर पनि त्यो संख्या विदेशिन बाध्य भएको देखिन्छ । कक्षा एकमा भर्ना भएका विद्यार्थी संख्याबाट गणना गर्दा स्नातक तहको भर्ना दर लगभग १५ प्रतिशत रहेको छ ।

कक्षा बाह्रमा कोभिडको दुई शैक्षिक सत्र ९५ प्रतिशत भन्दा ज्यादा विद्यार्थी पास भए । त्यस बखत सिकाई उपलब्धि भन्दा पनि महामारीको कारण प्रमुख बन्यो । यो नेपालको मात्र समस्या भने होइन । यस कै परिणाम यस वर्ष

स्नातक अध्ययन गर्ने अधिकांश विद्यार्थीको कलम सरासर चल्न सकेको छैन । विषय चाहे नेपाली होस् या अंग्रेजी अथवा अन्य सामाजिक विषय नै किन नहोस् सबैमा उस्तै कमजोर लेखाइ र पढाइ रहेको नमिठो वास्तविकता छर्दैछ । आम विद्यार्थीमा निराशा छाउने अवस्था सिर्जना हुनुको कारण राजनीतिक अस्थिरता नै हो । राजनीति सबै नीतिको माउ नीति भएकोले हालको नकारात्मक र निराशाको यस परिदृश्य देखिएको हो । हरेक क्षेत्रमा सकारात्मक अनि प्रणालीको विकास गर्न मूल स्वच्छ रहनु पर्छ । त्यो भनेको राजनीतिको प्रभावले उच्च शिक्षामा जति असर परेको छ त्यति अन्य क्षेत्रमा रहेको देखिदैंन ।

नेपालको उच्च शिक्षामा रहेका यो विषम परिस्थितिको कारण भनेको स्पष्ट उद्देश्य उच्च शिक्षामा भएन । दाता राष्ट्रको चाहना मात्र ध्यान दियौं । उनीहरूको प्रयोग हाम्रो गौरव पो बन्दै आएको देखिन्छ । हाम्रो समग्र शिक्षामा जटिल समस्या भनेको विद्यार्थी टिकाइ राख्न नसक्नु बनेको छ । यो वास्तविकता मनन् गरेर अगाडि बढ्न नसक्दा थप समस्याको सामना गर्न हामी विवश भएका छौं । हरेक वर्ष शिक्षाको विकासमा करोडौं बजेट पनि खर्च भइरहेको छ तर त्यो लगानी बालुवामा पानीभैंं बनेकोले चिन्ता र चासोका साथ यस क्षेत्रको प्रभावकारी सुधार नगरी धरै छैन । हामीले स्वदेशमा आवश्यक रहेको जनशक्ति उत्पादनमा ध्यान दिन नसक्दा आम युवा जनशक्ति रोजगारीका लागि विदेश जान बाध्य छन् । रोजगारी सिर्जना गर्ने क्षेत्रहरू दर्जनौं रहेका छन् । दृष्टान्तका लागि बाइक मर्मत, मोबाइल, विद्युतीय क्षेत्रमा रहेका ग्रील, रेलिङ्ग लगायतका रहेका छन् । जहाँ हजारौं नेपालीहरूमा जटिल समस्याको रूपमा रहेको नकारात्मक पक्ष स्वदेशमा साना र मनग्गे आय आर्जन गर्न सकिने काम गर्न लाज मान्ने जुन सोच रहेको छ । त्यो पनि विकास र स्वदेशको कामलाई कम आँक्ने गलत प्रवृत्ति हो । नेपाल विकासमा पछाडि रहन जानुको अर्को कारण हो श्रमलाई सम्मान गर्न नजानेको वा गर्न नसक्नु नै रहेको देखिन्छ । यहाँ उच्च शिक्षाको सन्दर्भलाई जोड दिंदै भावी दिनमा कसरी यो क्षेत्रमा बढी भन्दा बढी विद्यार्थी आकर्षण गर्न सकिन्छ भन्ने विषय उठान गरिएकोले त्यतै केन्द्रित भएर वर्णन गर्दा राज्यले माग र माटो सुहाउँदो शिक्षा नीति र शिक्षाको स्पष्ट उद्देश्य निर्धारण गर्न सक्नुपर्छ । तब मात्र शिक्षामा केही मात्रामा भने पनि सकारात्मक नतिजा देख्न सकिन्छ । नेपालको कमजोरी भनेको राजनीतिक आढ र लहडमा विश्वविद्यालय स्थापना गर्ने परिपाटी

पनि रहेको प्रष्ट रूपले देखिन्छ । दक्ष र सबल प्राध्यापकहरूले उच्च शिक्षाको उच्च तहमा नेतृत्व रहने वातावरण निर्माण गर्न हामी पटक पटक चुकेका छौं ।

शिक्षामा रहेको अर्को गलत र समस्या परामर्शका नाममा विदेशमा सक्षम जनशक्ति निर्यात गर्ने कन्सल्टेन्सीहरू पनि उत्तिकै जिम्मेवार रहेका छन् । अझ यसलाई अर्को शब्दमा भन्ने हो भने सफा मानव तस्करी समेतले चिनाउने गरिन्छ । हालै मात्र सरकारले विदेश जान लिईने नो अब्जेक्शन लेटरमा पनि कडाइ गर्न साथीको समेत कागजात र सहमतिको आवश्यकता पर्ने प्रावधान बढाएको छ । नेपालबाट विदेश जानका लागि एकजना विद्यार्थीबाट सरदर ३० लाख मात्र भए पनि महिनामा ५०० जना मात्र नेपाली विदेश अध्ययन गर्न गए पनि मासिक छ अर्ब नेपाली रकम विदेशमा जान्छ । यसै सन्दर्भमा बताउँदा यस आर्थिक वर्षको पछिल्लो तथ्याङ्क हेर्ने हो भने चालु आ.व. को पहिलो सात महिनामा विदेश जाने विद्यार्थीले ४३ अर्ब ७४ करोड बाहिर लगेका छन् । हाम्रो देशको विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षाको गुणस्तर कमजोर भएको कारणबारे विविध चर्चा पनि नभएका होइन । त्यो मात्र कारण नभई अध्ययनको समय पनि झण्डै दोब्बर लाग्ने गरेकोले थप समस्या उच्च शिक्षामा देखिएको छ । चार वर्षमा सकिने कोर्ष पूरा गर्न सात वर्ष लाग्नु कतिको जायज र विश्वसनीय विषय हो ।

हामीमा रहेको प्रमुख समस्या अर्को पनि छ त्यो के हो भने प्राध्यापकहरूलाई अद्यावधिक बनाउन नसक्नु । आजका आम प्राध्यापकहरू समयको मागलाई समात्न सक्ने सबल र प्रविधिमा अभ्यस्त बन्न सक्नुपर्छ । जसले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी आकर्षित गर्न सहज वातावरण निर्माण हुन्छ । त्रिविविमा रहने गरेका वार्षिक क्यालेण्डर व्यवहारमा कार्यान्वयन नभएर पनि धेरै हदसम्म समस्या सिर्जना गराएको छ । हाम्रो उच्च शिक्षामा अनेकौं समस्याको खात नै रहेको छ । अर्को जटिल समस्या यो देखिएको छ कि, एक विद्यार्थी विदेशमा पढाई समापन गरेर दक्ष बनेर नवीन जाँगरकासाथ नेपालमा आएको हुन्छ । उसले उच्च शिक्षा अध्यापन गरी सेवा गरेर रोजगार बन्न खोज्छ तर यहाँको प्रक्रिया र परिपाटीका कारण त्रिविविमा प्राध्यापन गर्न प्रवेश नै पाउन सक्दैन । यसलाई बिडम्बना नै मान्नु पर्छ । आज जसरी उच्च शिक्षामा विद्यार्थी संख्या घटेर गएको छ त्यसका पछाडिका कारण गुणस्तर मात्र भने अवश्य पनि होइन । यो वास्तविकता राज्यको सबै सरोकारवालामा नभएको पनि होइन ।

प्रथम कारण भनेको नै रोजगारी सुनिच्चितताको अभाव र जीवनयापनका लागि प्राप्त सुविधाको अभाव जस्ता कारण रहेका छन् । त्यति मात्र नभएर सन्ततिको स्वास्थ्य, शिक्षा अनि उनैका भविष्य निर्माणको चिन्ताका कारण उच्च शिक्षामा आकर्षण यसरी कम भएको देखिन्छ । ♦♦♦

लघुकथा

# आहुती



✍ **ममता मृदुल**

नचिनेको नम्बरबाट फोन आयो । दोमन हुँदै अस्मीले फोन उठाइन् । नेपाल टेलिभिजन हेर्नुस् भनेर फोन राख्यो ।

राति दस बजे के को टेलिभिजन हेर्नु कस्तो अनौठो मान्छे भन्दै उठिन् । आ एक पल्ट खोल्छु भन्ने सोचेर रिमोट खोजिन् ।

भनेको बेलामा के भेटिन्छ, तीन वर्षे नाति आएको थियो । कता राख्यो । सम्भिन भट्ट, नाती सोफामा बसेको थियो । सोफातिर खोजिन्, भेट्टियो ।

नेपाल टेलिभिजनमा छोरी नाजको अन्तर्वार्ता आइरहेको थियो । नाजले पत्रकारको प्रश्नको उत्तर दिँदै थिइन् ।

भर्खर तपाईं संसारका सबै टेलिभिजनमा छाइरहनु भएको छ । यसको बारेमा केही कुरा भनिदिनुस् न । पत्रकारले प्रश्न सोध्यो नाज मुसुक्क मुस्कुराइन् र भन्न सुरू गरिन्, राति दस बजे दराजबाट उनले रातो सारी निकालेर लगाइन् ।

राम्री भएर ढोकामा उनी उभिरहिन् । त्यसपछि भित्र कति बेला आइन् म निदाएछुँ । बिहान त्यो सारी भुइँमा असरल्ल फ्याकिएको थियो । पछि मैले थाहा पाएँ । उनी बिहे गर्न तयार हुँदै थिइन् । म डराएकी थिए । केही भन्न सक्ने अवस्थामा थिइन्।

जीवनका धेरै खुसी मेरा लागि आहुती दिएकी मेरी एकल आमाको कथा हो यो। अस्मीले हेरिरहेको टेलिभिजनमा अनुहार देखिएन, आवाज मात्रै सुनियो । अस्मीको आँखामा आँसुले ढाकेको छ । नाजको आवाज अस्मीको कानमा गुन्जिरहेको छ, आज मेरी आमाको कथाले नोबेल पुरस्कार पाएको छ ।

संस्मरण

# संवाद गर्न खोजिरहेको रारा



✍ **तेज विलास अधिकारी**

टोली राराको चेकपोष्टमा पुग्दा त्यहाँका घोडा व्यवसायीहरू खुसी भए । उनीहरू भन्दै थिए यति धेरै मानिस एकै चरणमा कमै मात्र आउँछन् । महादेव होटलका मालिकलाई पनि हम्मेहम्मे पर्‍यो खाना खुवाउन । अनि आरक्षण क्षेत्रको सुरक्षार्थ खटिएका सेनाहरूलाई पनि क-कसले टिकट काटे वा काटेनन् थाहा समेत भएन । राराको डिलसम्मै मोटर बाटो पुग्छ होला भनेर सोच्नेहरू पनि जिल्ल थिए । घोडा नचढी पुगिन्न तर लडिन्छ कि भन्ने पिरले अनुहार खुम्च्याएर घोडा चढ्नेहरू पनि झन्डै ७५ प्रतिशत नै थिए । उकालो बाटो अनि झरी ओरालो बाटो अनि खाल्टाखुल्टी । यात्रा सजिलो थिएन घोडाहरूको पनि । घोडाहरू न त जीविकाको लागि मान्छे ओसार्थे न त खल्तीमा पैसा भएर पनि घोडा चढेर रारामा सवारी गर्न सकिनँ । किनकिन दुब्ला घोडाहरूलाई आफ्नो झन्डै पौने क्विन्टलको शरीर बोकाउन उचित ठानिनँ । जाने र आउने गर्दा एउटा ध्रुवे हात्ती तिर्न पनि परेन । घोडा चढ्नेहरूले घोडाबाट लडिएलाकि भन्ने चिन्तै चिन्तामा राराको यात्रा गरे वा आनन्द लिए त्यति मेसो पाइएन । पक्कै पनि घोडाचढीहरू अनुभवी नभएकाले झरीको बेला चिप्लो बाटो अनि बाक्लो पैदल यात्रीको चापले यात्रा सजिलो भएन होला । प्राज्ञ डा. कृष्णराज अधिकारी, कवि शेखर अर्याल, कवि भीम रानाभाट अनि केही अघिपछिका पैदलयात्रीको साथमा राराताल नजिकैको सुरक्षा पोष्टदेखि रारातालको किनारासम्म गम्भीर यात्रा गरेर त्यहाँ पुगियो ।

जीवन र जगत्‌लाई एकसाथ बुझ्न यात्रा आवश्यक छ । को कति छिटो हिँड्न सक्छ ? कसले साथीहरूलाई आड भरोसा दिलाउन सक्छ अनि कसले कसलाई यात्राको आदर्श बनाउनुपर्छ भन्ने पनि यात्राले नै सिकाउने रहेछ । झन्डै ९० जनाको

मान्छे बोक्दा कुनै आनन्द नै हुन्थ्यो उनीहरूलाई त केवल लगाम समात्न दिने आफ्नो मालिक भनौदाहरूको बन्धनमा थिए । आखिर समाज संस्कार र यो मानवको सिङ्गो शासन नै यसरी थामिएको न हो । प्रकृति त कहाँ त्यस्तो शासकीय चरित्र निर्माण गर्छ र ! तथापि यसभित्र पर्यावरण चक्रमा भने सबैले आ-आफ्नो रवाफ जमाउने अनि कसैको शिकार कोही बन्नु पर्ने त प्रष्ट नै छ ।

झन्डै ४०/४५ मिनेट हिँडेपछि हामी रारातालको छेऊमा पुग्यौं । हावा चलेको छ, किनारामा जुत्ताले टेक्दा झपझप पानी जुत्ता भिजाउने गरी निस्किएको छ । धाप भने छैन । किनारामा सेल्फी खिच्नेहरू छन् । घोडा कुदाएर टिकटक बनाउनेहरू पनि छन् । गीत छायाङ्कन गर्नेहरू पनि छन् । रारातालको छेउमा पुस्तक विमोचन गर्न आतुर लघुकथाकार एवम् कवि शेखर अर्यालको चिन्ता बेग्लै छ । ताल आफ्नै गतिमा छ । हावाले ल्याएका लहर हेरेर अघाउने स्थिति छैन । पारि जान अब समय र साधन दुवै छैन । गोठमा बाँधेको भैंसीजस्तो एउटा डिलमा डोरीको फेरो फन्कोमा परेको डुङ्गा चढ्न र फोटो खिच्न तँछाडमछाड छँदैछ । भर्खर भर्खरजस्तो बनेको नजिकैको मचानमा बसेर तालको अवलोकन गर्ने फुर्सद कसैलाई छैन । केवल एउटा फोटो खिच्न मात्र उक्लिएका छन् मानिसहरू ।

म भोटाहिटीबाट छिरेर इन्द्रचोक पुग्न मुश्किल परेको यात्रीझैं अलमलमा छु । कहिले रञ्जन घिमिरे, कहिले बैरागी जेठा त कहिले शेखर अर्यालको फोटो खिच्ने रहरमा तानिएको छु । कवि शान्ति प्रियवन्दना, गजलकार डा. पूर्ण भण्डारी पङ्कज, कवि भीम रानाभाट, कवि पुष्कर रिजाल 'पुष्प' अनि जनसांस्कृतिक महासङ्घका कार्यवाहक अध्यक्ष भीम कुमाखीको इच्छामा यता र उता तानिएकै छ । किन आइएको हो ? के प्राप्ति भयो ? कतिबेलासम्म रहने हो सबै बिर्सिएर फोटो खिच्ने र के के न गरियो त ! भन्ने भावमा दौडिरहेका यात्री, घोडा व्यवसायी र साँच्चै घुमन्ते सोचले आइपुगेका केही पात्रहरूमा आँखा कुदिरह्यो । नेपाल प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्यहरूको बैठक चलिरहेको देखिन्थ्यो । प्रगतिशील लेखक सङ्घको औपचारिक बैठकको शुभारम्भ भएको र केही पुस्तकको विमोचन भएको पनि सुनियो । दुवैतिरको कार्यक्रम नजिक पुग्दा कार्यक्रम समाप्त भइसकेको थियो । अझ रोचक त के भने फोटो खिचिमाग्नेको अनुरोधले लगभग त्यति

दिक्क कहिल्यै भएको थिइनँ ।

नेपालकै एउटा चर्चित ठाउँ । तत्कालीन राजा महेन्द्र अर्थात कवि म.वि.वि. शाहले लेखेको कविता 'रारा कि अप्सरा' सम्भना भयो । रारातालको छेउ कुना भेट्ने त्यसको ऐतिहासिक सन्दर्भलाई पहिल्याउने र राराको हालको अवस्थालाई कायम गर्न गर्नुपर्ने योजना के कस्ता होला ? त्यो सबै बुझ्ने र सोध्ने के फुर्सद मिलोस् । झन्डै ३ घण्टाको समय त्यसै त्यसै रमाइलो हो वा अलमलमा बित्यो । पानी सिमसिम पर्न थाल्यो । फर्कने बेला भयो । अलि अगाडि खाएको खाना पनि पाचन प्रक्रियामा सहभागी भइसकेको थियो । जाडो बढ्न थाल्यो । अलिकता उकालो अनि हिलो र चिप्लो बाटो आरक्षणको गेटसम्म पुग्नु सहज थिएन । एकेडेमीको कर्मचारी लक्ष्मी गौतम मेडम, सविता ज्ञवाली मेडमको हिँडाइ धेरै नै ढिलो भएकाले त्योभन्दा तीव्र गतिमा हिंड्न मन लाग्यो । पुनः कृष्णराज सर, भीम रानाभाट, शेखर अर्याल आदिसँग फर्कने निधो भयो । साथमा अगाडि सँगै नभएको पात्र रञ्जन घिमिरेले छिटो हिँड्न भनेपछि रारातालको फर्कने उकालो हिँड्न ऊर्जा दिइरह्यो । बिच–बिचमा देखिएको भेडाको बथान, भेडा चराउने दिदीबहिनीहरू अनि लोभलाग्दो वनजङ्गल । प्रकृतिले जति सम्मोहित गरे पनि त्यही बस्न कहाँ सकिन्थ्यो र ! भित्र पसिना खलखली त बाहिर पानीबाट जोगिनु पर्ने बाध्यता यही त रहेछ नि रारा जस्तो पनि लाग्यो ।

मान्छे कुनै भौतिक वस्तुलाई टाढाबाट हेर्छ सुन्दर देख्छ । नजिक जान खोज्छ कष्ट महसुस गर्छ अनि जाने आँट गर्छ पुग्दा पुग्दै थाक्छ क्यारे त्यसको गहिरो स्वाद नपाउँदै हैरान भइसक्छ । मैले थोरै घण्टाको रारा स्पर्शमा यत्ति नै कुरा पाएँ । म कहिले रारामा शाह परिवारको सदस्य हराएको, म.वि.वि. शाहले 'राराकी अप्सरा' कविता लेखेको अनि रारालाई आधार मानेर कर्णाली प्रदेशको विकासका लागि गरिएका भाषणहरूको अंश सम्झिरहन्थे । जे होस्, मुगु जिल्लामा पर्ने नेपालको एउटा असजिलो पर्यटकीय स्थल रारातालको स्पर्श गरेर फर्कदा मैले महादेव होटलको मिठो खाना, त्यही खानालाई नमिठो मान्ने केही पात्रहरूको रसिलो बोली, आफ्नो खानाको पैसा तिर्न बिर्सने हुस्सु पथिक अनि जति नै राम्रो वस्तु भए पनि हातैले छुँदा पनि झझल्को भन्दा धेरै ल्याउन नसकिने रारातालको लहर मेरो अविस्मरणीय यात्रा ।

◆◆◆

# नेपालको स्वर्गः मुस्ताङ



✍ प्र.ना.उ. भोजराज पाण्डेय

नेपालको संविधान २०७२ मुलुकमा लागू भए पश्चात त्यस अघि कायम रहेका ७५ वटा जिल्लाहरूलाई मुलुक संघीय संरचनामा गइसके पछि प्रदेश मिलानको क्रममा साबिक लुम्बिनी अञ्चलको नवलपरासी र राप्ती अञ्चलको रूकुम जिल्ला टुक्रिए पश्चात हाल ७७ वटा जिल्ला कायम रहेका छन् । टुक्रिएर बनेका दुवै जिल्लाहरूको भौगोलिक विभाजन पश्चात कायम रहेका जिल्लाहरू मुलुकको आवश्यकता, जनताको सेवा प्राप्तिमा सहज पहुँच र प्रशासनिक सुगमता लगायतको मापदण्डलाई आधार मानेर नै विभाजन गरिएको हो । यसरी कायम रहेका प्रत्येक जिल्लाहरूको पहिचान सहितको आफ्नै महत्त्व रहेको छ । कुनै जिल्ला भौगोलिक हिसाबले अन्य जिल्ला भन्दा फरक छ भने कुनै सांस्कृतिक हिसाबले । राजनैतिक हिसाबले पनि जिल्लाहरूको भौगोलिक र जनसंख्याको आधारमा भिन्नता पाउन सकिन्छ । कुनै जिल्ला भौगोलिक हिसाबले विशाल छन् तर जनसंख्याको हिसाबले अत्यन्त साना छन् भने कुनै जिल्लाहरू जनसंख्याको हिसाबले घना देखिन्छन् तर भौगोलिक सीमितता कम छ ।

अर्को तर्फ एकै जिल्ला भित्र पनि फरक-फरक किसिमको सांस्कृतिक, सामाजिक, भौगोलिक र जातीय विविधता पाइन्छ । एकै खालको रहनसहन, धार्मिक आस्था र जातीय बसोबासको आधार भेट्टाउन गार्हो पर्दछ । नेपालको भौगोलिक विभाजनको आधार हेर्दा यसको संरचना छिमेकी मुलुक चिनसँग सीमाना जोडिएको हिमाल, मध्ये भूभाग पहाड र दक्षिणी सीमाना छिमेकी मुलुक भारतसँग जोडिएर तराई रहेको छ । उत्तरमा हिमाल, बीचमा पहाड र तराईमा समथर जमिनले मिलेर बनेको करणले गर्दा नै यसलाई भौगोलिक विविधता भनिएको हो । बसोबासको आधार पनि यही विविधता अनुसार अलग-अलग छ । तराईमा बसोबास गर्ने र हिमाल क्षेत्रमा बसोबास गर्ने मनिसहरूको रहनसहन

र सांस्कृतिक अवस्था बिल्कुलै भिन्न छ ।

म जन्मेको स्थान साबिक लुम्बिनी अञ्चलको पहाडी जिल्ला गुल्मीको सदरमुकाम तमघास जहाँबाट उत्तरमा अवस्थित धवलागिरी र नीलगिरी हिमाल सेतै चाँदी जस्तो लहरै स्पष्ट रूपमा देख्न सकिन्छ । त्यस बाहेक अन्य हिमालहरू त्यहाँबाट देख्न सकिदैन। तर तमघासको पूर्वी शिरमा रहेको मनमोहक सांस्कृतिक र पर्यटकीय स्थान रेसुङगाको डाँडोबाट हेर्दा धवलागिरी र निलगिरी हिमालको अलावा माछापुच्छ्रे र अन्नपूर्ण हिमाल बिहान खुरूरू दौडेर गयो भने पनि बेलुका गोधुली साँझ नपर्दै चुचुरोमा नै पुगिन्छ कि जस्तो गरी नजिकै देखिन्छ । रेसुङगा डाँडोमा बसी हिमालहरूको दृश्य नियाल्दा पलपलमा ती हिमालहरूबाट आउने चिसो सिरेटोले मुटु कमाउथ्यो । वैशाख महिनामा पनि पातलो लुगा लगाएर रेसुङगामा समेत एक छिन अडिन मुस्किल हुन्छ । त्यसैले त तराईका विभिन्न स्थानहरूबाट तराईको प्रचण्ड गर्मी छल्नको लागि गुल्मीको पर्यटकीय स्थल रेसुङगामा मानिसहरू ओइरो लाग्दछन् ।

मलाई बाल्यकालको अवस्थामा के अनुभूति हुन्थ्यो भने ती हिमाल पारी कुनै जमिनी सतह नै छैन । अर्थात हिमाल पारीबाट जमिनको अस्तित्व नै समाप्त हुन्छ जस्तो लाग्थ्यो । तर पछि जब प्राथमिक विद्यालय अध्ययनको क्रममा धवलागिरी, निलगिरी, माछापुच्छ्रे र अन्नपूर्ण हिमालको पारी पट्टी नेपालको दुईवटा जिल्लाहरू मनाङ र मुस्ताङ पर्दछन् भन्ने कुरा थाहा भए पछि झन् मेरो मनमा थप कौतुहलताले जरो गाडेको थियो । आफ्नै घरको आँगनबाट देखिने हिमालको मुनि पट्टी मुस्ताङ जिल्ला पर्दछ भन्ने कुरा थाहा पाए पछि त झन् बढी मनमा कौतुहलता हुनु स्वभाविक नै हो । अर्को तर्फ मेरो मनमा त्यस्तो हिमालको फेदीको चिसोमा त्यहाँका मानिसहरू कसरी बस्न सकेका होलान् ? भन्ने कुरा अनुत्तरित भएर बसेको थियो । मैले यस विषयमा तत्काल कसैलाई त सोधिन तर एउटा कुरा चाहिं निश्चयताका साथ मेरो मनमा रहन गयो कुनै दिन त्यहाँको भौगोलिक अवस्थाको बारेमा साक्षात्कार भई प्रत्यक्ष अनुभूति गर्दा कस्तो होला ? यद्यपि केही अघि सम्म म सपनामा नै थिएँ।

मुस्ताङ जिल्ला गण्डकी प्रदेश, साबिक धौलागिरी अञ्चलको सबैभन्दा उत्तरमा पर्ने जिल्ला हो । हिमाल पारीको जिल्लाको नामबाट चिनिने यो जिल्ला धौलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको बिचमा अवस्थित छ । यस जिल्लाको ऐतिहासिक आधार र भौगोलिक अवस्था आदि हेर्दा धेरै अघि

यो क्षेत्र नेपाल र तिब्बत बिचको मुख्य व्यापारिक नाका रहेको बुझिन्छ । मुस्ताङ जिल्लाको उत्तरी सीमाना तिब्बतसँग जोडिएको लोमान्थान सम्म उच्च पहाडी र हिमाली श्रृङ्खला मिलेर बनेको छ । तर सीमा पारी तिब्बतको भूभाग नेपालको तराई जस्तो समथर भूभाग रहेको छ ।

नेपालको दोस्रो ठूलो तथा पर्यटकीय शहर पोखराको पुरानो बिमान स्थलबाट हवाइ जहाजबाट जम्माजम्मी २० मिनेटमा मुस्ताङको जोमसोम पुग्न सकिन्छ । तर सडक यातायातको पनि सर्वसुलभ उपलब्धता रहेको कारण त्यहाँ पुग्न पोखरादेखि बस तथा जीपमा सवार भई करिब साढे छ घण्टामा कास्की जिल्लाको पर्यटकीय तथा रमणीय स्थल लुम्ले, पर्वत जिल्लामा रहेको बन्जी जम्प र म्याग्दी जिल्लामा रहेको तातोपानी लगायतका स्थानहरूको रमणीय आनन्द लिँदै काली गण्डकी किनारै किनार विविध प्राकृतिक छटाहरूको अवलोकन गर्दै करिब १५९ किलोमिटर कच्ची र पक्की सडकको यात्रा पार गर्दा मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोममा पाइला टेक्न सकिन्छ । त्यस अघि स्याउ खेतीको लागि मुस्ताङ जिल्लाको प्रसिद्ध स्थान मार्फा र ओखर खेतीको लागि प्रसिद्ध स्थान कोवाङको रमणीयता समेत आँखाको नानीबाट ओजेल हुन सक्दैन ।

मुस्ताङ जिल्लाको पूर्वमा मनाङ, पश्चिममा डोल्पा दक्षिणमा म्याग्दी र उत्तरमा तिब्बत पर्दछन् । यसको उत्तर-दक्षिण लम्बाई करिब ८० किलोमिटर र चौडाई बढीमा ४५ किलोमिटर छ । यो जिल्ला अन्नपूर्ण हिम श्रृङ्खलाको उत्तरमा पर्ने भएको र उच्च हिमाली श्रृङ्खला रहेको कारण र वन जङ्गल नभएको हुंदा यहाँ एकदमै कम पानी पर्दछ । नेपालको कम पानी पर्ने जिल्ला मध्ये मुस्ताङ पहिलो नम्बरमा पर्दछ । नेपालको प्रसिद्ध धार्मिक स्थल दामोदर कुण्ड उद्गमस्थल रहेको काली गण्डकी नदी बग्दै तल कागबेनी आइपुग्दा मुक्तिनाथ क्षेत्र भएर आउने काग खोला मिसिएर जिल्लाको करिब करिब बिच भाग भई काली गण्डकी नदी जोमसोम सदरमुकाम हुँदै बग्ने गर्दछ । यस नदीलाई स्थानीय भाषामा थाक खोला पनि भनिन्छ । उच्च हिमाली र पहाडी बनावट रहेको र पानीको अभाव हुने हुँदा यस जिल्लाका धेरै जसो बस्ती यही नदीको किनारमा अवस्थित छन् ।

यस जिल्लाको उत्तरी भागमा रहेको क्षेत्रलाई लोमान्थाङ भनिन्छ । जुन नेपालकै एक विशेष क्षेत्र हो । नेपालका धेरैजसो जिल्लाहरूको नामाकरण कुनै खोला, सांस्कृतिक सम्पदा, भौगोलिक बनावट, स्थान वा घटनाका आधारमा गरिएको भएता पनि यस जिल्लाको

नामाकरण औषधीको नामबाट भएको पाइन्छ । तिब्बतीयन भाषामा 'मन' भनेको औषधी र 'थाङ ' भनेको 'चौर'बाट मनथाङ हुँदै मुस्ताङ हुन आएको हो भन्ने जनश्रुति रहेको छ । मुस्ताङ जिल्ला जडिबुटीको हिसाबले पनि प्रसिद्ध रहेकोले पनि यस जिल्लाको नामाकरण औषधिकै नामबाट भएको हो भन्ने विश्वास गर्न सकिन्छ ।

यस जिल्लाको प्रमुख आकर्षण भनेको नै विश्वमा शालिग्रामको लागि प्रख्यात रहेको कालीगण्डकी नदी हो । कालीगण्डकी नदीको अलावा नेपालका अन्य नदीहरूमा शालिग्राम पाउन सकिदैन । त्यसकारण पनि नेपाल लगायत विश्वको विभिन्न मुलुकहरूबाट पर्यटक तथा श्रद्धालुहरू मुक्तिनाथ कागबेनी लगायतका स्थानहरूमा दर्शन गर्नको अलावा शालिग्राम प्राप्तिको लागि पनि तिर्थालुहरू मुस्ताङ आउने गर्दछन् । त्यसैगरी जिल्लाको दक्षिण भेगको रक्षा कवचको रूपमा रहेका ८१६७ मिटर उचाईको धवलागिरी हिमाल र ६९४० मिटर उचाईको निलगिरी हिमालको शिरदेखि फेदीसम्म सेतै चाँदी जस्तो घेरा हिउँले लटरम्म ढाकिँदा देखिने दृश्यले प्रभावित नहुने सायदै पाउन नसकिएला । त्यसैले स्वदेशी तथा विदेशी पर्यटकको यस क्षेत्रमा घुइचो नै लाग्ने गर्दछ ।

मुक्तिनाथ मन्दिर, दामोदर कुण्ड, कागबेनी, शिवालय मन्दिर (पुथाङ), गणेश मन्दिर (जोमसोम) टुकुचे गोम्पा कोबाङ, टुकुचे क्युपर गोम्पा, टुकुचे गोम्पसम्प, टुकुचे मकल गोम्पा, टुकुचे रानी गोम्पा, मार्फा गोम्पा आदि यस क्षेत्रका प्रसिद्ध धार्मिक स्थलहरू हुन् । त्यसमा पनि नेपालको विभिन्न स्थानहरूको अलावा दक्षिण भारतको विभिन्न स्थानहरू र विश्वका अन्य मुलुकहरूबाट समेत श्रद्धालु भक्तजनहरू मुक्तिनाथ तथा दामोदर कुण्ड दर्शनको लागि आउने गर्दछन् । साथै आफ्ना मृत्यु भइसकेका पितृहरूको सम्झनामा दिइने पिण्ड अर्पण तथा तर्पनको लागि पनि सोह्र श्राद्धको समयमा ठूलो संख्यामा नेपालीहरू कागबेनीमा आउने गर्दछन् । यस समयमा कागबेनी र मुक्तिनाथमा थामी नसक्नु गरी मानिसहरूको ओइरो नै लाग्दछ । पहिले हवाई मार्ग मात्र आवागमनको प्रमुख साधन रहेको मुस्ताङ जिल्लामा अहिले सवारी मार्गको सर्वसुलभताले गर्दा पनि हजारौंको संख्यामा मानिसहरू यहाँ आउन सकेका हुन् ।

मुस्ताङ जिल्ला सांस्कृतिक हिसाबले जति महत्त्वपूर्ण छ, त्यति नै पर्यटकीय हिसाबले पनि आकर्षणको केन्द्र रहेको छ । यस जिल्लामा रहेका लोमान्थाङ्ग ऐतिहासिक दरबार, लोमान्थाङ्गको सिटी वाला, मुक्तिनाथ क्षेत्र, टुकुचे, निलगिरी हिमाल, धौलागिरी हिमाल, तिलिचो पिक,

याककावा पिक, टुकुचे धम्पुस पिक, टुकुचे पिक हिमाल टुकुचे मार्चे लेक, टुकुचे बतासे लेक, टुकुचे नाथांग खर्क' आदि प्रसिद्ध पर्यटकीय स्थलहरू हुन् । विविध जैविक विविधता तथा जडिबुटीको आधार क्षेत्र रहेको कारणले गर्दा पनि यस जिल्लाको महत्त्व अन्य जिल्लाहरूको तुलनामा बढी नै छ । त्यस कारण पनि मुख्य सिजनमा मुस्ताङ जिल्लामा रहेको विविध पक्षहरूको अवलोकन तथा भ्रमणको लागि विभिन्न मुलुकहरूबाट आउने पर्यटकको घुईचोले गर्दा यदाकदा ट्राफिक व्यवस्थापन र शान्ति सुरक्षा कार्य चुनौतीपूर्ण बन्ने गर्दछ ।

यस जिल्लामा रातो स्याउ, मार्फा, गोल्डेन स्याउ, फापर, आरू, चेरी आरू, ओखर आदि प्रसिद्ध खेती र नगदे बालीको रूपमा रहेका छन् । यहाँ कृषिको प्रमुख आधार भनेको नै स्याउ खेती हो । तर जलवायु परिवर्तनको असर यस जिल्लामा प्रष्टै देखिन थालेको छ । पहिला जिल्लाको दक्षिणी सिमाना थसाङमा समेत प्रशस्त मात्रामा स्याउ फल्दथ्यो भने सदरमुकाम नजिक रहेको मार्फा गाउँमा पनि जलवायु परिवर्तनको असरको कारण पहिले जस्तो पर्याप्त मात्रामा स्याउ फल्न छाडेको छ । हिमाली जिल्ला र पहाडै पहाडले ढाकिएको भए तापनि सदरमुकाम जोमसोममा गर्मी महिनाको दिउँसो घाम लागेको अवस्थामा अत्यन्त गर्मी हुन थालेको छ । यदि जलवायु परिवर्तनको असरलाई बेलैमा सम्बोधन नगरी यसको सर्वाङ्गीण संरक्षणमा नलाग्ने हो भने भोलिका दिनहरूमा मुस्ताङ जिल्लाको सदरमुकाम भन्दा तल्लो ईलाका र जोमसोममा समेत स्याउ खेती व्यवसायमा उच्च गिरावट आउन सक्दछ ।

मुस्ताङ जिल्ला उच्च पहाडी दुर्गम हिमाली जिल्ला भएको हुनाले यहाँको जनजीवन अन्य स्थानको भन्दा भिन्नै प्रकारको छ । सदरमुकाम देखि उत्तर तिब्बतसँग सीमाना जोडिएको ईलाका वारी भोटे गुरूङ, विष्ट र ठकुरी जातीहरूको बाहुल्य छ भने दक्षिण तिर थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातीहरूको समेत बसोबास भएको पाईन्छ । यहाँ बसोबास गर्ने बहुसंख्यक गुरूङ तथा थकाली जातीहरू बौद्ध धर्म मान्दछन् ।

यहाँका मानिसहरूले लगाउने लुगा, रहनसहन, संस्कार र संस्कृति नै पर्यटकको मुख्य आकर्षणको विषय बन्ने गरेको छ । तथापि यहाँको मौलिकता पनि हराउँदै गएको छ । यहाँका मानिसहरू जाडो याममा जाडो छल्नको लागि छिमेकी मुलुक तथा नेपालको पोखरा लगायतका स्थानहरूमा झर्ने गर्दछन् भने गर्मी याममा मात्र यहाँ फर्किने गर्दछन् । कतिपय त मुस्ताङ आउनै छाडेका छन् । माथिल्लो मुस्ताङका धेरै

मानिसहरू अमेरिका लगायतका देशहरूमा पलायन भएका छन् । जिल्लाको उत्तरी भेग, तिब्बतियन संस्कृतिबाट प्रभावित छ भने दक्षिणी भेगमा यहाँको आफ्नै संस्कृति र पराम्परा रहेको छ भने केही हदसम्म छिमेकी जिल्लाको पनि प्रभाव परेको छ । यस जिल्लामा बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको हुनाले घ्याङ र गुम्बामा पूजा आजा गर्ने लामा, झुमा बस्ने परम्परा रहेको छ ।

नेपालमा घटित वार्षिक, मासिक तथा दैनिक अपराधको आंकडा हेर्ने हो भने नेपालको सबै भन्दा शान्त जिल्ला मुस्ताङ नै हो । यहाँको वार्षिक अपराधको तथ्याङ्क काठमाडौं लगायतका जिल्लाहरूको एक हप्ताको तथ्याङ्क भन्दा पनि कम छ । यहाँ बसोबास गर्ने मानिसहरूको शान्त स्वभाव, अत्यन्त मिलेर बसेको समुदाय, एक आपसमा सहयोगी भावना तथा मिलनसार र शालीन स्वभावको कारण यहाँ भवितव्य र विपद्का घटनाहरू बाहेक सामान्य प्रकृतिका घटनाहरू पनि घट्दैनन् । आफ्ना मान्यजनहरू प्रतिको आदरभाव, उच्च अनुशासन, पाहुनाहरू प्रति सेवा भाव र इमान्दारिता यहाँ बसोबास गर्ने मानिसहरूको गहना हो भन्दा पनि हुन्छ । जहाँ अनुशासित समाज हुन्छ त्यहाँ अपराध हुँदैन । मानिसहरूमा खराब कार्य गर्न हुँदैन भन्ने भाव आउनु नै अपराध नहुनु हो । त्यसैले मुस्ताङ जिल्लामा देश तथा विदेशका विभिन्न मुलुकहरूबाट पर्यटकहरू धार्मिक तथा ऐतिहासिक स्थानहरूको भ्रमणको लागि ढुक्कका साथ आउने गर्दछन् । ♦♦

कविता

## भरी



✍ **इन्द्रकुमार श्रेष्ठ 'सरित'**

प्रतीक्षाको घडीलाई पलपल गन्दागन्दै
युग बितेको पत्तै भएन ।
शरीरमै घनघोर वर्षा सहेर
उपहासको हुरी बतास सहेर
मिलनको भोक प्यास सहेर
कोही त आउनेछ भन्ने आसमा
टाढा टाढासम्म नजर टिकाउँदा टिकाउँदै
शरीर जर्जर भएको थाहै भएन ।
सम्पूर्ण कष्ट सहेर भए पनि
इच्छित पल प्राप्तिका लागि
आस पल प्रतिपल मरिरह्यो
तर परिचित पदचाप आउने
र,
परिचित पदचाप सुन्नेछु भन्ने अटल
विश्वास कहिल्यै अविश्वासमा बद्लिएन ।

लघुकथा

# स्कुल फिः



✍ घनबहादुर थापा

'भन, किन अर्काको घरमा पसेर पैसा चोऱ्यौ ? समाज, कानून, कसैको अलिकति पनि डर, लाज लागेन ?', अनुसन्धान अधिकृतले उसलाई सोधे ।

उसले आँखा चिम्म गऱ्यो । लामो सास फेऱ्यो । निकै बेरसम्म निरूत्तर रह्यो । तत्काल जवाफ दिनुपर्ने परिस्थितिको वेवास्ता गर्दै ऊ विगतको तन्द्रामा डुब्यो ।

उसको सानै उमेर छँदा क्यान्सर रोगको कारण बाबाको ज्यान गयो । केही समय त आमा आकुल व्याकुल बनिन् । तर केही समयपछि अलिअलि भएको सम्पत्ति पनि खै कसरी हो स्वाहा पारिन् । एक दिन उसलाई बोकेर अर्को बाबुको घरमा लगिन् ।

सुरूमा त राम्रै व्यवहार पनि भयो तर भाइ जन्मिएपछि ऊ घरबाटै निकालियो र सडकमा आइपुग्यो । सडकमै भौंतारिँदा एकजना सन्यासी भेट भए । उनैबाट जीवन रहेसम्म आश नमर्ने शिक्षा पायो । पढेपछि मात्रै जीवन सफल बनाउन सहज हुन्छ भन्ने ज्ञान प्राप्त गऱ्यो । उनकै सहयोगमा स्कुल भर्ना भयो ।

भर्ना त भयो तर स्कुल फि तिर्ने पैसा भएन । फाट्टफुट्ट काम खोज्यो, फुच्चेलाई कसले काम देओस् । एक त काम गर्ने समय पनि भएन । अर्को बस्ने ठाउँ, खाने ठाउँ, लगाउने लुगाफाटो, हिँड्ने गोरेटो सबै उसका लागि आकाशको फल सावित भयो । रगतको प्लाज्मा बेचेर आएको पैसा पनि किताब, कपि, खानेकुराको जोहो गर्दै सकियो । विकल्प केही नभएपछि आम्दानीको बाटोमा भोटे ताल्चा लाग्यो । अब उसको लागि दुई विकल्प थिए, पहिलो– स्कुल छाड्ने वा दोस्रो– चोरी गर्ने । आफ्नो लगनशीलता र भविष्य कोर्ने गोरेटोरूपी पढाइ छोड्न मन भएन । त्यसैले उसले दोस्रो विकल्प रोज्यो र कसैको घरमा सुटुक्क छिऱ्यो ।

'ओ भाइ, किन टोलाएको ?', अनुसन्धान अधिकृतको चर्को आवाजले ऊ झसङ्ग भयो ।

'केही होइन सर, .... म भन्छु', उसको मुखबाट अड्की अड्की यिनै

पाँच शब्द र आँखाबाट बरर आँसुको नदी एकैचोटी बग्यो ।

उसको हाउभाउ र रोदन मिश्रित टिठलाग्दो अनुहार देखेर अनुसन्धान अधिकृत पनि नौनीघिउ बने । उनले भने, 'त्यसो भए भन त भाइ त्यतिका धेरै धनदौलत भएको घरमा पुगेर पनि तिमीले जम्मा पन्ध्र हजार रूपियाँ मात्र किन चोऱ्यौ ?'

उसले नम्र हुँदै भन्यो, 'सर मलाई स्कुल फि तिर्न त्यति मात्रै पैसा चाहिएको थियो ।' ♦♦

**कविता**

# मेरो देश



✍ **दिपक बानियाँ**

कति सुन्दर छ, मेरो देश ।
कति सुन्दर छ, हाम्रो भेष ।।

कतै छ, उच्च पहाड
हरियालीले भरिएको ।
स्वर्गको एक टुक्रा खसे झैं लाग्ने
लालिगुँरासले सजिएको ।।
झरनाहरू खसेर आएको आवाज
कति मिठो संगितको जस्तै धुन निस्कँदा
पीडाले असह्य भयका मनहरूलाई पनि
क्षण भरमै शान्त बनाई दिन्छ ।
कति सुन्दर छ, मेरो देश ।
कति सुन्दर छ, हाम्रो भेष ।।

कतै छ, उच्च पहाड
जसलाई अकुत जडीबुटीको खानी मानिन्छ ।
नेपाल मात्र यस्तो देश हो,
भेग अनुसारको हावापानी पाइन्छ ।।
संसारकै अग्लो, सगरमाथा छ यहाँ ।
यस्तो स्वर्ग जस्तो ठाउँ, पाइन्छ अन्त काहाँ !!

कति सुन्दर छ, मेरो देश ।
कति सुन्दर छ, हाम्रो भेष ।।

आज संसारकै मानिसले,
हामीलाई हेरेको छ नियाली
सगरमाथाको देश भनेर,
बनेका छौं चिनारी।
गर्न पाएका छौं ठाडो शिर
दुनियाँको सामु, निडर आफू भइकन ।
विभिन्न बस्छौ जातजाती यहाँ,
भाषाभाषी हाम्रो, पहिचान ।।
नेपालको शान म हुँ भनि
उभिएको छ, सगरमाथा ।
हाम्रो आफ्नै पहिचान छ ।
नेपालमा बोलिने सबै नेपाली
जातजातीका मातृभाषा ।।

# सवारी दुर्घटना न्यूनीकरण आजको आवश्यकता



✍ प्र.नि.जनार्दन घिमिरे

मानव सभ्यताको क्रमिक विकाससँगै मानिसले आफ्नो कार्य सहजताको लागि विभिन्न यन्त्र उपकरण र प्रविधिको पनि विकास गर्दै लग्यो । विकास गरिएको प्रविधिले एकातिर मानिसलाई जीवनयापनमा सहजता बनाउदै लग्यो भने अर्को तर्फ त्यही प्रविधिको कारण मानिसले ठुलो मात्रामा भौतिक तथा आर्थिक क्षति समेत बेहोर्नु परेको छ । त्यस्तै प्रविधि मध्ये एक हो सवारी साधन । हो सवारी साधन मानव जातिले आविष्कार गरेको विभिन्न प्रविधि मध्येको एउटा महत्त्वपूर्ण यन्त्र हो । सवारी साधनको विकासले एकातर्फ मानिसलाई एक स्थानबाट अर्को स्थानसम्म सहजै आवतजावत गर्न सजिलो बनाउनको साथै विभिन्न मालसामान ढुवानी समेतमा सहजीकरण भएको छ भने अको तर्फ त्यही सवारी साधनको कारण ठुलो मात्रामा धनजनको क्षति व्यहोर्नु परेको छ ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार विश्वभर वार्षिक करिब १३ लाख मानिसले सवारी दुर्घटनाको कारण ज्यान गुमाउने गरेका छन् । यो तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने हरेक २४ सेकेण्डमा १ जनाको मृत्यु सवारी दुर्घटनाको कारण हुने गरेको देखिन्छ । यसै गरी हरेक वर्ष २ करोड देखि ५ करोड व्यक्ति सवारी दुर्घटनाकै कारण घाइते हुने गरेका छन् । यो तथ्याङ्कलाई नै हेर्ने हो भने सवारी दुर्घटनाको अवस्था कति भयावह छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

नेपालको सन्दर्भमा चर्चा गर्ने हो भने सडक र सवारी साधनको इतिहास धेरै पुरानो छैन । नेपालमा सवारी साधनको लागि भनेर पहिलो सडक काठमाडौंमा सन् १९२४ मा बनेको थियो भने नेपालको पहिलो राजमार्ग त्रिभुवन राजपथ सन् १९५१ मा सुरू भएर सन् १९५६ मा निर्माण सम्पन्न भएको थियो । त्यस यता

नेपालमा हाल सम्म नेपालमा ३५ हजार किलो मिटर भन्दा लामो सडक सञ्जाल निर्माण भइसकेको छ । नेपालमा सवारीसाधनको प्रयोगमा भइरहेको वृद्धि र सवारी दुर्घटनाको अवस्थालाई हेर्ने हो भने वार्षिक औषत २२ सय जना भन्दा बढी व्यक्तिको मृत्यु सवारी दुर्घटनाको कारण हुने गरेको देखिन्छ ।

नेपाल प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/०७८ मा सवारी दुर्घटनाको कारण २ हजार ५ सय जनाले ज्यान गुमाएका थिए भने ६ हजार ४ सय भन्दा बढी व्यक्ति गम्भीर घाइते भएका थिए । यसै गरी आर्थिक वर्ष २०७८/०७९ मा २ हजार २ सय ८८ जनाले ज्यान गुमाएका थिए । सो वर्ष भएको दुर्घटनामा परी ७ हजार २ सय ८२ जना गम्भीर घाइते भएका थिए । त्यस्तै आर्थिक वर्ष २०७९/०८० मा सवारी दुर्घटनामा परी २ हजार ३ सय ६८ जनाले ज्यान गुमाएका थिए भने ५ हजार ७ सय ३८ जना गम्भीर घाइते भएका थिए । यसै गरी यस आर्थिक वर्षको भाद्र महिना सम्ममा ३ सय १५ जनाको मृत्यु भएको छ भने १ हजार भन्दा बढी गम्भीर घाइते भएका थिए ।

सवारी दुर्घटनाको अवस्थालाई हेर्ने हो भने आर्थिक वर्ष २०७७/७८ मा २० हजार ६ सय ४० वटा सवारी दुर्घटना भएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा २४ हजार ५ सय ३७ र आर्थिक वर्ष २०७९/८० मा २३ हजार ५ सय ९७ सवारी दुर्घटना भएको देखिन्छ । यो तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने यसबाट हुने मानवीय तथा भौतिक क्षतिको विवरण सहजै अनुमान लगाउन सकिन्छ ।

सवारी दुर्घटनाको सम्बन्धमा अध्ययन गर्दा हरेक वर्ष सवारीको दुर्घटनाको क्रम बढ्दो अवस्थामा छ । यसरी हरेक वर्ष हुने सवारी दुर्घटनाको अवस्थालाई हेर्ने हो भने सवारी दुर्घटनामा मुख्यतया तीन पक्ष सडक, सवारी र यात्रु संलग्न हुन्छ । यस कारण सवारी दुर्घटनाको कारणलाई हेर्ने हो भने सवारी दुर्घटनामा कुनै एउटा कारण र एउटा पक्ष मात्र जिम्मेवार छैन अर्थात् सवारी दुर्घटनामा कुनै एउटा पक्षलाई मात्र दोष दिन मिल्दैन । यसमा भौगोलिक अवस्था, सडकको अवस्था, चालकमा पर्याप्त मात्रामा ज्ञान र अनुभवको कमीको साथै चालकको लापरबाही, अत्याधिक भार बहन, क्षमताभन्दा बढी यात्रु ओसारपसार, सवारी साधनको मेसिनरी अवस्था ठिक नहुनु, पैदलयात्रुले जथाभावी बाटो काटिदिनु, आदि जस्ता कारणहरू रहने गरेका छन् ।

यसै गरी तिव्र गतिमा सवारी

साधन चलाउनु, जथाभावी ओभरटेक गर्नु लेन अनुशासनको पालना नगर्नु, मादक पदार्थ तथा लागु औषधको प्रयोग गरी सवारी साधन चलाउनुजस्ता कारणले पनि सवारी दुर्घटना हुने गरेका छन् । सवारी दुर्घटना हुने अन्य कारणमा सडकमा जथाभावी पशु चौपाया छोडी दिनु, सडकमा निर्माण सामग्री राखिदिनाले पनि सवारी दुर्घटना हुने गरेको छ । साथै सडकको रोड फर्निसिङ अर्थात जेब्रा क्रसिङ; सडक बत्ती आकासे पुल तथा सव वे आदिको पर्याप्त व्यवस्था नहुनुको साथै त्यसको उचित प्रयोग नहुने कारण पनि सवारी दुर्घटना हुने गरेका छन् ।

यसरी समग्रमा भन्नु पर्दा सवारी दुर्घटनामा मुख्यतया ३ वटा तत्वको प्रमुख भूमिका रहेको पाउन सकिन्छ । पहिलो भनेको यान्त्रिक कारण दोस्रो सडकको अवस्था र तेस्रो भनेको मानवीय कारण । यान्त्रिक कारण भन्नाले सवारी साधनको यान्त्रिक अवस्था ठिक नहुनु यसै गरी सडकको अवस्था भन्नाले साँघुरो सडक, घुमाउरो इत्यादि विभिन्न अवस्था जनाउँछ भने मानवीय कारण भन्नाले चालक, यात्रु र पैदल यात्रुको कारण हुने सवारी दुर्घटना जनाउँदछ ।

यसरी दैनिक रूपमा हुने सवारी दुर्घटना न्यूनीकरणको लागि नेपाल प्रहरीले चाहिँ के गरेको छ त ? भन्ने सन्दर्भमा प्रश्न उठ्न सक्छ । नेपाल प्रहरीको सन्दर्भमा सडक र सवारी व्यवस्थापनमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापनको लागि एउटा छुट्टै निकाय रहेको छ । हुन पनि सवारी दुर्घटना र यसको लागि काठमाडौं उपत्यकामा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय यसै गरेर सातवटै प्रदेशमा प्रहरी उपरीक्षकको कमाण्डमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रहेका छन् भने प्रत्येक जिल्लामा जिल्ला ट्राफिक कार्यालय मार्फत राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा काम भइरहेको छ । विशेषत ट्राफिक कार्यालयमा कार्यरत प्रहरी कर्मचारीको प्रमुख काम भनेको सडक र सवारी सधनलाई व्यवस्थित गरी सवारी दुर्घटना र त्यसबाट हुने क्षतिको नियन्त्रण नै हो ।

यसै गरेर सडकमा हुने दुर्घटना न्यूनीकरणको लागि प्रहरीले गर्ने प्रमुख काम भनेको सचेतना अभिवृद्धि नै हो यसको लागि प्रमुख रूपमा सवारी चालक तथा यात्रुहरूलाई विभिन्न सचेतनामूलक जानकारी प्रदान गर्ने, समुदाय तथा विद्यालयमा गएर विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्ने लगायतका काम प्रहरीले गर्दै आएको

छ । यसका साथै राजमार्गको अवस्था हेरेर टाइमकार्ड लागू गर्ने त्यसको अनुगमन गर्नै साथै सवारी नियम पालना नगर्ने सवारीचालकलाई सम्झाई बुझाई तथा कारबाहीको दायरामा ल्याउने काम समेत हुँदै आएको छ । यसै गरेर सवारी चालकलाई सचेतना सम्बन्धी अनुशिक्षण प्रदान गर्ने, चालकको स्वास्थ्य परीक्षण, यान्त्रिक परीक्षण सहितको चेकजाँच गर्ने कार्य समेत प्रहरीले गर्दै आएको छ । यसका साथै विभिन्न समयमा प्रहरीले सडक तथा सवारी सुरक्षा कार्ययोजना बनाउदै त्यसको कार्यान्वयन गर्दै आएको छ भने अर्को तर्फ चाडपर्व लक्षित छुट्टै सुरक्षा कार्ययोजना समेत निर्माण गरी त्यसको कार्यान्वयनमा जोड दिंदै आएको छ ।

यसरी समग्रमा भन्नु पर्दा सवारी दुर्घटनामा जसरी विभिन्न पक्ष जिम्मेवार रहन्छन् त्यसै गरी यसको नियन्त्रणको लागि पनि एउटा पक्षको एकल प्रयासबाट मात्र यसको नियन्त्रण हुन कठिन छ । त्यसको लागि सवारी चालक यात्रु तथा पैदल यात्रु आफैं सचेत हुने हो भने सवारी दुर्घटना एक हदसम्म नियन्त्रण हुन सक्छ । यसको लागि सवारी साधन चलाउँदा होसियारी पूर्वक चलाउने, मादक पदार्थ तथा लागु पदार्थ सेवन गरी सवारी साधन नचलाउने, सवारीको क्षमताअनुसार मात्र यात्रु चढाउने, बाटोमा यात्रुलाई तोकिएको स्थानमा मात्र चढाउने तथा झार्ने यसै गरेर पैदल यात्रीले बाटो काट्दा दायाँ बायाँ हेरेर मात्र बाटो काट्ने, सवारीमा चढ्दा वा ओर्लंदा सवारी पूर्ण रूपमा रोकिएपछि मात्र चढ्ने र ओर्लने गर्नु पर्दछ । यसै गरी मालबाहक सवारी साधनले पनि क्षमता अनुसार मात्र ओसारपसार गर्ने गर्नु पर्दछ । यसै गरी सवारी चलाउँदा सिटबेल्ट तथा मोटरसाइकलको हेल्मेटको दुरूस्त प्रयोगको साथै सवारीसाधनको यान्त्रिक अवस्थाको समेत दुरूस्त छ छैन यसको समय समयमा चेकजाँच गर्ने र समय समयमा मर्मत सम्भार गर्ने कार्य गर्नु पर्दछ ।

यसै गरी सडकको अवस्था हेरेर सवारी साधनको गती निर्धारण गर्ने, लेन अनुशासनको पालना गर्ने, सके सम्म सवारी साधनलाई ओभरटेक नगर्ने गर्नै परेमा विपरीत दिशाबाट आएको सवारी साधनको अवस्था एकिन गरेर मात्र ओभरटेक गर्ने कार्य गरेमा मात्र पनि दुर्घटना न्यूनीकरण गर्न सकिन्छ । 'विस्तारै गए अवश्य पुगिन्छ, हतार गरे भन्न सकिन्न' भन्ने भनाईलाई आत्मसाथ गर्न सक्यो मात्र भने पनि सवारी दुर्घटना न्यूनीकरणमा ठुलो टेवा पुग्न सक्छ । ◆◆◆

नियात्रा

# ठिनीको उकालो



✍ लीलाराज दाहाल

"मुस्ताङ जानु, ठिनी गाउँ र धुम्बा ताल नजानु ! के अर्थ भयो र !" जोमसोम ओर्लेदेखि नै हाम्रो मन तुलबुल भइरहेको थियो ! विक्रमाब्द २०८० साल श्रावण ६ गते दिनको १२ बजे हामी जोमसोम आइपुगेका थियौं ! हाम्रो यायावरी यात्राका अगुवा हुनुहुन्छ- ख्यातिप्राप्त स्रष्टा दाजु खगेन्द्र गिरी "कोपिला" ! जोमसोममा उत्रेदेखि नै हामीलाई यहाँको वेगिलो हावाले स्वागत गरिरहेको थियो ! त्यसो त जोमसोमको हावा देशभरि मै प्रसिद्ध छ ! आजको दिन भने हामीले जोमसोमको हावा धेरैबेर बेहोर्न परेन !

खगेन्द्र दाजुले भन्नुभयो, "भाइ, आज यहाँ नबसौं ! मुक्तिनाथ नै जाउँ ! भोलि यहाँ बसौंला !"

भोलिपल्ट बिहानको खाना खाएर हामी फेरि मुक्तिनाथबाट जोमसोम झरेका थियौं ! मुस्ताङ हेरिटेज होटलमा कोठा लियौं ! होटलको काउन्टरमा नाम दर्ता गराएर माथिल्लो तलाको कोठामा झोला थन्क्याएपछि होटलकी साहुनी थकाली दिदीसँग केहीबेर गफियौं ! धुम्बा ताल र ठिनी गाउँको बारेमा उनैसँग जानकारी लियौं !

उनले भनिन्, "धुम्बा ताल धेरै टाढा छैन ! पाँच छ किलोमिटर हो यहाँदेखि ! छिटो हिँड्ने मान्छेलाई एक घण्टाको बाटो त हो ! तपाईंहरूलाई बढीमा दुई घण्टा जति लाग्ला ! ठिनी गाउँ पनि राम्रो छ !"

अनि कालो चिया पिएर हामी फुक्काफाल भएका थियौं ! हाम्रो मनभरि उत्साहको लहर सलबलाई रहेको थियो ! २०८० साल साउन ७ गते दिनको १ बज्ने सुरसार गर्दै थियो ! पानीको बोतल, भुटेको चना र काजु हाम्रा साथी छँदै थिए ! यिनैका साथ लागेर हामी बिस्तारै होटलबाट बाहिरियौं ! जोमसोम बजारको मध्य भागमा रहेको मुस्ताङ हेरिटेज होटलबाट कालीगण्डकीको पुल तरेर पूर्वतर्फ तेर्सो तेर्सो हिँडेर हामी मुल बाटोमा निस्कियौं !

"आजको हाम्रो गन्तव्य ठिनी

गाउँ र धुम्बा ताल हो !" खगेन्द्र दाजुले खुसीको लहरमा लहरिँदै यति भन्दा मेरो मन पनि उमङ्गले फुर्किरहेको थियो !

तेर्सो तेर्सो हुँदै हाम्रो बाटो पूर्व दक्षिणतिर उकालियो ! यहाँ आइपुग्दा हामीलाई फेरि दिशाभ्रम भयो ! कुन दिशातिर गइरहेका छौं भन्ने अनुमान गर्न पनि गाह्रो भइरहेको थियो ! होटलबाट निस्कँदा पूर्वतर्फ लाग्यौं जस्तो लागेको थियो ! अहिले फेरि दोधार भएको छ ! मोबाइलको संयन्त्रले पश्चिम जाँदैछौ भन्दैछ भने हाम्रो मनले पूर्व दक्षिण जाँदैछौं भन्दैछ ! केही बेरमा हामी अलिमाथि उचाइमा पुग्यौं ! जति माथि पुग्यो, झन् झन् हावाको धक्का महसुस गरिरहेका थियौं !

माथिको उचाइबाट त जोमसोम बजार, एअरपोर्ट र स्याउका बगैंचाहरू साह्रै सुन्दर देखिँदा रहेछन् ! तीनतिरबाट उजाड सुख्खा हिमालहरूद्वारा घेरिएर कालीगण्डकीको काखको गहिरो खोंचमा टुक्रुक्क बसेको जोमसोम बजारले किन किन हाम्रो ध्यान तानिरहेको थियो ! हावा र स्याउका नामले प्रसिद्ध जोमसोमलाई हामी केहीबेर हिँड्दै अनि फेरि फर्केर हेर्दै गरिरहेका थियौं ! मध्यान्हको घाम, जोमसोमको हावा र ठिनीको उकालो हामीलाई सताउन तँछाडमछाड गरिरहेका थिए ! एक घण्टाको हिँडाइले नै हामी पर्याप्त थाकिसकेका थियौं तर हाम्रो मनको जोश भने घटेको थिएन !

"भाइ, एउटा फोटो खिचौं है !" खगेन्द्र दाजुको अनुहारमा उत्साहको लहर सल्बलाइरहेको थियो ! स्याउका बगैंचा र जोमसोम बजारलाई मध्यभागमा पारेर फोटो खिच्ने काम सम्पन्न गर्यौं र फेरि उमङ्गका पाइला टेकेर यात्रालाई अगाडि बढायौं !

ठिनी गाउँ आइपुग्यो ! रमाइलो रहेछ गाउँ ! सांस्कृतिक रूपमा असाध्यै धनी रहेछ यो गाउँ ! अधिकांश थकाली र थोरै गुरूङहरूको बसोबास रहेको ठिनी गाउँ अग्लो ठाउँमा भए पनि हरियाली युक्त समथर फाँटका कारण सुन्दर रहेछ ! छेउछेउमा स्याउका बगैंचा र बिचमा गुजुमुज्ज परेको बस्ती ठिनी गाउँको विशेषता रहेछ ! स्याउका बोटहरूमा चिचिला फल झुलिरहेका थिए ! स्याउको बगैंचा छेउमा रहेको बाटोमा केहीबेर सुस्तायौं ! पानी पियौं अनि चनाका दाना टोक्न थाल्यौं !

"यो समय मुस्ताङ आउन उपयुक्त समय होइन रहेछ !" मेरो मनमा खेलिरहेको यो कुरालाई मैले धेरैबेर मनभित्रै राखिरहन सकिनँ ! ओठबाट फुत्की त हाल्यो !

"त्यसो होइन नि भाइ ! सबैभन्दा राम्रो समय यही हो मुस्ताङ आउनलाई !" खगेन्द्र दाजु मेरो कुरालाई सच्याइरहनु भएको थियो ! हिमाली क्षेत्रमा यात्रा गर्ने उपयुक्त समय वर्षात नै हो भनेर

उहाँ जोड गरिरहनु भएको थियो ।

"खोइ, मुस्ताङ आएर एउटा दानो स्याउ पनि चाख्न पाएको होइन ! अनि के उपयुक्त समय हो भनेर भन्नु !" स्याउका बोटहरूमा झुण्डिरहेका स्याउका चिचिला दानाहरूतिर हेर्दै मैले भनें ।

"स्याउ खाने बेला त असोज कार्तिकतिर हुने रहेछ ! "मैले मुस्ताङको स्याउ खाने अनुमानित समय भन्नै लागेको थिएँ ! खगेन्द्र दाजुले उछिनेर भन्नुभयो, "स्याउ खान नपाएर के भयो र भाइ ! भरे जोमसोम झरेर स्याउको मार्फा चाखौंला नि !"

स्याउको मार्फाको उच्चारण गरिरहँदा दाजुको अनुहार केही अप्राप्य वस्तु फेला पारेको बालकको जस्तो उज्यालो देखिएको थियो ! खुसीको लहर त मेरो अनुहारमा पनि प्रकट भइरहेको थियो !

हामी हिंडिरहेका थियौं धुम्बा ताल पुग्ने बाटैबाटो ! बाटातिर भेडा र च्याङ्ग्राका बथानको सामना गर्नु परेन हामीले ! चौंरी गाई र याकहरूले पनि कुनै दुःख दिएनन् ! उनीहरू त पर पर काँडेदार बुट्यानहरूमा चरिरहेका थिए ! ठिनी गाउँ माथिको म्हानेलाई टाढैबाट अवलोकन गरेर हामी अगाडि बढिरहेका थियौं !

गाउँ सकियो ! हाम्रो बाटो पनि ओरालो लाग्यो ! दुईवटा बाटो आएकाले हामी अल्मलियौं ! बाटो सोध्नलाई कोही भेटिन्छ कि भनेर हामी यताउता नियाल्दै थियौं ! तल खोलाको किनारमा पहरो ताछिरहेको स्क्याभेटर देखेर मन प्रसन्न भयो ! नजिकै पुगेपछि स्क्याभेटर चलाइरहेका अपरेटरलाई सोधें, "धुम्बाताल पुग्ने बाटो कुन होला ! हामी त अल्मलियौं !"

हामी हिंडिरहेको बाटो नै सही रहेछ ! खोलाबाट फेरि बाटो उकालो लाग्यो ! हामीले बोकेको पानीको बोतल रित्तिइसकेको थियो ! रित्तो बोतलले हामीलाई भनिरहेको जस्तो लाग्यो, "म त सकिएँ है ! यो मध्यान्हको उखुम गर्मीमा के पिउँछौ अब ! अघिदेखि नै अलि फारो गरेर पिउनु पर्दैन मलाई ? खुच्चिङ !!"

वेगिलो बतास र चर्को घामका कारण मेरो पनि ओठ मुख सुकिसकेको थियो ! शरीरबाट बर्खे खोला झैं पसिना बगिरहेको थियो ! हामीलाई अलमल गर्ने छुट थिएन ! धुम्बा ताल पुगेर बेलुका जोमसोम फर्किनै पर्ने बाध्यताको डोरीले बाँधिएका थियौं हामी ! त्यसैले हाम्रो पैदल यात्रा अनवरत रूपमा चलिरहेको थियो ! बाटोभरि भेडा, च्याङ्ग्राका बड्कौला र खच्चरका लितिको गन्धले सिधैं प्रवेश पाइरहेका थिए हाम्रा स्वास नलीको भित्रैसम्म ! हामी असिनपसिन हुँदै लम्किँदै थियौं गन्तव्यतिर ! अलिमाथि पुगेपछि फेरि अर्को गाउँ आइपुग्यो !

एउटा पसल पनि भेटियो बाटोमा ! सय रूपैयाँमा दुई बोतल पानी लिएपछि भने हाम्रो शरीर पानीबाट बाहिर निकालेको माछालाई फेरि पानी मै छोडे जस्तो आनन्दित भएको थियो !

यस गाउँलाई पनि धुम्बा ताल नै भन्दा रहेछन् ! बाटो अब तेर्सो तेर्सो हुँदै तालको नजिकै पुगेर अडियो ! तालको प्रवेशद्वार भित्रपट्टि चिया खाजाको होटल रहेछ ! खगेन्द्र दाजु होटलभित्र पसेर सोधखोज गर्न थालिसक्नु भएको थियो ! मचाहिँ माइती हिँडेकी युवती झैं लम्केर सिधैं ताल छेउमा पुगेर मात्रै अडिएँ !

हिमालमा अवस्थित ताल त्यसै पनि सुन्दर हुन्छ ! हरियो कञ्चन पानीको दह ! ताल खासै ठूलो त होइन ! २८३० मिटरको उचाइमा रहेको यस ताल लगभग ३०० मिटर लम्बाइ र करीब १५० मिटर चौडाइमा फैलिएको यो ताल नियाल्न आँखाको अगुवाइमा शरीरलाई पछि लगाइरहेको थिएँ ! तालबाट नीलगिरि हिमालको मनमोहक दृश्यावलोकन गर्दा मन भने खुसीले त्यसै त्यसै रमाइरहेको थियो !

उजाड, वनस्पतिविहिन सुख्खा हिमालहरूको काखमा रहेको यस ताललाई बौद्ध धर्मावलम्बीहरूले असाध्यै पवित्र मान्दा रहेछन् ! यो तालको पानीको श्रोत भनेको नीलगिरि हिमालमा पर्ने हिउँ रहेछ ! धुम्बा ताल भनेको जोमसोमको मणि हो भनेर कतै पढेको थिएँ ! साँच्चै हो रहेछ ! वरिपरि अग्ला रूखहरूद्वारा घेरिएको, चारैतिर फलामे रेलिङ लगाएर संरक्षण गरिएको धुम्बा तालले वर्षौंनी हजारौं पर्यटकहरूलाई मुस्ताङमा भित्र्याउने अनुमान गरी तालमा उठिरहेका मसिना मसिना छालहरूको अवलोकनमा मग्न थिएँ म ! तालको पानीको सम्मुख भएर बेञ्चमा बसेर धुम्बा तालको सौन्दर्य नियालिरहँदा जोमसोमको आकर्षण यो ताल पनि हो भन्ने मेरो मनले पनि स्वीकार गरिसकेको थियो ! कञ्चन हरियो रङ्गको पानी छोएर आएको बतासको चिसोपनले शरीरको थकान पनि बेपत्ता भइसकेको थियो !

"भाइ, एक्लैएक्लै यहाँ बसेर तालको सौन्दर्यपान गरिरहँदा दाजुको याद आएन ?" खगेन्द्र दाजु होटलमा बसेर मानिसहरूसँग यहाँको वस्तुस्थितिको जानकारी लिई नियात्राको सामल जुटाएर भर्खर तालछेउमा आइपुग्नु भएको थियो !

"कति सुन्दर ताल, हगि भाइ !! कति हरियो कञ्चन पानी ! कति सफा ! हेरिरहुँ लाग्ने धुम्बा ताल ! रारा र शेफोक्सुण्डो भन्दा के कम छ र यो सुन्दरतामा ! जोमसोमबाट खासै टाढा पनि होइन ! यो ताल त साँच्चै अन्यायमा परेको रहेछ !" दाजु अब भावनाको तालमा पौडिन थालिसक्नु भएको थियो ! तालको

चारैतिर घुमेर हेर्यौं ! ताल छेउमा रहेका बेञ्चमा बसेर पानीको लहरसँगै हामी पनि निकैबेर लहरायौं !

धुम्बा ताल हेरेर, घुमेर यतिछिटै अघाउनु सम्भव थिएन ! समय घर्किरहेको थियो ! दक्षिण पश्चिमतिर हिमालको थुम्कोमुनि झर्न लागेको सूर्यले भन्दै थियो, "ल है, केटा हो ! तिमीहरू ताल हेरेरै बसिराख ! म चाहिं पतालतिर लागें अब !"

बेलुकाको शक्तिहिन सूर्य पहेँलिएर तलतल झरिरहेको थियो ! हामीले फेरि भेट्ने बाचासहित धुम्बा ताललाई बिदाइका हात हल्लायौं !

तलको गाउँमा आएर एकछिन सुस्ताउने र चिया पिएर झर्ने सल्लाह अनुसार एउटा होटलमा पस्यौं ! एउटी बुढी आमाको होटल रहेछ बाटैमा ! थाकेको ज्यानलाई केहीबेर आराम दिने उपायको खोजीमा थिएँ म पनि ! होटलको अगाडि भागमा फूलबारी सजाएको देखेर मैले ती आमासँग जिज्ञासाको पोको फुकाएँ ! ती आमाले भन्नुभयो, "मैले त के सक्नु ! नातिले लगाएको हो फूलका बिरूवा !"

गफ गर्दै जाँदा थाहा भयो ! ती आमाको नाम छेतेन डोल्मा र माइती लोमान्थाङ रहेछ भने पूर्खाहरू तिब्बतबाट आएका रहेछन् ! तिब्बती लामा संस्कारमा हुर्केकी छेतेन डोल्माले हामीलाई यताको जनजीवन, धुम्बा ताल, कुचुप तेरेङ्गा गुम्बा र लामा परम्पराका बारेमा धेरै कुरा बताउनु भएको थियो !

"एकदुई दिन घुम्न रमाइलो लागे पनि यहाँको जनजीवन त साह्रै कष्टकर पो छ त !" छेतेन डोल्मा यस्तै यस्तै केही भनिरहनु भएको थियो !

मैले धुम्बातालको बारेमा पनि केही जिज्ञासा राखेको थिएँ ! छेतेन डोल्मा आमाले भन्नुभयो, "यो तालको पानी लगेर माथि कुचुप तेरेङ्गा गुम्बामा पुजा गर्छौं हामी ! मैले सानै उमेरमा सुने अनुसार धेरै अघि यो तालको पानी एक्कासी रातो भयो ! बौद्ध भिक्षुले आफ्नो तान्त्रिक शक्तिद्वारा पानीलाई फेरि पुरानै रङ्गमा फर्काउनु भयो !"

मैले फेरि तालमा देखिएका माछाको बारेमा कुरा उप्काएँ ! छेतेनले फेरि भन्नुभयो, "यो तालको माछा धार्मिक कारणले कसैले पनि खाँदैनन् ! हेर्नलाई मात्रै हो !"

हामीलाई उहाँको कुरा मार्मिक र रोचक लागिरहेको थियो ! यहाँको वरिपरि खेती, व्यापार व्यवसाय, धार्मिक र सांस्कृतिक अवस्थाका बारेमा गफको सिलसिला चलुञ्जेल चिया तयार भइसकेको थियो ! चिया पिएपछि दाजुले टिम्मुरको धुलो पनि लिनुभयो र बाटोभरि गफ गर्ने विषय त्यही अक्सिजन वृद्धि चुर्णलाई बनाउँदै हामी खुरूखुरू जोमसोमतिर ओर्लियौं !

झम्के साँझपछिको कलिलो रातको अँगालोमा बेरिएको जोमसोम बजार बिजुली बत्तीको उज्यालोमा आफू भित्रभित्रै मुस्कुराइरहेको थियो ! ♦♦

**लघुकथा**

# तीजको उपहार



✍ **ललिता 'दोषी'**

उमाले भनिन्– "होइन किन टोलाउनु भएको ? मलेसियाबाट ल्याएको पैसा बाटोमै लुटिएको वास्तविकता ओकलेको भए पीर नै गर्नु पर्दैनथ्यो ।"

"तिमीलाई थाहा नै छ दिदीहरू मलाई मुटुको टुक्राजस्तै गर्नुहुन्छ । यस्तो दुःखको कुरा सुनाएर म उहाँहरूलाई पीडा दिन पटक्कै सक्दिनँ । साहिँली दिदीको सासूससुरा भएको घर छ, के भन्लान् ? फेरि अरूलाई पनि कसरी छुटाऊँ ? गरिबको लागि यो चाड पनि गलाको पासोझैं भयो उमे ! के गर्ने, के नगर्ने सोच्न नै सकेको छैन ।" राजनले बह पोखे ।

उमाले सम्झाइन्– "छोरीचेली कसैलाई पनि छुट्ट्याउनु नै हुँदैन । दसैंमा बेच्नुपर्ने टप अहिल्यै बेचिदिऊँ । ल फोन हान्नुहोस् । आमा भने पनि बाबु भने पनि ती मायालु दिदीहरूका हामी मात्र त हौं ।"

फोन उठाउँदै राजनले भने– "दिदी ढोग गरें । म नै फोन गर्छु भन्दै थिएँ । सबै आरामै हुनुहुन्छ नि ?"

शान्तिले उत्तर दिइन्– "हामी सबै सन्चै छौं । साँच्चि कान्छु ! तिमी चार वर्ष मलेसिया बसेर आएपछि हल्लेर पो खान थाल्यौ । देवर बाबूले खुद्रा पसल बेचेर विदेश जाने अरे ! साह्रै बिक्री हुने पसल छ । हामी चारै दिदीबहिनी मिलेर तिम्रा लागि त्यो पसल किनिदिने भयौं । भोलि नै उताको थान्कोमान्को लगाएर यहाँ आव । यस पालिको दर नयाँ पसलमा नै खानुपर्छ ।"

राजनले केही बोल्न नसकी फोन राखे ।

उमाले सम्झाइन्– "पीर नगर्नुहोस् । हामीले कमायौं भने चेलोबेटीको सबै पैसा तिरौंला । तपाईंले फोन थिचेर टोलाउन थाल्नुभयो होला । उहाँहरूले हाम्रो कुरा सुनेर नै यो निर्णय लिएको हुनुपर्छ । यो भगवान्कै चमत्कार सम्झौं । तीजले दिएको उपहार सम्झौं बस् ।"

# मैदानी चेत



✍ डा.छायादत्त न्यौपाने 'बगर'

जीवनले अधर खोल्दा सृष्टि मुस्कुराउँछ । मुस्कान छुट्ने अधरमा जीवन सौन्दर्य अटाउँछ । बहुजन हिताय बहुजन सुखायले पछ्याउने सृष्टि सौन्दर्यको सारथि मानव जीवन । मान्छेलाई समाज निर्माण गरी सामूहिक जीवन बाँच्ने रहरले कज्यायो । स्वकर्मले नवीन स्वादपारखी बनायो । कर्मशील स्वभावकै जराबाट धर्मले पालुवा फिकेर जीवन्त बनेको हो । कर्म नै धर्म, धर्म नै कर्म एक रथका दुई पाङ्ग्रा ठहरिए । मानवीय संवेदनाले सुमसुम्याउँदा दुवैको अधर खोलिएको हो । खुलेका अधर मै त हो झल्कने जीवन सौन्दर्य । यसको संवाहक कर्मकर्ता हो मान्छे । यही सौन्दर्ययुक्त कर्तव्य हो प्राणीहित । हितमै सुरक्षित बस्छ धर्म ।

मान्छे सुख चाहन्छ । मानवीय स्वभाव हो सुखको खोजी । सुखमा रमाउने ध्याउन्नले हो मान्छेलाई सक्रिय बनाउने । यसले सङ्घर्षका भञ्ज्याङहरू छिचोलेर शीतल बगैँचामा सैर गराउँछ । यसैमा सक्रिय जीवन नवअनुभव-अनुभूतिको जोहो गरेर फरक स्वादको खुराक प्राप्त हुन्छ । यहींबाट गतिवान् जीवनको गहिराइ नाप्न मान्छेले भिन्न समाज, भूगोल र प्रकृतिको निरीक्षण गर्छ । निरन्तर साधना गर्ने धैर्यले मान्छेलाई शालीन बनाउँछ । शालीनता नै जीवनको जरोमा पुगेर मर्म देख्ने दृष्टि हो । यसैमा फक्रिने हो जीवन । धर्मकर्म जीवनका अङ्ग हुन् र सार्थक जीवनका मूल । गन्तव्य तय गर्ने सक्रियताले मान्छे सम्पन्न बन्छ ।

जिउने विधिले बेग्लै लाग्छ मान्छे । आपसी व्यवहारले भिन्न हुन्छ, स्वरूपले फरक देखिन्छ । यसको संरचनागत आकार अर्कै हुन्छ । थिति–मिति नक्षत्रका आधारमा फरक कहलिन्छ मान्छे । मान्छेको परिचय अन्य प्राणीको सापेक्षतामा विशेष मानिन्छ । यो विशेषताको स्थान कर्मले लिन्छ । कर्मको अर्को नाम नै मान्छेको स्वभाव अनुरूपको धर्म हो । त्यसैले मान्छे कर्म गर्छ । कर्मयोगी धर्मले मान्छेलाई मान्छे

हुनुको अनुभूति गराउँछ । कर्मधर्म दुवैले मान्छेमा विशिष्ट हुनुको अर्थ खोज्छन् । कर्मले जीवन चिनाउँछ र धर्मले जीवन जोगाउँछ । दुवैको उद्देश्य हो सार्थक जीवन डोऱ्याउनु ।

सृष्टिमा अनन्त प्राणीहरू छन् । ती अनन्त प्राणीबिचको संरचना र स्वभावगत भिन्न-भिन्न परिचय धर्मकर्म सन्निहित हुन्छ । यसकै बलमा मान्छे आफू विवेकी भएको दाबी गर्छ र प्राणी-प्राणीबिच असल र खराब, विभेद देख्छ । विवेकले काम गर्दा प्राणी खराब देखिँदैन । अविवेकी चेत मौलाउँदा खराब जन्मन्छ । मासिनुपर्ने विभेदी चेतले गर्दा मान्छे दायित्वबोधमा हुर्किने मित्रभाव बचाउन सक्दैन । उसमा मै हुं को भाव अँकुराउँछ । मै हुं ठान्ने विभेदी चेतले स्वार्थ जन्माउँछ र स्वार्थ निजी लाभमा खुम्चिएर हाबी हुन्छ । यसैमा मान्छे, मान्छेले आफूलाई क्षमतावान् र विशिष्ट देख्न थाल्छ अनि यहींबाट भ्रमको खेती सुरू हुन्छ ।

सृष्टिले सृष्टि गरेका प्राणीहरूबिचको सद्भावयुक्त आत्मीय सम्बन्ध धर्म हो । हो, सृष्टिले व्यवस्था गरेका सबै प्राणीको अस्तित्व थाहा पाउने सचेत प्राणी मान्छे हो तर एकको हितका लागि अर्काको अस्तित्व जोगाउने दायित्व पनि मान्छे स्वयंको हो भन्ने अन्तर्य पूरै बिर्सिदिन्छ र दुर्घटना निम्त्याउँछ । यहींबाट मान्छेसँग मान्छेको दूरी सुरू हुन्छ । मान्छेमा भेटिनुपर्ने आपसी मेल, मित्रता, सर्वहितको भावनात्मक अनुभूति नदीका किनारझैं नजिकै देखिन्छ, भेटिँदैन । यसमा अपनाइएको सहिष्णु सच्चरित्र सम्पन्न व्यवहार पनि पाइँदैन, पर-पर सर्छ ।

सामाजिक मर्यादाले मानव-मूल्यको खोजी गर्छ । धर्म मानवीय संवेदनाको सम्मानमा रम्छ । श्रमिक हातहरूले उत्पादन उचालेर भकारी भर्नु धर्म हो । परिवारसँग मिलेर बसी छिमेकीसँग सहकार्य गर्नुले धार्मिक आस्थामा विश्वासको बिउ रोप्छ । गोडमेलसँग सिँचाइको नहर चलाउनु कर्म हो । कर्मयोद्धाले धर्मलाई मानव जीवनको दैनन्दिनीमा सञ्चित राख्न सक्छ यसैसँग सृष्टि हिँड्छ । आपसी मेलमा देखिने सहृदयी विधि-व्यवहारको मूर्तरूपमा धर्मको रङ देखिन्छ । अर्को शब्दमा भन्ने हो भने संस्कार संस्कृतिको जनाउ दिने पितृस्मरणसित जोडिएको अभ्यासमा धर्म खोजिन्छ । वर्ष-वर्ष दोहोरिने चाडपर्वहरूमा धर्म खोज्ने चलन छ तर यहाँ धर्म होइन सांस्कृतिक सूचना पाइन्छ । यी मौलिक संस्कारमा आस्था झल्किने हो धर्म होइन । यी संस्कार, संस्कृतिले एकअर्कालाई नजिक बसाउने भरपर्दा मित्र हुन्, सम्बन्धित छन् तर धर्म होइनन् ।

जीवनको आरम्भ जन्मदेखि अन्त्येष्टिसम्मका संस्कार जन्म, न्वारन,

पास्नी, व्रतबन्ध, विवाह, मृत्युसंस्कार यी सबै धर्म नभई संस्कार हुन् । यी त पूर्वजबाट प्राप्त आस्थाका स्मरणीय प्रथा हुन् । श्राद्ध पितृस्मरण गर्ने आस्थायुक्त परम्परा हो । यस्ता संस्कारजन्य परम्परालाई धर्म ठान्ने भ्रम हट्नुपर्छ । यी संस्कार, संस्कृति र धर्मकर्म जीवनमा गति भर्ने सामाजिक मूल्य हुन् र मनोरञ्जनका सूचक ।

धर्म भनेको कर्म हो कर्म असल हुनुपर्छ । असल भनेको प्राणीमात्रको हित हो । मान्छेले गर्ने नियमित विधि-व्यवहारले कतै कसैलाई दुःख दिनुहुँदैन । अरूलाई दुःख दिएर परोपकारी हुनु, मासु खाएर अहिंसाको गीता गाउनु, ढाँटछल गरेर सत्संगी अभिनयमा रमाउनु दुर्जनका लक्षण हुन् । दुर्जन स्वार्थमा रमाउँछ । स्वार्थलिप्त रहनु धर्म होइन । यसको पुष्टिका लागि पुराणका रचयिता व्यास-वचनको स्मरण गर्नु सान्दर्भिक हुन आउँछ :

**'अष्टादश पुराणेषु व्यासस्य वचनद्वयं परोपकार पुण्याय पापाय परपीडनमूरू ।**

अर्थात् अठारै पुराणको सार यही हो । जसले जनहित गर्छ त्यही धर्म हो । प्राणीलाई कष्ट पुऱ्याउनु नै पाप हो, अधर्म हो । धर्मअधर्म भावनात्मक अभिव्यक्ति हुन् । विज्ञानले यथार्थ खोज्छ भावनामा विश्वास गर्न मान्दैन तथापि प्रकृति र जीवनबिचको सन्तुलित प्रस्तुतिले प्राणीजगत्को जतन हुने हुँदा धर्मलाई सदाशयी भावाव्यक्ति भनेर अर्थ्याउन सकिन्छ । धर्मले दिने व्यवहार प्रिय अर्थ प्राणी स्वभाव, मानवीय कर्तव्य र वस्तुजन्य प्रतिक्रिया लगाउँदा सही ढङ्गले अर्थिन सक्छ ।

कसैको मन दुखाउनु, श्रम खाइदिनु, आश्वासन दिएर पूरा नगरी झुक्याउनु, अझ भनौं कमजोरलाई हेपेर व्यवहार गर्नु कसै गरी धर्म हुन सक्दैन । यो त अमानवीय कर्म हुन जान्छ । यस्तो कर्म गर्नु र यस्तो कर्मका लागि उक्साउनु पनि सत्कर्म होइन । ढाँट-छल, चोरी-डकैती, लुट-पाटमा रमाउनु मान्छेको स्वभाव होइन । स्वभाव विपरीत गरिने कर्म धर्म हुन सक्दैन । सेवा लिएर उचित पारिश्रमिक नदिनु कसरी धर्म हुन सक्छ ? सत्य-तथ्य थाहा नपाई आरोप लाउनु पनि धर्म मान्न सकिँदैन । धर्मको सही परिभाषा त कर्तव्य र अधिकारसँग जोडिएको हुन्छ । कर्तव्य पूरा नगरी अधिकारमा चासो लिनु बेइमानी हो । बेइमानी विश्वासघाती हुन्छ, विश्वासघात धर्म हुनै सक्दैन ।

अधिकार खोज्नु, लिन बल गर्नु, लिई छाड्नु मानवीय स्वभाव हो तर अधिकारसँगै रहने कर्तव्य पालना नगरी अधिकार खोज्नु स्वार्थ हो । यसरी हेर्दा धर्म-कर्मसँगै जोडिएका सहधर्मी एक सिक्काका दुई पाटा हुन् ।

अझ बल लगाएर भन्ने हो भने अधिकार र कर्तव्य नङ मासु हुन् भने नियमित पलाउनु नङको धर्म हो । जेष्ठ नागरिक, दोजिया महिला, बिरामी मान्छे, कम उमेरका बालकलाई साथ दिनु र उनीहरूको लागि आवश्यक मद्दत गर्नु कर्तव्य हो, कर्तव्य नै धर्म हो । प्राणीप्रति गरिने समतामुखी व्यवहार सत्कर्म हो यहीं सत्कर्म नै धर्म हो ।

धर्म कुनै पहाड पर्वतको नाम होइन । यो आकाश पृथ्वी पनि होइन तर बादल बोकेर वर्षा गराउनु आकाशको धर्म हो, उत्पादन दिएर प्राणीहरूको प्राण रक्षा गर्नु, प्रत्येक प्राणीको स्वभाव अनुकूल खुराक दिइरहनु पृथ्वीको धर्म हो । प्राणी सेवा नै धर्म भएकाले जे जसरी प्राणी सेवा हुन्छ ती सर्वकर्म धर्म हुन् । सर्व प्राणीहितमा गरिने यावत् कर्म नै धर्म हुन् । धर्मले मान्छेलाई सत्कर्मतिर अभिमुख गर्छ । यसैमा जीवन खुसी हुन सक्छ । समस्त जीवनको खुसी धर्म हो । धर्म कसैलाई भेद गर्दैन, फरक देख्दैन । समताको सुसेलीमा धर्म मुस्कुराउँछ ।

प्रश्न उठ्न सक्छ, जीवनका संस्कारजन्य गतिविधि पूजापाठ, दानदक्षिणा धर्म होइनन् ? दानदक्षिणा कसलाई दिइयो ? प्रश्न अर्को पनि उठ्न सक्छ । जसलाई आवश्यकता पर्छ, उसलाई हो दानदक्षिणा दिने, न कि धनमाथि धन थुप्रार्ने अभ्यास । चाडपर्व आपसी भेटघाट, भलाकुसारी, पारिवारिक सहृदयका विषय हुन् । यी जीवन जगतसित जोडिएर आउने परम्परित मूल्यको निरन्तरता हुन् । यी र यस्ता विषयमा मानव मूल्यको सम्मान हुनु धर्म हो, तर यी पर्वका निहुँमा गरिने कर्ममा अहङ्कार देखिनु, भड्किलो हाउभाउमा मात्तिनु संस्कार, संस्कृति, मानवता केही पनि होइनन् सिबाय स्वार्थीले बोक्ने बौचोबाहेक । कर्ममा अहङ्कार र व्यवहारमा स्वार्थ देखिनुले संवेदनाको जतन गर्दैन । अहङ्कारले मान्छेलाई बेथितिप्रिय बनाउँछ । यसले मान्छेलाई विवेकी, इमानदार, सद्भावयुक्त नैतिक भावना सम्प्रेषणसँगै सहिष्णु चरित्र निर्माण गरी सामाजिक उन्नयनमा समर्पित हुन दिँदैन । यस्तो अहङ्कारी चरित्रमा त लोभ-लालच, स्वार्थ, विलास, कपटचाइँ थुप्रिन्छ । यसले त समाजमा शकुनिहरू जन्माउँछ । यो त कालान्तरमा दुर्गन्धित हुन थाल्छ सिङ्गै मान्छे मासिने गरी ।

धर्मकर्म व्यापक विषय हो । यो सृष्टिको विशाल क्षेत्रमा फैलिएको छ । धर्मले नैतिक निष्ठा र कर्तव्यपरायणता इङ्गित गर्छ तर व्यवहारले धर्मलाई जसरी परिभाषित गरेको छ त्यसमा बिरालो बाँध्ने बानी बसेको देखिन्छ । त्यसैले हिजोअस्ति जे गरिएको थियो

त्यो धर्म हो भनेर पत्याउन मिल्दैन । धर्ममा सर्वतः प्राणीहितले स्थान पाउँछ । आगोले तातो दिन्छ । चिस्यान बढाई सिँचाइ गर्ने पानीको स्वभाव हो । यसले ओरालो पछ्याउँछ । विशाल छातीमा प्राणीहरू खेलाई खेलाई उपयुक्त खुराक वितरण गर्नु सहनशील पृथ्वीको परिचय हो । प्राण सञ्चार गरेर जीवनदायी भूमिकामा अब्बल रहन्छ हावा । अनन्तताको सूचना दिइरहन्छ आकाश । किसान उत्पादनसित रमाउँछन् । पदासीन कर्मचारी प्रशासनिक सेवा दिएर धर्म निर्वाह गर्छन् । सुरक्षाकर्मीको आफ्नो दायित्व छँदैछ । स्वास्थ्यकर्मी उपचार कर्ममा उत्तिकै उत्तरदायी ठहरिन्छन् । बालभविष्य सिँगार्ने रहर पूरा गर्छन् शिक्षकहरू । अभिभावक बालकहरूको उचित स्याहारलाई महत्त्व दिन्छन् । निर्बल र जेष्ठ नागरिक सेवासँगै व्यापार व्यवसायबाट जनहितले महत्त्व पाउने जस्ता गतिविधि धर्मकै प्रतिरूप हुन् । जो जहाँ छ त्यहींबाट नैतिक मूल्यअनुरूप पदीय दायित्व निर्वाह गर्नु नै धर्म हो । प्रत्येक जिम्मेवार निकायले अर्कालाई असजिलो नपारी स्वदायित्व निभाउनु धर्म हो । सेवा लिएपछि शुल्क तिर्नु धर्म हो । आफ्नो आस्थालाई जस्तै अरूको आस्थाप्रति संवेदनशील रहनु धर्म हो । 'मरू मोहिनी अहम् छाडेर 'हामीहरू अटाउने मैदानी चेतद्वारा छर्लङ्ग देखिने सद्भावयुक्त सहिष्णु व्यवहार नै धर्म हो । कर्तव्यसित बेइमानी गाँसिएन भने धर्म आफै ओठ-ओठमा सलबलाउँछ, समृद्ध बन्छ । ♦♦

**गजल**



**सानुराजा श्रेष्ठ अञ्जान**

उजाड त्यो बगर खनिदिएँ प्रिय !
वसन्त ल्याऊ अब भनिदिएँ प्रिय !

उधारोमा किन माया लाउनु हजुर ...
किस्तामै नगद गनिदिएँ प्रिय !

गोरेटोमा माया, गाह्रै होला हिँड्न ...
सलल चिल्लो बाटो खनिदिएँ प्रिय !

हेराईका तीखा वाण वर्षेला माया ...
निःशब्द मायाको घूम बुनिदिएँ प्रिय !

कालोघना केशमा बुकीफूल सिउरेछौ ...
मैले भने माला प्रेमको उनिदिएँ प्रिय !

जून जस्तै मैले माया पाउनु रै'छ ...
जून जस्तै मुस्कान पनि दिएँ प्रिय !

जीवनी

# सरल स्वभावका समाजसेवी भोलामानसिंह थापा



✍ **इन्द्रकुमार श्रेष्ठ**

नेपालको इतिहासमा काजी खलकमा गनिने थापाहरूको स्थान उल्लेखनीय छ । अमरसिंह थापा, भीमसेन थापा त राष्ट्रिय विभूति नै भइहाले । अरू पनि धेरै थापाहरू नेपाल सरकारको निजामती, सेना तथा प्रहरीदेखि लिएर विभिन्न क्षेत्रमा सेवारत रही उच्च दर्जामा पुगेका छन् ।

थापाहरू नेपालको विभिन्न भूभागमा छरिएर रहेका छन्। त्यसमध्ये पहाडी जिल्ला ओखलढुङ्गाको चिसङ्खु क्षेत्र पनि हो । यसै अन्तर्गत साविकको सेर्ना गाविसमा घटराज भट्टराई, प्रसिद्ध आमा कविताका रचयिता कृष्णप्रसाद भट्टराई जन्मिएका हुन् । जिल्लाको पूर्वी भागमा पर्ने साविक गाविसमा केशव कोइराला, महेश कोइराला जस्ता सहिदहरूको जन्म भयो । रातमाटेको पूर्वपट्टिको साविक पोखरे गाविसमा सहिद क्याप्टेन यज्ञबहादुर थापा जन्मे । बीचमा पर्ने सेर्ना गाविस छहरेमा वि.सं. १९९६ मा भोलामानसिंह थापाको जन्म भएको हो ।

थापाहरूको र भोलामानसिंह थापाको प्रसङ्ग उठान गर्दै गर्दा कुनै जात विशेषको प्रशंसा गर्न, चर्चा गर्न र ठुलो देखाउन खोजिएको होइन । कुनै पनि मानिस जात विशेषले ठुलो हुने पनि होइन । यो कुरा त मुनामदनमा देवकोटाले नै उहिल्यै 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' लेखिदिएका हुन् । सादा र परिश्रमी जीवन बाँची सर्वसाधारणका लागि केही उल्लेखनीय काम गरेर नाम कमाउने व्यक्तिका रूपमा ओखलढुङ्गा जिल्लामा भोलामानसिंह थापा परिचित छन् ।

मैले थाहा पाउँदा भोलाकाजी, भोलामान, भलाकाजी-गाउँघरमा उहाँका लागि यस्तै नाम उल्लेख गरिन्थ्यो । उहाँको भन्दा हाम्रो घर लगभग एकघण्टा टाढा थियो । थापा २०३० सालदेखि २०३८ सालसम्म जिल्ला सभापति हुनुभएको थियो भन्ने कुरा मैले सुनेको थिए । त्यस बाहेक, उहाँहरू धनीमानी काजी खलकका र हामी अति निम्न

वर्गीय स्तरका भएको हुँदा उहाँहरूसँग सम्पर्क गर्ने, लेनदेन गर्ने र आउजाउ गर्ने कामकुरो पनि भएन । आर्थिक समस्या पर्दा जति चर्को ब्याजमा भए पनि टाढाको देवताभन्दा नजिकको भूत काम लाग्छ भने झैं नजिककै छरछिमेकबाटै काम चलाइयो । खानीभञ्ज्याङ हाइस्कुलमा म कक्षा चार पाँचतिर पढ्दा उहाँ अफिसमा आएको, त्यतिखेरका हेडसर हाल दिवंगत आनन्दीप्रसाद सिंहसँग कुराकानी गरेको अलिअलि सम्झना छ ।

पछि पो बिस्तारै थाहा पाउँदै गएँ । उहाँ त विद्यार्थी अवस्थादेखि नै दयालु र सेवा भावनाले ओतप्रोत भएको व्यक्तित्व हुनुहुँदो रहेछ । उहाँले २०१६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई २५० सिसी रक्तदान, २०२६ सालदेखि २०३१ सालसम्म स्वयंसेवक शिक्षकका रूपमा काम र २०२५ देखि २०२९ सालसम्म सहकारी हुलाक पोखरेको स्वयंसेवकका रूपमा डाक बोकेका रहेछन् । यी कुरा मैले २०३८ सालमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यको चुनावमा उम्मेदवार भएका थापाको पर्चामा पढेको हुँ । त्यतिखेर म १२ वर्षको मात्र थिएँ ।

सरस्वती मावि खानीभञ्ज्याङ्मा पढ्दा प्रकाशमणि निरौला भन्ने एकजना सहपाठी थिए मसँग अति नै मिल्ने । नयाँ नयाँ किताबहरू पढ्न दिने । उहाँका बुबा ठाकुरमणि निरौला पनि राष्ट्रिय पञ्चायत सदस्यमा उठ्नु भएको थियो । उहाँका छोरा-साथीबाटै पर्चा पढ्न पाइयो । पाँच कक्षामा पढ्ने हामीले पर्चामा लेखिएका धेरैजसो कुरा बुझ्न सकिएको होइन । त्यसमाथि पनि निरौलाको पर्चा सुरूमा संस्कृत श्लोकसहित एकपाने निलो कागजमा थियो । थापाको पर्चा चाहिँ निकै पाना भएको चिटिक्क परेको बुकलेट नै थियो । पाठ्यपुस्तकबाहेक केही पनि पढ्न नपाइने त्यो बेलामा उहाँका योगदानका विषयमा त्यही पर्चामा बुँदागत रूपमा मन लगाएर पढेको थिएँ ।

थापाको चुनाव चिह्न माछो थियो । मानिसहरू, "भोट केमा ? उही त हो नि पानीमुनि बस्ने माछोमा" भनेर गीत गाउँथे । अर्का उम्मेदवार रूम्जाटारसँगै जोडिएको चार्खु भन्ने ठाउँका पेशलकुमार पोखरेल थिए । उहाँको चुनाव चिह्न सूर्य थियो । चुनाव प्रचारको सिलसिलामा एक ठाउँमा पोखरेलले भाषण गर्दा भनेका रे, "मैले जितें भने ओखलढुङ्गामा जसरी पनि मोटर बाटो ल्याउँछु ।"

त्यतिखेर आजको जस्तो जतातत्तै बाटो खुलेको थिएन । नुनतेल, फलामफालीका लागि हामी ओखलढुङ्गाका मात्रै होइन, सोलुखुम्बु र खोटाङतिरका

मान्छे पनि उदयपुरको कटारी बजार जानुपर्थ्यो । अझ पहिला त मिर्चैया, गोदार जानुपर्थ्यो रे ! म पनि कक्षा आठमा पढ्दा रहर लागेर गएको थिए । मैले पनि रूँदै तीनपाथी नुन बोकेर ल्याएको छु । जेबी टुहुरेको गीतले, "पसिना झार्दै तरर, चार दिनको बाटो कटारी बजार" भनेझैं कटारी बजार आउजाउ गर्दा आठ नौ दिन लाग्थ्यो । त्यो बेलाका अधिकांश मानिसहरू गरिब थिए । अघाउँन्जेल खानै पुग्दैनथ्यो । तीमध्ये धेरै गरिबहरू कटारीबाट साहुको पसलको भारी बोकेर नुनतेल र खानेकुराको जोहो गर्थे ।

पेशल पोखरेलले भाषण गरेको भोलिपर्सिपल्ट त्यही ठाउँमा भोलामानसिंह थापा भाषण गर्न पुग्दा उनले भनेछन्, "पेशल पोखरेलले अस्ति यही ठाउँमा भाषण गर्दा मोटर बाटो ल्याउँछु भनेछ ! मोटरबाटो आयो भने तपाईंहरूको भारी बोक्ने पेशा हराउँछ कि हराउँदैन, सोच्नूस् त ? यसरी, तपाईंहरूजस्ता गरिबगुरूवाको काम खोस्न पाइन्छ ? मलाई माननीयमा जिताउनुभयो भने म कुनै पनि हालतमा मोटरबाटो ल्याउँदै ल्याउँदिन ।"

उम्मेदवारहरूमध्ये प्रेमनारायण प्रेमीको चुनाव चिह्न छाता थियो । उनले पनि पोखरेललाई जाने निकै मत पाएछन् । यस्तो हुँदा पनि, "मोटर बाटो ल्याउँछु" भन्ने पेशल पोखरेलले झन्डै जितेका ! धन्न, थापाको, "...म कुनै पनि हालतमा मोटरबाटो ल्याउँदै ल्याउँदिन" भन्ने भाषणले रामवाणको काम गरेछ र मात्रै ! चुनावी परिणाम घोषणा हुँदा मान्छेहरू भन्थे, "माछालाई त घामले डढाइसकेको थियो, छाताले छेकिदिएर मात्रै...!"

पोखरेल र थापाका चुनावी भाषणका रोचक कुरा हामीलाई नेपाली पढाउने गुरू स्थिरप्रसाद कोइरालाले पछि भन्नुभएको थियो । भोलामानसिंह थापाका भाइ प्रेमकुमार थापा हाम्रो स्कुलमा कक्षा ९/१० मा भूगोल पढाउनुहुन्थ्यो । कक्षा छ मा पढ्दा हामीलाई भने अङ्ग्रेजी पढाउनुहुन्थ्यो ।

त्यतिखेरको चुनाव प्रचारकै सिलसिलामा मैले आफ्नै घर नजिकै भोलामानसिंह थापालाई देखेको हुँ । मान्छे पनि निकै धाकिला र राम्रा । मलाई त उहाँको नामै मन पर्थ्यो । कति राम्रो नाम-भोलामानसिंह थापा । मलाई त्यो बेलामा मेरो नाममा पनि त्यस्तै सिंह जोडिएको भइदिएको भए हुन्थ्यो भन्ने लाग्ने गर्दथ्यो ।

अँ त ! बेलुका साँझ पर्न केही समय बाँकी थियो । हाम्रो घर अगाडि बारीको उकालो हुँदै भोलामानसिंह भोट एक्लै माग्दै आए । आँपश्वरातिरबाट आउनुभएको थियो होला ! दसैं अघिको समय, बारीमा कोदो थियो । प्रचारप्रसारको

समय सकिएको हुनुपर्छ । तर आफ्नो क्षेत्र, गाउँघर, कसले के गर्छ ?

एकजना कोही बाहुन आतेपाते गरेको पोको लिएर उँभोबाट झरे । थापाले उनको खुट्टैमा ढोगिदिए । म छक्क परेँ । त्यत्रो काजी खलकका ठुला मान्छेले त जजमाने बाहुनको पनि खुट्टैमा पो ढोगिदिए । फेरि सम्झेँ– पुरेत बाहुन पनि साना होइनन् नि ! अनि नढोगेर के गरून् त !'

पछि अरूबाट थाहा पाएँ थापाको सरलता र नम्रताबारे । कसैलाई पनि चित्त दुख्ने गरी नभन्ने । कहिल्यै नरिसाउने । पञ्चायती कालमा पनि भ्रष्टाचार नगरी एकजना असल पञ्चका रूपमा उहाँले छवि बनाउनु भएको रहेछ ।

त्यही वर्ष हो या एक वर्षअघि हो, हाम्रो गाउँका एकजना खत्री दाइ बिरामी हुनुभयो । पेट दुख्ने बिमार थियो । आर्थिक अवस्था ज्यादै दयनीय । उहाँलाई लामिडाँडाबाट प्लेनमा काठमाडौँ पठाइयो । पछि केही सन्चो भएर आउनुभयो । हामीसँग कुरा गर्नुहुन्थ्यो, "भोलामानकी मुखिनी त 'ज्यानसाहेब' रहिछिन् ! उनैको सहयोगबाट त मेरो उपचार भयो । मुखियाभन्दा पनि मुखिनी ठुलो दर्जाकी र असल !"

त्यतिखेर मैले बुझिनँ । पछि पो थाहा पाएँ, सावित्रा थापा नेपालको सहकारी बोर्डकी पहिलो जीएम हुनुहुँदो रहेछ ! त्यही चुनावताका नै हाम्रा गफाडी साथीहरू स्कुलमा कुरा गर्थे, "भोलामान सिंहकी बुढी त रानी ऐश्वर्यकी मितिनी रे !"

म आश्चर्यले ट्वाल्ल पर्थें र सोच्थेँ, "ओहो ! के ठुली मान्छे ! रानीलाई देख्न नपाए पनि उनलाई देख्न पाए ...!"

रेडियो नेपालबाट बज्ने नारायण गोपालका गीत सुन्न थालेपछि सङ्गीतकार दीपक जङ्गमबारे पनि चासो हुन थाल्यो । उहाँ सावित्रा थापाकै भाइ हुनुहुन्छ भन्ने कुरा थाहा पाएपछि उहाँहरू दिदीभाइलाई नै भेट्ने इच्छा पनि पलायो ममा । त्यस अनुसार २०७८ साल वैशाखमा भ्रष्टाचार निवारण अभियन्ता श्री भरत जङ्गमलाई र २०७९ पुसमा सावित्रा थापालाई पनि भेट्न पाइयो । अब कुनै दिन भेटुन सङ्गीतकार दीपक जङ्गमलाई भेट्ने इच्छा पनि पूरा होला ।

काजी खलकका भोलामानसिंह थापालाई नपुग्दो केही थिएन । उहाँहरू त्यस क्षेत्रका जमिनदार नै हो । त्यस्ता परिवारका अन्य मान्छेले त्यतिखेर गरिब गुरूवालाई थर्काउने, सित्तैंमा काम लगाउने, गतिला खसीबोका, गोरू भैंसी उम्काउने गर्थे । तर भोलामानसिंह थापामा समाज र सर्वसाधारण वर्गप्रति माया र सहानुभूति रहेछ । त्यसैको परिणामस्वरूप उहाँले हालको चिसङ्खुगढी क्षेत्रमा विद्यालय, हुलाक, अस्पताल स्थापना

गर्नुभयो । यस्तो काम जिल्लाको अन्य ठाउँमा पनि गर्नुभएको बताइन्छ । कतिपय विद्यालय स्थापना गर्नेदेखि लिएर जग्गादान गर्नुभएको पनि बताइन्छ । कतिलाई छात्रवृत्ति मिलाइ दिनुभयो । यतिमात्र होइन, कतिलाई काठमाडौं ल्याएर पढाइदिएको कुरा पनि सुनेको हुं । उहाँ एकवर्ष जति निर्माण तथा यातायात मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालयमा सहायक मन्त्री पनि हुनुभयो । त्यो बेलामा पनि उहाँको योगदान रहेको हुनुपर्छ । यति भएर पनि उहाँले ब्यारेक रहेको ओखलढुङ्गा बजारलगायत ठुलो क्षेत्रफलको सार्वजनिक जग्गा आफ्नो नाममा दर्ता गरेको, त्यसमा वर्षौं मुद्दा खेपेर जग्गा आफ्नो बनाएको पनि पनि बताइन्छ । त्यस बारेचाहिँ खासै चासो पनि राखिएन ।

उहाँले स्थापना गरेको विद्यालय सरस्वती मावि खानीभञ्ज्याङ्बाटै २०४४ सालमा मैले पनि एसएलसी पास गरेको हो। अनि पछिल्लो समयमा सोही विद्यालयमा लामो समयसम्म शिक्षक भएर पेन्सन पनि पकाएँ । पछि दशजोड दुई स्थापना हुँदा २०६५ सालमा उहाँहरू दम्पत्ति नै आएर जग्गा प्रदान गरेको घोषणा गर्नुभएको थियो । अहिले उक्त विद्यालयमा क्याम्पस सञ्चालन हुन थालेको छ । स्वास्थ्य चौकी अस्पतालमा परिणत भएको छ । यी सबैको सुरुवाती जस उनै थापालाई जान्छ ।

भनिन्छ, ईश्वरमा पनि सबै गुणहरू हुँदैनन् । त्यस्तै थापामा पनि केही त्यस्ता कमी कमजोरी थिए होलान् । तर कसैको पनि कुभलो चिताउने नभई सकेसम्म सबैको भलो चिताउने उहाँको देहावसान २०७९ असोज २० मा भयो । यस्ता सरल, परोपकारी र खासगरी आफ्नो क्षेत्रको सामाजिक उत्थानमा लागि पर्नुहुने थापाको कदर चिसङ्खुगढी क्षेत्रबाट हुन बाँकी नै छ जस्तो लाग्छ । ♦

## गजल



✍ **गङ्गा कर्माचार्य पौडेल**

हरपल तिम्रो सम्झना आइरन्छ आँधीखोला
आँखाभरि तिम्रै तस्बिर छाइरन्छ आँधीखोला

लक्ष्मी र समुन्द्रको जस्तो तिम्रो मेरो नाता
जति टाढा उती माया लाइरन्छ आँधीखोला

अमृत जस्तो निर्मल जल हिरा मोतीको बगरमा
आकाशदेखि भुइँ कुहिरो धाइरन्छ आँधीखोला

श्रवणको तपोभूमि स्रष्टाहरूको जन्मभूमि
सुसाएर देशकै गीत गाइरहन्छ आँधीखोला

हाँसीरन्छ उत्तरमा माछापुच्छ्रे अन्नपूर्ण
सिर्जनशिल, सपुत जन्माइरन्छ आँधी खोला

लघुकथा

# प्रगति



✍ बिन्दु अधिकारी ढकाल

'रचना तयार गर्यौ ?' उनको प्रश्न थियो । 'एउटा कुरा के ख्याल गर भने तिमीलाई कथा लेख्न आएको छैन । यही तरिकाले कसरी उभो लाग्ने ?' क्रोधपूर्ण शैली आवेगमा बोलिन् उनी ।

एक भन्नु न दुई साहित्यकार छक्क परिन् । सायद अभ्यासकै कुरा केही भन्न खोज्दै थिइन् । 'चुप लाग, यहाँ बढी बोल्ने होइन । तिम्रा कारण कति अवगाल खेप्दैछु, त्यो मलाई थाहा छ ।' पुनः उनका उद्गारले साहित्यकारको मन कुडियो । निरस भाव जागर नचली-नचली डायरीका पाना पल्टाइन् ।

त्यो डायरी साहित्यकारको हातबाट थुतेर उनले पढ्न थालिन् । अक्षर बिट मारेर प्रतिक्रिया विहिन भई बसेकी तिनी तर्फ नियाल्दै मलिन स्वरमा साहित्यकारले सोधिन्-'कस्तो छ हजुर रचना ?'

नसेलाएको कराईझैं भाषा 'सच्याउने ठाउँ धेरै छ । यहाँ संवाद चाहियो नि, खै ?' अब साहित्यकारको बोली बन्द भयो । सोचिन्-'कुन दिनमा सुरू गरेछु, यो अक्षरको खेती...।' चोइटिएको मन बसौ कि हिंडौ ? अनिर्णयको बन्दीमा पुगिन् । फेरि, तुरून्तै अर्को मनको ठहर 'मौका भनेको मौका हो, जस्तो पर्छ, उस्तै टर्छ । अतः आगो लिन आएसरि किन हिंड्नु ? बस्छु ।'

औपचारिक कार्यक्रम सुरू भयो । स्रष्टाहरूले आ-आफ्ना रचना पढे । त्यो माहोल ती साहित्यकारलाई भने पंक्षीको पखेटा काटिदिएर उड्न आदेश दिएजस्तो आभास भयो । मनमा त्यो वेचैन तर पालो छाडिनन्, छोपिन् ।

नतिजा कुर्न नलागि ती हिँडिन् । हल बाहिर गेटमा माइकको आवाज कानमा ठोकिदा था' भयो, उनको रचना उष्कृष्टमा पर्यो । अघि झम्टी-झम्टी खेदो गर्ने लेखकसँग आँखा जुधाएर भलाकुसारी गर्न हलभित्र बाहिर, चौर, आँगन कहाँ मात्रै खोजिनन् तर उनी भेटिइनन् । फोनमै भए पनि बोल्नु पर्यो भनेर नम्बर डायल गर्दा 'तपाईंले सम्पर्क गर्न खोज्नु भएको मोबाइलको स्वीच अफ गरिएको छ' भन्यो । ♦

# "आफ्नो अधिकार पाउन आफैं अग्रसर हुन आवश्यक"



✍ प्रल्हाद दाहाल

नेपालको जनसङ्ख्या अनुसार पुरूषभन्दा महिलाको संख्या बढी देखिन्छ । परिवारदेखि समाज विकाससम्म महिलाको अर्थपूर्ण भूमिका रहेको छ । तर पनि राज्यको हरेक क्षेत्रमा महिलाको उपस्थिति अत्यन्तै न्यून रहेको छ । हाम्रो समाज परम्परादेखि नै पुरूष प्रधान रहँदै आएको तथ्य हामी माझ तट्कारो देखिन्छ । महिलाहरूको उपस्थितिलाई कानूनी रूपमा मान्यता प्रदान गरिए पनि समाजमा पुरूष तथा महिलाको भूमिका, कार्यव्यवहार, अधिकार आदि परम्परादेखि नै सीमाङ्कित छन् । त्यसै गरी लैंगिक समानताको ध्वजा फहराउन व्यहारिक चुनौतीहरू पनि प्रशस्तै छन् ।

प्राचिन कालदेखि नै महिलालाई भेदभाव गरिंदै आएको पाइन्छ । जसले गर्दा साक्षरता, उच्च शिक्षा र सार्वजनिक ओहोदामा पुरूष सरह महिलाको समान रूपमा सहभागिता हुन सकेको छैन । यसले गर्दा आजको अवस्थामा महिलाको अवस्था पुरूषको तुलनामा पछि पर्न गएको देखिन्छ । फलस्वरूप नीतिगत, कानूनी र व्यावहारिक प्रयासका बाबजुद पनि आशा लाग्दो उपलब्धि हासिल हुन सकेको देखिँदैन । महिलाको औषत आयु र शिक्षाको आवस्था सापेक्षिक रूपमा हाल आएर सुधार भएको छ । लैंगिक विकास सूचक विगतका वर्षमा ०.४९९ भएकोमा हाल सुधार भई ०.९०८ पुगेको छ । यो खुसी लाग्दो विषय हो ।

त्यस्तै लैंगिक सशक्तिकरण सूचक जसले राजनीतिक सहभागीता, आर्थिक निर्णयमा सहभागिता र अवसर एवम् शक्ति अभ्यासको आवस्थालाई देखाउँछ, सोको स्थितिमा पनि पहिलेको तुलनामा केही सुधार भएको देखिन्छ। लैंगिक विकास र लैंगिक समानताको मापनका लागि विश्वव्यापी रूपमा आर्थिक सहभागिता र अवसर,

शैक्षिक अवस्था, स्वास्थ्य पर्दछन् । नेपाल मानवअधिकार वर्ष पुस्तक २०१५ का अनुसार सन् नेपालमा बोक्सीको आरोपमा, जबरजस्ती करणीमा, जबरजस्ती करणी प्रयासमा, बहुविवाहमा, बेचबिखन तथा ओसारपसारमा, घरेलु हिंसामा, यौन दुर्व्यवहारमा, गर्भपतनमा आदि महिलासँग सम्बन्धित हिंसाका घटना धेरै घटेको उल्लेख छ ।

हाम्रो देशमा महिलालाई कागजमा विशेष अधिकार प्रदान गरिएको छ । २०४७ को संविधान अनुसार कुनै पनि पुरूषले महिलालाई कुनै पनि प्रकारको भेदभाव गर्न पाउँदैन भन्ने कुरा उल्लेख थियो । तर वास्तविकता भने त्यस्तो छैन । अहिले पनि विकट गाउँघरमा महिलाहरूले पुरूष सरह केही पनि अधिकार पाएका छैनन् । त्यहाँ एकै किसिमको काम गर्दा ज्यालामा समानता छैन, पढ्न पाएका छैनन्, राजनीतिमा सहभागीता खासै छैन, जागिर खान आदि कुरामा अहिले पनि विभेद कायमै पाइन्छ । कानूनत यदि कुनै महिला ३५ वर्ष सम्म अविवाहित बसिन् भने उनी पनि दाजुभाइ जस्तै अंशको हकदार हुन पाउँछिन भन्ने कुरा २०४७ को संविधानमा उल्लेख थियो । तर त्यसको उपभोग कति महिलाले गरे त ? त्यसको खास तथ्याङ्क नै छैन । फेरि अझ २०४७ को भन्दा पनि नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा महिलाहरूको स्थिति सुधारमा अझ विशेष ध्यान दिँदै धेरै कुरा उल्लेख गरिएको छ । जस अनुसार छोरीलाई पनि छोरा सरह अंश मिल्ने, यदि कोही महिलाले सम्बन्ध बिच्छेद गरिन् भने उनको श्रीमानको सम्पत्तिको ५० प्रतिशत सम्पत्ति उनले दावी गर्न सक्ने, संविधानसभा, अन्य संघ र संगठनमा ३३ प्रतिशत सिट महिलाको हुने आदि कुराहरू समावेश गरिएका छन् । तर त्यस अनुसार साधारण महिला जो दुरदराजमा बस्छन् उनीहरूले त्यो अधिकार उपभोग गरेका छन् त ? आजको जटिल प्रश्न यो खडा भएको छ । लाग्छ अझ पनि ती अधिकांश महिलाले त्यो अधिकार उपभोग त के सुनेका पनि नहुन सक्छन् । त्यस कारण जसका लागि बनाइएको छ त्यसले त्यो उपभोग गर्न नपाउने कानूनको बारे अब हामीले साँच्चै विचार गर्नुपर्छ ।

पितृसतात्मक सोचमा आधारित सामाजिक मूल्य मान्यता तथा सदियौंदेखि चली आएको महिला प्रतिको भेदभावपूर्ण व्यवहार नेपाली समाजको यथार्थ हो। यसलाई नचिरेसम्म जति कानून भने पनि केही सुधार हुँदैन । लैङ्गिक विभेदले शोषण र हिंसाका घटनालाई मलजल गर्न मद्दत गरेको

हुन सक्छ । हो, यही भएर अब कानूनसँगै जनचेतना पनि उत्तिकै आवश्यक छ । अनि मात्र वास्तविकता पुग्न सकिन्छ र नतिजा आउँछ । यो तमाम समस्या सधैं झेलिरहनु पर्दा महिलाको अवस्थालाई दूरगामी असर पुगिरहेको देखिन्छ । यसले महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थालाई समेत कमजोर बनाउँदछ। समतामूलक दिगो राष्ट्रिय विकासका लागि पुरूष सरह महिलाहरूको पनि सक्रिय र अर्थपूर्ण सहभागिता अपरिहार्य रहन्छ । यिनै असमानताहरूलाई मध्यनजर गरी समानता, न्याय, शान्ति र विकासको लागि प्रारम्भ गरिएको अभियानको स्मरण गर्दै ८ मार्चको दिनलाई विशेष महत्त्वका रूपमा लिई विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ ।

हरेक मानिसको जन्मसिद्ध अधिकारको रूपमा मानव अधिकारलाई लिइन्छ । जुन प्रत्येक व्यक्ति मानिस भएर बाँचनको लागि आवश्यक हुन्छ । त्यसैले प्रत्येक व्यक्तिको जीवनको अधिकार भनेको मानव अधिकार हो । यो कसैले दिएर दिइने विषय नभई मानिस भएर जन्मिएको कारण उसले स्वतः पाउने कुरा हो । यो प्राकृतिक, जन्मसिद्ध, नैसर्गिक, एवम् आधारभूत अधिकारको रूपमा रहेको हुन्छ । महिला भएको कारण वञ्चित गरिएका आधारको खोजी अनि प्रतिस्थापनाको लागि गरिने व्यवस्था र मानवको रूपमा पाउनुपर्ने महिलाको अधिकार निश्चितरूपमा अलग विषय नभई मानवअधिकार भित्रकै विषयवस्तु हुन् भन्ने कुरा सबैले बुझ्न आवश्यक छ ।

संयुक्त राष्ट्र संघबाट सन् १९७९ मा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि लगायतका विशेष व्यवस्था गर्नुका साथै यसको पालनाको प्रत्याभूतिका लागि सन् २००० मा यसको इच्छाधीन आलेख समेत पारित भएको छ । त्यसकारण पनि हरेक स्थानमा महिलाका हरेक अधिकार हर तवरले सुरक्षित गरिएको छ । यति गर्दा गर्दै पनि अझ विभिन्न स्थानमा महिलाले पाउनु पर्ने अधिकार नपाएर पिल्छिएको अवस्थामा भेटिन्छन् । अब महिला अधिकार संविधानमा छ भनेर मात्र हुन्न । त्यसको विषयमा विभिन्न स्थानमा जनचेतना जगाई आफ्नो अधिकारी प्राप्तिको लागि हाम्रा तमाम महिला दिदीबहिनीहरूलाई अगाडि बढाउन सक्दा मात्र उद्धेश्य प्राप्त गर्न सकिन्छ । होइन भने कागजमा लेखिन्छ र यता वास्तविकता भने अर्कै भइरहेको हुन्छ । ♦♦♦

नियात्रा

# एक्लो यात्रा-एक अद्भुत यात्रा



✍ डा. गितु गैरे

सुरू गर्न अलि डराईरहेकी छु । अनुभवलाई बाड्न पनि मन छ । दोधार मै भएपनि मलाई केही सुनाउनु छ। एक यात्रा जसले जीवनभरिलाई पुग्ने मिठो अनुभूति दिएको छ । भन्न त भन्ने गर्छन्, जीवन कायापलट हुन केही दिन, घण्टा या मिनेट होइन पल नै काफी हुन्छ। यसो सुन्दा पत्यार लाग्दैन तर तपाईं कतै हिमाल र हिमाल नजिकको पद यात्रा गर्नुभएको छ भने पक्कै महसुस गर्नुभएको होला ।

पोखरा बसाईले मलाई हिमालसँग मितेरी नै लगाईदियो । एक किसिमको अद्भुत आनन्द । हरेक बिहानी हिमालसँग साक्षात्कार पछि मात्रै दिनको सुरूवात हुने गर्दथ्यो। लाग्थ्यो हिमालसँग हरचिज छ, मानवलाई हरतवरले सिकाउन सक्छ । हरबखत सिकाईरहेछ पनि जस्तै दुखमा पनि अडिग र अटल रहनु भनेर । हिमाल नजिकै जान चाहने मान्छेमा पनि एउटा आट, साहस, आत्मविश्वास र धैर्यता नभई सुखै छैन। लाग्छ म पनि स्वतन्त्र र स्वच्छन्द भएर बाँच्न यिनै हिमालहरूलाई रूग्दा रूग्दै सिकेकी हुँ। हरेकपल्ट हिमालको नजिक पुग्दा लाग्थ्यो अझै नजिकबाटै स्पर्श गर्न पाए ! हिमालको सौन्दर्य देखेर म धेरै पटक छक्क परेकी छु । यति धेरै चाँदीझै टल्कने हिमश्रृङ्खला हाम्रै तकदिरमा छ । यसर्थमा हामी भाग्यमानी नै हौ ।

कुनै पनि यात्रा सहज हुँदैन। न जीवनको यात्रा हुन्छ न हिमालको । तर आट गऱ्यो भने असहजतामा मन रम्छ । नसकिने भन्ने त सायदै यो संसारमा केही पनि हुँदैन । मैले पनि आट गरे अनि निस्किए झोला बोकेर पुनहिल यात्राको लागि एकल यात्री बनेर एक्लै । मलाई यो ऊर्जाशील समयलाई यत्तिकै ओईलाउन दिन मन लागेन।

हुन त व्यक्तिको निजी जीवनमा कयौ जटिल उल्झन र अनावश्यक समस्याहरू हुन्छन् । यी सबैलाई व्यवस्थित गरेर र गर्दै हामीले जीवनका बाटोहरू तय गर्नुपर्ने हुन्छ । यो समयलाई सदुपयोग

नगरे सायद म कहिल्यै एक्लै यात्रा गर्न पाउदिन की जस्तो लाग्यो र त व्यग्र भएर यात्रा सुरू गरे।

बेलुकी आवश्यक लत्ताकपडा, चकलेट, केही औषधी सहित झोलालाई कसे । मनलाई दरो बनाएर यात्राको पूर्वानुमान र योजनासहित निन्द्रादेवीको काखमा पल्टिए । बिहानै चार बजे उठेर तयार भएर बाग्लुङ बसपार्क तिर लागे । यही नै मेरो यात्राको पहिलो उद्‌गम स्थल बन्यो । केही उत्सुकता, केही चन्चलता, केही साहस, केही डर सहित मैले यात्रालाई अगाडि बढाए । त्यहाँबाट नयाँ पुलसम्म बसको यात्रा गरिसकेपछि मेरो हिंडाई सुरू भयो । आजकै दिन मलाई विरेठाटी, हिले, तिखेढुङ्गा, उल्लेरी हुँदै घोडेपानीसम्म पुग्नु थियो । एक कप चिया खाएर बिरेठाटी देखि बाटो तताए ।

एक्लै पो जाने ? साथीहरूसँग आउनु पर्छ नि ? सक्नुहुन्छ हिंड्न ? लगायतका वाणीहरू मेरो कानमा गुञ्जायमान हुन थाले । तर मेरा लागि यी सब निर्रथक थिए । मलाई न संवाद गर्नु थियो न त वादविवाद । लामो बाटो हिंड्ने मान्छे सानोतिनो उल्झनमा कहाँ अल्झिन सक्छ र ! डर र त्रासभन्दा कयौं गुणा बलियो मेरो आत्मविश्वास थियो । तनलाई भन्दा बढी मनलाई दह्रो बनाए । मैले बाटो तताईहाले । म हिंडेको केही बेरमै अन्नपूर्ण बेस क्याम्पसम्म हिंडेका दुई जना विदेशी पर्यटक देखें । एकजना सायद मेरै उमेरकी हुदी हुन, अर्की त निकै सानी नानी थिईन चौध, पन्ध्र वर्षकी । उनीहरूलाई देखेर फेरि मलाई साहस पलायो । जीन्दगी बाँच्न त हामीले भर्खर सिक्दै छौं । विदेशीहरूले त उहिल्यैदेखि जानेका हुन नी । शुभकामना आदानप्रदान गरेर हामी आ-आफ्नो बाटो तताऔं ।

बाटोमा हिंड्दै गर्दा मेरो यात्राको सहारा भेट्टाए । प्राकृतिक लट्ठी । लट्ठीले खुब मद्दत गऱ्यो । एक्लो यात्री बनेर हिंडेको पहिलो पटक थियो । परिवारलाई जानकारी गराएर हिंड्दा स्वीकृती र अनुमति नहुने निश्चित थियो । जीवनमा सधैं ज्ञानी हुनुपर्छ भन्ने छैन। कहिलेकाहीं अराजक पनि बन्नुपर्छ । अरूकै सुन्नुपर्छ भन्ने छैन, आफ्नो मनतिर पनि नजर लगाउनुपर्छ । सधैं सप्रिरहनु भन्दा थोरै बिग्रेको, भत्केको पनि कम सुन्दर हुँदैन। भन्छन् नि टम्म मिलेका दात भन्दा केही बिग्रिएका, उछुट्टिएका दात आकर्षक देखिन्छन् । अनुमति बिना हिंड्ने बानी थिएन त्यसैले जानकारी बिना नै यात्रा तय गरेकी थिए । सपनाहरूले भरिएका आँखाहरू साच्चिकै सुन्दर हुन्छन् । सुन्दर आँखाहरूलाई निरास बनाउन मन थिएन । बरू यही यात्रा नै पहिलो र अन्तिम एकल यात्रा होस् तर आँट

गरें । बुद्दिसागरको चर्चित पुस्तक 'एक्लो' मा समीरा नामक पात्रले भनेकी थिई– आफूले रोजेको बाटो अप्ठ्यारो भए पनि एडभेन्चर जस्तै हुन्छ । म त साच्चिकै नै एडभेन्चर गर्न गएकी थिए ।

केही समय अघि काठमाडौं जादा भेट भएको थियो । छ्यालिस वर्षिय अष्ट्रियाकी पर्यटक जसले १२ दिने मनास्लुको यात्रा एक्लै गरी फर्किएकी थिईन । मेरो त उमेर पनि जवान, जागर पनि जवान । उनलाई पनि सम्भिदै धन्यवाद दिए । मलाई अदृश्यरूपमा साहस भरिदिएकोमा ।

घरमा खबर नगरी हिंडेर होला बाटोभरि बाबा आमा, दिपु र परिवारको याद भने आइरह्यो। आफन्त र साथीभाइलाई पनि सम्भिए तर पाईला रोकिएन । कताकता असहज पनि भएको थियो तर मेरो आफ्नै निर्णय थियो । मसँग यात्राभरि हरेक किसिमका संवेदनाको पोकाहरू हृदयमा सुसज्जित थिए। केही उत्सुकता, केही डर, केही थकान, केही आश्चर्यता, केही दुःख, केही खुसी सबै सबैको थुप्रो मिलेर म हिंडेकी थिए र हिंडिरहेकी थिए । यस्तो अनुभूति जीवनमा सायद पहिलोपटक भएको हुनुपर्छ । भावनात्मक रूपमा कमजोर भए भने यात्रा पनि रोकिने थियो । मलाई रोक्नु थिएन त्यसैले बलियो हुँदै पाईला अगाडि बढाईरहे। वरिपरि देखिएका खोलानाला, जंगल, चराहरूको चिरवीर, गाउबस्तीमा भेटिने मानिसलाई कति समय लाग्छ भन्दै सोध्दैबोल्दै हिंडिरहे। हिंडिरहे वर्षाको हरियाली प्रकृतिसँग सिगौरी खेल्दैखेल्दै, कहिले आफैसँग बोल्दै, त कहिले बाटोमा भेटिएका बटुवासँग।

आफैसँग बोल्दा म भन आफू नजिक पुगेको अनुभव गर्छु । आफैलाई धेरै बुभ्रेजस्तो । त्यसै त्यसै विछट्टै खुसी महसुस हुन्छ । यो भागदौडको जीन्दगीमा कति बोल्नुभएको छ आफैसँग, कति नियाल्नु भएको आफैलाई ? एकपटक बोलेर विचार गर्नुस् ल ।

करिब दुई घण्टा हिंडेपछि म उल्लेरीको उकालीमा पुगे । उकाली चढ्दाचढ्दै बीचबाटोमा भैसी खोज्न हिंड्नुभएको बुबा भेटे। बुबासँग गफ गर्दै उल्लेरीको ठाडो उकाली ठ्याक्कै दुई घण्टामा पार भयो। उल्लेरीमा पुगेपछि बुबा र मैले चिया खायौ । बुबासँग बिदाबारी भएर म घोरेपानीको यात्राको लागि उक्लिए ।

करिब चार घण्टाको उकाली चढिसकेकी थिए । शरीरको उर्जा, यात्राको उत्सुकता थकानले घटाईसकेको थियो । तैपनि मेरो पाईलाको गति चुस्त–दुरूस्त नै थियो कारण म जंगलमा थिए, एक्लै थिए । घटना-दुर्घटनाहरूसँग

लुकामारी खेल्दै बाँच्नु त जीवन हो । मेरो संयमको बाध फुट्न खोज्थ्यो तर आफैभित्रबाट शक्ति सिञ्चित गर्थे। पाईला अघि सार्थे । त्यही बखत कहिले आफैले आफैलाई छेकेर त कहिले आफैलाई ठगेर त्यही असहज पर्यावरणमा म रम्न खोजे । लाग्यो, जीवनमा कहिलेकाहीं आफैलाई ठग्नुपर्ने रहेछ । ढाट्नुपर्ने रहेछ । अभिनय गर्नुपर्ने रहेछ । त्यस बगत मेरो अनुहारको भावभंगीमाहरू पनि परिवर्तित भएको हुनुपर्छ । पर्यटक साच्चिकै घटेका रहेछन् । त्यस्तो पर्यटकीय स्थल भएर पनि मैले कसैलाई भेटेकी थिइन् । न आन्तरिक पर्यटक न बाह्य । एक्लो यात्रा साच्चिकै एक्लो भएको थियो। तलपट्टि पानी सुसाईरहेको थियो, वरपर जंगल । सानो पदयात्राको बाटो थियो । आँखाले नियालेर हेर्दा केही पर थोरै आकाश देखिएको थियो। त्यहीबाट केही उज्यालो प्रकाश आईरहेको थियो । आशाको सानो त्यान्द्रो बोकेर म गतिमान भईरहे । आखिर जीवन आशा र भरोसाबीचको गन्जागोल न हो । तन गले पनि मनलाई कमजोर बनाउन दिईन । चलायमान भइरहें । साच्चिकै लाग्यो, जीवन एक यात्रा रहेछ । यात्रा हर पल असहज हुन्छ भन्ने हुँदैन । कुनैकुनै समय हो, चुनौती र असहज बाटोमा कुद्न पर्ने ठ्याक्कै हाम्रो जीवन जस्तै । यात्रा र जीवन एक अर्काका पर्यायवाची ।

निकैबेर हिंडेपछि मैले साथी भेटे। पोल्यानड देखि आएकी पर्यटक । मलाई एकाएक लामो खडेरीपछि वर्षा हुँदा किसानलाई जति खुसी लाग्छ, त्यस्तै भयो । पटपट फुटेका खेतका गह्राले सिँचाइ पाएर टुसा पलाउदा खेत जति खुसी हुन्छन्, त्यस्तै भयो । पछि कुरा गर्दा थाहा पाए उनलाई पनि त्यस्तै भएको रहेछ । (नाम भुसुक्कै बिर्से) एक्लै एक्लै मिलेर हामी दुक्लै भयौ । अनि गफ गर्दै गर्दै यात्रा अघि बढाएयौ । एक्लै हिंडिरहेका हामीले साथी भेट्दा अकस्मात दुःखबाट सुख पाएजस्तो, आँसुबाट हाँसो पाएजस्तो। हामी एक अर्कालाई भेट्दा वर्षौ हराएर भेटिएका दौतरीजस्तै खुसी भएका थियौ । हिंड्दा हिंड्दै हामीलाई झरीले भेट्टायो । भेट्टाएन मात्रै मज्जाले रूझायो । ओत लाग्न ठाउँ थिएन । जंगल मात्रै थियो । बस्ती आउन लागेजस्तो हुन्थ्यो तर आउदैनथ्यो । हामी निथरूक्क भिज्यौ । हाम्रो आत भिज्यो । भिज्दै हिंड्यौ । हामीसँग अरू कुनै विकल्प पनि थिएन । त्यसैले हिँडिराख्यौ, यात्रालाई रोकेनौ ।

हिंड्दा हिंड्दै हामी घोडेपानी पुग्यौ । होटल फिसटेलको दिदीले मिठो चिया खुवाउनुभयो । माथि उचाईमा जाडो नै थियो, त्यसमाथि भिजेको शरीर । चियाले आतलाई केही तातो बनायो।

केही राहत मिल्यो । होटलमा एक जना ईजिप्टबाट आएकी पर्यटकसहित दुई जना गाईड हुनुहुन्थ्यो । भोलिपल्ट बिहानैको सूर्योदय हेर्ने सल्लाह सहित खानपिन सकेर हामी थाकेको शरीरलाई आराम गर्न लाग्यौ । बिहानै चार बजे पुनहिलको लागि हिंड्यौ । यात्रा सुरू गर्दा म एक्लै थिए, अहिले हाम्रो टोली पाँच जनाको पुग्यो । करिब एक घण्टाको उकालो हिंडेपछि हामीले लामो यात्राको भारी बिसायौ । म हिमाल देखेर फेरि एकपटक मख्ख परें । ३२१० मिटर उचाईबाट अन्नपूर्ण, धवलागिरी, माछापुछ्रेलाई निहालें । हिमालबाट देखिने सुन्दर सूर्योदय निकै मनमोहक थियो । पहाड र हिमाललाई छेड्दै सुनौलो प्रकाशका धर्साहरूले हामीलाई चुम्बन गर्यो । म यसैयसै मन्त्रमुग्ध भए । बिहानीको सूर्योदय सुन्तला रंगबाट फैलिदै फैलिदै पहेलो किरण बनेर न्यानो भर्यो । बतास पनि लागिरहेको थियो। चिसो बतासको स्पर्श अद्‌भुत थियो। सायद प्रकृतिको कोमल हृदयबाट प्रसारित भएको हुनुपर्छ। जसको माधुर्यताले हृदय भित्रसम्म गएर आफ्नो मादकता प्रसारित गरिरहेथ्यो । चिसोले हात कापिइरहेको थियो । १३० रूपियाँको एक कप कालो चियाले ज्यान तताए । ती सुन्दर दृश्यहरू हेरिरहँदा म त्यसैमा हराइरहेकी थिए। म शून्यतामा थिए । शून्य हुँदाको अनुभव कस्तो हुन्छ महसुस गरें । मैले ध्यान गरिरहेकी थिए । यसैयसै मुग्ध भइरहेकी थिए । म आफैमा हराइरहेकी थिए । म सन्तुष्टको सुखानुभूति गरिरहेकी थिए। न कसैको प्रवाह थियो न केहीको आवेग थियो । म नितान्त हिमालसँग तिप्त थिए । त्यसकै सुन्दरतामा तृप्त थिए । जीवनमा उत्कर्षको अनुभव छोटो हुने रहेछ । मेरो ती सुन्दर दृश्यहरू आँखामा सुसुज्जित गरें । मन र मस्तिष्कमा टपक्क टिपेर राखें । किनकि मलाई आजै पोखरा फर्कनु थियो । फेरि एकपटक हिमाललाई हेरेर हामी ओराली लाग्यौ । जीवन यही त रहेछ । उकाली, ओराली, देउराली, भन्ज्याङ अनि चौतारी ।

हिमाल र जीवन उस्तै उस्तै रहेछ । टाढाबाट नियाल्दा निकै सुन्दर देखिने तर नजिकबाट हेर्दा यसको आफ्नै दुःखहरू छ । जतिसुकै स्वीकार नगरे पनि आफ्नो कुराहरू आफैसँग हुन्छ। आफ्ना दुःख आफ्नै हुन्छ। हिमालीहरूको पनि आफ्नै किसिमको पीडाहरू छ । तपाईं हाम्रो पनि आफ्नै दुःख छन् ।

हामी सबैको जीवनका आ-आफ्नै सगरमाथाहरू छन्। बाटो पहिल्याउन सके पक्कै पुग्न सकिन्छ । ढिलोछिटो हुन सक्छ । तर चढ्नै

नसकिने भन्ने हुँदैन । हिमाल र हिमालको काखमा यात्रा गर्नु एक साहसिक कार्य हो र साहस आफैमा एक विशिष्ट प्रतिभा हो । हिमालसँग मेरो एक अद्‌भुत प्रेम बसेको छ, र त आफ्नो आत्मविश्वास, आत्माभिमान र ईमानदारिता सुंगठित र सुसुज्जित गराउन सकु भन्ने अभिलाषा पनि । आखिर म र हिमाल एक पर्याय जस्तै त हौं।

सगरमाथाको टुप्पामा पुगिसकेपछि पनि त्यहाँ बसिरहन सकिदैन । हामीलाई पुगेपछि फर्किन पर्छ । जीवनका यात्राहरू पनि सधैं सफल हुँदैनन्। टुप्पोमा पुगे पनि झर्नुपर्छ है भन्ने हिमालहरूले जस्तो बोध अरू कसले गराउला र ! गन्तव्य भन्दा यात्रा पृर्थक् बनाउनु पर्छ ।

मलाई जीवन पूर्ण रूपले बाँच्न मन छ । थाहा छैन पूर्णता कहाँ छ, के मा छ ? कसरी प्राप्त गरूँला ? तर मलाई कमसेकम यो त थाहा छ की मलाई जीवन कटाउनु छैन, बाँच्नु छ । म जीवनमा गतिहीनता चाहन्न । नैराश्यता चाहन्न । थाहा छैन बाँच्न कति जाने, सिके वा जीवन कति बुझे ? लेख्न कति जाने, सिके ? तर मलाई बाँच्नु छ, स्वच्छन्द भएर । म चाहन्छु मेरा आशा-अभिलाषाहरूले मलाई झकझकाइरहुन । सपनाले मलाई बिउझाइरहुन्।

सफल भइरहन नसकिन पनि सक्छ, भइरहनु पर्छ भन्ने पनि छैन तर असल भइरहन सकिन्छ । असल हुने कोसिस गरिरहन सकिन्छ । आखिर जीवनमा गर्न सकिने भनेको एक ईमान्दार कोसिस न हो । जीवन जीउन धेरै केही चाहिदैन केही आँट, केही आत्मविश्वास र जोस भरिदिने परिवार, साथीभाइ र आफ्नाहरू भए पुग्छ।

बसिरहन सकेनौ, त्यसैले त बाटो ततायौ । पोल्याण्डकी साथी र म पुनः साथी बनेर फर्कियौ । पोखरा फर्किदै गर्दा हृदय खुसीले धक्क फुलेको थियो। आफैले आफैलाई मनमनै बधाई भने। अनि पोखरा झर्दै गर्दा एकपटक हिमालाई हेर्दै भने, ए हिमालय पर्वतहरू म एक पटक मात्र होईन पटकपटक तिमीलाई स्पर्श गर्न चाहन्छु । म फेरि आउनेछु तिम्रो काखमा लुकामारी खेल्न, तिम्रो सामीप्यतामा रम्न ।

यसरी मेरो दुई दिनको जिन्दगीमा दुई दिने पुनहिलको एक्लो यात्रा सकियो । र मेरो जीवनको पहिलो 'एक्लो' यात्रामा साथ सहयोग गर्नुहुने, प्रत्यक्ष परोक्ष मलाई आट र साहस दिनुहुने ज्ञात ,अज्ञात सबैलाई साधुवाद र एकपटकलाई बाबाआमा र परिवारसँग माफी माग्न चाहन्छु । अर्कोपटक स्विकृती बेगर जाने छैन । तर यात्रा जरूर गर्नेछु किनकि भविष्यमा रहेका सम्भावनाहरू कहाँ रित्तिएका छन् र ? ♦♦

# भिटामिनको नालीबेली



✍ **त्रिचन्द्र प्रतिक्षा**

मानव जीवनमा भिटामिनको महत्त्व कति छ भन्ने कुरा भनिरहनु नपर्ला, हरेक व्यक्तिका लागि भिटामिनको आवश्यकता जति बढी रहन्छ, तर हामी कमै मात्रलाई थाहा होला कि भिटामिनको बारेमा कसले कसरी पत्ता लगाए भन्ने बारेमा । आज हामी यस लेख मार्फत् भिटामिनको खोज र वर्गिकरणबारेमा केही जानकारी दिने प्रयासमा छौं ।

**इतिहास**

भिटामिनको इतिहास सन् १७२० देखि सुरू भएको पाइन्छ । तत्कालीन समयमा अष्ट्रियाली सैनिक चिकित्सक क्रमेरले स्कर्भी रोगका लागि सुन्तला तथा हरिया सागसब्जीका माध्यमबाट उपचार गराएको पाइन्छ । त्यसपछि ब्रिटिस नौसेनाका क्याप्टेन लिण्डले प्रयोगबाट यो प्रमाणित गरिदिएका थिए कि कागती तथा सुन्तलाको पर्याप्त मात्रामा सेवन गराएमा स्कर्भी रोगबाट मुक्ति पाउन सकिन्छ । यो घटना सन् १७५३ तिरको हो । त्यसपछि यस क्षेत्रमा उल्लेखनीय प्रगति हुन पुग्यो जब सन् १८८२ मा एडमिरल ताकाकी जापानमा चिकित्सा सेवाका प्रमुख जनरल थिए ।

उक्त समयमा उनले खानामा सागसब्जीहरू, माछा, मासु, अण्डा आदिको मात्रामा उचित वृद्धि गर्दै लगेमा बेरीबेरी नामको रोगबाट बच्न सकिन्छ भनेका थिए । पछि सन् १८९० मा डाक्टर इजम्यानले कुखुराका चल्लाहरूलाई मिलमा कुटेको चामल खुवाएर अनुसन्धान कार्य प्रारम्भ गरेका थिए । यसो गर्दा कुखुराका चल्लाहरूमा बेरीबेरी रोगमा जस्तै स्नायु प्रणालीको क्रियामा असन्तुलन आएको पत्ता लगाए । त्यसपछि त्यो रोगलाई निको पार्ने दिशातिर कदम चाले र पछि डाक्टर इजम्यानका एक सहयोगी मित्रले एउटा कुखुराको चल्लालाई केही समयसम्म ढिकीमा कुटेको चामल खुवाएर पाले जुन चल्लाको अवस्थामा विस्तारै विस्तारै सुधार आएको थियो । इजम्यानलाई

विश्वास भयो कि खैरो चामलमा बेरीबेरी रोग निको पार्ने तत्व छ । तर, उनले बेरीबेरी रोग शरीरमा कुन तत्त्व कमी हुँदा लाग्छ र खैरो चामलमा त्यो तत्त्व हुन्छ भन्ने सोचेनन् ।

अमेरिकी चिकित्सा अनुसन्धानकर्मी फ्रेडरिक हप्किन्सले सन् १९०० मा एमिनो एसिड पत्ता लगाएका थिए । हप्किन्सले एमिनो एकिडलाई ट्राइप्टोफ्यान नाम दिएका थिए । पछि सन् १९११ मा पोल्याण्डका डाक्टर क्यासिमिर फन्क त्यति बेला लण्डनको लिष्टर इन्सटिच्युटमा कार्यरत थिए र उनले बेरीबेरी विरूद्धको तत्त्व पत्ता लगाए । उनका अनुसार यस पदार्थको रासायनिक संरचना एक एमिनो थियो । हप्किन्सले पत्ता लगाएको एसिडको नाम जीवनलाई बुझाउने ल्याटिन शब्द एमिनस हो । त्यसकारण यसको नाम डा. क्यासिमिर फन्कले 'भिटा एमिनस' राखिदिए । पछि सन् १९१९ ताका अन्य वैज्ञानिकहरूले के पत्ता लगाए भने सबै भिटामिनमा एमिनस एसिड पाइँदैन । त्यसकारण उनीहरूले Amines बा es अक्षरलाई हटाए जसले गर्दा vitamin नाम रहन पुग्यो । त्यसपछि भिटामिन नाम प्रचलनमा आयो ।

**भिटामिनको प्रकार**

भिटामिनलाई घुलनशीलताका आधारमा दुई समूहमा वर्गीकरण गरिएको छ- चिल्लो पदार्थमा धुल्ने भिटामिनहरू ए, डी, ई र के पर्दछन् भने पानीमा घुल्ने भिटामिनहरूमा भिटामिन बी समूह र सी समूह रहेका छन् ।

**भिटामिन 'ए'**

यसको खोज सन् १९०९ मा होपकिन्स तथा स्टेपबाट भएको थियो । सन् १९१५ मा म्याककोलम तथा डेभिसले अण्डाको पहेंलो भागमा पाएका थिए । यो भिटामिन पानीमा अघुलनशील छ, तर चिल्लो पदार्थमा घुल्ने गर्छ । यो ठोस रूपमा पनि पाउन सकिन्छ र यसलाई हावामा खुल्ला छोडेमा नष्ट भएर जान्छ ।

भिटामिन 'ए' पाइने वनस्पति स्रोतमा-हरियो सागपात, धनियाँ, पालुँगो, केरा, गोलभेंडा, आँप, सुन्तला, पाकेको फर्सी, गाजर, मुला, काउली सलगम आदि मुख्य मानिन्छन् ।

**भिटामिन 'बी'**

यो भिटामिनलाई पनि विभिन्न समूहमा विभाजन गरिएको छ, जस्तैः भिटामिन बी१, बी२, बी६, बी१२ ।

बी१- सन् १८९७ ताका कुखुराको चल्लालाई राम्रोसँग फलेको चामल खुवाएर पाल्दा बेरीबेरी जस्तो रोग लाग्यो र पछि त्यही चल्लालाई नफलेको चामल खुवाउँदा रोग विस्तारै

निको हुँदै आएको कुरा पत्ता लागेपछि नफलेको चामलमा रहेको रोग निको पार्ने तत्त्वलाई वैज्ञानिकहरू भिटामिन 'बी' भन्ने गरेको भनाइ छ । पछि सन् १९३६ मा विलियमले यसलाई थायमिन नामाकरण गरेका थिए भने पछि यसलाई भिटामिन बी१ भन्ने गरियो । यो भिटामिन तापद्वारा छिट्टै नष्ट हुन्छ ।

बी२- सन् १९३२ मा वारवर्ग र क्रिश्चियनले एक प्रकारको पिउने पदार्थ बनाए । पछि सन् १९३३ मा कुन (Kuhn) ले यो पदार्थमा भिटामिन बी२ भएको पत्ता लगाए । सो पदार्थमा पहेँलो इन्जाइममा भिटामिन बी२ बनाउन सफलता प्राप्त गरे भने अमेरिकामा यसलाई भिटामिन जी को नाम दिइएको थियो ।

बी३- सन् १९०१ मा विल्डियर्सले भिटामिन बी३ को बारेमा उल्लेख गरे तापनि सन् १९३३ मा मात्र विलियम्सद्वारा यसको स्वतन्त्र अस्तित्व पत्ता लगाए । यो भिटामिन पानीमा अति छिटो घुल्ने भिटामिन हो भने यो पकाउँदा बढी मात्रामा नष्ट हुन जान्छ ।

बी६- सन् १९३६ मा ग्योर्गी भन्ने व्यक्तिले उल्लेख गरे तापनि पछि सन् १९३८ मा केरेस्टेसी र स्टेभेन्सले यसलाई स्वतन्त्र रूपमा प्राप्त गर्न सफल भए । यो भिटामिन सेतो स्वच्छ र पानीमा घुलनशिल हुन्छ ।

बी१२- सन् १९४८ मा स्मिथ तथा पार्कर भन्ने व्यक्तिहरूले पत्ता लगाएका थिए । यो भिटामिन रातो रक्तकोषको निमार्ण गर्न आवश्यक पर्छ । यो पनि पानीमा घुल्ने रातो पदार्थ हो ।

यी भिटामिन 'बी' प्रायः सबै खाद्य पदार्थहरूमा पाइन्छ । साथै- दूध, अण्डा, चीज, माछा मासु, फलफुल, गेडागुडी, बदाम, वनस्पतिजन्य खानामा गहुँ, सिमी, दाल, चामलमा नगण्य मात्रामा पाइन्छ ।

**भिटामिन 'सी'**

तत्कालीन समयमा ब्रिटिस नौसेनाका क्याप्टेन लिण्डले स्कर्भी रोगको रोकथामका लागि कागती तथा सुन्तलाको रस प्रशस्त मात्रामा सेवन गराउनुपर्छ भन्ने कुरा प्रमाणित गरेका थिए । पछि सन् १७७२ देखि १७७५ क्याप्टेन कुक तथा सन् १९०७ मा होक्स्ट र फ्रोलिचले यस क्षेत्रमा कार्य गरे । सन् १९२८ मा ग्योर्गीले भिटामिन सी स्वतन्त्र रूपमा प्राप्त गरे तथा सन् १९३३ मा रिचस्टेइनले प्रयोगशालामा बनाउन सफलता पाए ।

भिटामिन 'सी' पाइने मुख्य स्रोतहरूमा कागती, सुन्तला, अमला हुन् भने अन्य ताजा फलफूलहरू अम्बा, मेवा, भूइँकटहर आदि पनि हुन् ।

**भिटामिन 'डी'**

भिटामिन 'डी' को इतिहासलाई

हेर्दाखेरि सन् १७८२ बाट शुरू भएको पाइन्छ । तत्कालीन समयमा माछाको तेलबाट रिकेट्स रोगको उपचार गर्न सकिन्छ भन्ने कुराको जानकारी भयो । त्यसपछि सन् १९१८ मा मेलेन्बीले भिटामिन 'डी' को अभावमा रिकेट्स रोग लाग्छ भन्ने कुरा मुसामा प्रयोग गरेर प्रमाणित गरेका थिए ।

सूर्यको प्रत्यक्ष प्रकाशमा अल्ट्राभ्वाइलेट किरणहरू र यसले छालाको कोलेस्टेरोललाई भिटामिन 'डी' मा परिणत गर्दछ । त्यसैले भिटामिन 'डी' लाई सनसाइन भिटामिन पनि भनिन्छ ।

माछाको कलेजोको तेल, सबैभन्दा प्रमुख स्रोत मानिन्छ भने अण्डाको पहेंलो भाग, दूध, मक्खन आदि भिटामिन 'डी' को स्रोत हुन् ।

**भिटामिन 'ई'**

भिटामिन 'ई' को खोजका बारेमा सन् १९२२ देखि शुरू भएको पाइन्छ । तत्कालीन समयमा सुरे इभान्स तथा बीसप नामका वैज्ञानिकहरूले भिटामिन 'ई' को कमीको प्रभावका बारेमा अध्ययन गरी महिला तथा पुरूषको प्रजनन् क्षमतामा ह्रास ल्याउँछ भन्ने कुरा पत्ता लगाए । उनीहरूले भिटामिन 'ई' लाई टोकोफेरोल्स भनी नामाकरण गरे । 'टोकोस'को अर्थ हुन्छ बच्चाको जन्म तथा 'फेरो'को अर्थ हुन्छ जन्म दिनु । यो भिटामिन 'ई' वनस्पति तथा प्राणीहरूको तन्तुमा प्रशस्त मात्रामा पाइने हुँदा साधारण तथा यसको अभाव देखा पर्दैन ।

विशेषगरी- अंकुरित खाद्यान्न, अण्डा, दूध, गहुँको अंकुरबाट बनाइएको तेल, नरिवलको तेल, मुटु, कलेजो, मिर्गौला आदि भिटामिन 'ई' को स्रोत मानिन्छन् ।

**भिटामिन 'के'**

जर्मन रसायन शास्त्री डामले भिटामिन 'के' को खोजी गरेका हुन् । उनले सामान्यतया यो भिटामिनले रगत जमाउने काममा मद्दत गर्छ भन्ने कुरा पत्ता लगाए । अतः उनले यसको नाम भिटामिन 'के' राखे किनकि जर्मन भाषामा कोगुलेसन शब्द K अक्षरबाट सुरू हुन्छ । डाम तथा अंग्रेज रसायन शास्त्री आल्माक्विस्टले सन् १९३० देखि सन् १९३३ सम्म कुखुरामा प्रयोग गरेर यो भिटामिनका क्षेत्रमा काम गरेका थिए । यो भिटामिन पर्याप्त तापबाट पनि नष्ट हुँदैन । भिटामिन 'के' पनि दुई प्रकारका छन्-$K^{1/1}$/ $K^2$

हरियो सागसब्जीहरू नै भिटामिन 'के' को सबैभन्दा राम्रो स्रोत मानिन्छन् । साथै गोलभेंडा, काउली, बन्दा, माछा, दूध, गाजर, भटमासको तेल, गहुँ आदि यसका स्रोतहरू हुन् ।

◆◆◆

बालनिबन्ध

# सिमलको सौन्दर्य



✍ देवकी के.सी

फाल्गुण महिना नबित्दै गाउँघर जताततै सिमल फुलेर वातावरण नै रमाइलो भएको सबैले देखेका छौ । गाउँघर जताततै पाइने सिमल पहाडी, मध्यपहाडी र चारकोशे जंगलका वरपर सिमल देख्न सकिन्छ । सिमलको फूलको बाहिरी आवरण कडा र गाढा खैरौ र कालो रङ्गको फूल रातो रङ्गको हुन्छ । सामान्यतया सिमलको रूख अग्लो हुन्छ । झपक्क फूलहरू फुल्दा त अहो रूखनै कति राम्रो नवदुलहीझैं लाग्छ ।

सिमल फुलेको देखेर मलाई त औधी आनन्द लाग्छ । सायद भाइबहिनीहरूलाई पनि अवश्य आनन्द लाग्छ होला । म सानो छँदा मैले पढ्ने स्कुलको नजिकै ठुलो चउर थियो । त्यो चउरमा एउटा ठुलो सिमलको रूख पनि थियो । सिमल फुलेको समयमा हामीहरू सिमलका फूल टिपेर एक अर्कालाई हिर्काउँदै खेल्ने गर्दथ्यौ । त्यति मात्र कहाँ हो र त्यसको फूल चपाएर खाएरनै भोक मेट्थ्यौ । अझ सिमलको भुवा झर्ने समयमा त सिमलको भुवा कसले धेरै टिप्ने भनेर जम्मा गर्दागर्दै स्कुलमा घण्टी लागेको पनि पत्तो हुँदैनथ्यो । कक्षामा ढिला पुग्दा सरले गाली गर्नुहुन्थ्यो । तापनि जताततै सिमल फुलेको देख्दा तिमीहरू जस्तै म आफ्नो विद्यार्थी जीवनमा फर्केर रमाउन थाल्छु ।

भाइबहिनीहरू, हो म सानो छदाँ पेट दुख्यो भने पनि औषधी हुन्छ भनेर आमाले सिमललाई सुकाएर धुलो बनाएर, पकाएर खुवाउनुहुन्थ्यो । त्यतिबेला हजुरबा हजुरआमाले भन्नुहुन्थ्यो, 'सिमलको फूल र जरा निकै रोगमा औषधी हुन्छ । सिमलले पेट दुखेको बेलामा, अनि रगत सफा गर्न, शरीरमा तागत दिने काममा सहयोग गर्छ ।' वास्तवमा त्यतिबेला उहाँहरूले भनेको कुरा सही रहेछ भन्ने कुरा आज विज्ञानले पनि प्रमाणित गरिदिएको छ । वैज्ञानिक अनुसन्धानमा पनि सिमलको बोक्रा, जरा, फूलहरू, पाउडर बनाएर विभिन्न रोगको लागि जस्तै

पेटको रोग, घाउमा, टाउको दुखेमा, रक्तविकारमा, खोकी, पिसाव समस्या आदिमा औषधी हुन्छ । हामीले सुन्दर देखेको त्यो सिमलको फूल राम्रो मात्रै होइन । औषधी पनि बन्दो रैछ भन्ने जानिराख्नु पर्छ है ।

अझै पनि गाउँघरमा सिमलको फूल झरेर त्यसै खेर गइरहेको छ । केवल आहा क्या राम्रो भनेर सिमल फूलेको तस्बिर मात्र खिच्ने काम भएको छ । अझ धेरैजसो सिमलको फूल त गाउँघरमा गाईबाख्रालाई खुवाउने गरेको पाइन्छ । सिमल नेपाल लगायत दक्षिण एसियाका सबैजसो देशहरूमा पाइन्छ । कतिपय देशहरूमा त यसलाई प्रयोग गरेर औषधी समेत बनाइएको छ ।

तर यदाकदा सिमललाई औषधीको रूपमा प्रयोग गरे पनि हाम्रो देशमा भने खासै यसलाई व्यापक रूपमा प्रयोग गरेको पाइन्न । अलि अलि गाउँघरमा पुराना पुस्ताले परम्परागत रूपमा यसलाई प्रयोग गरे पनि नयाँ पुस्ताले भने यसलाई तस्बिर खिच्ने रमाइलोको लागि भन्दा अन्य प्रयोगमा ल्याएको देखिन्न । सायद भाइबहिनीहरू पनि कतै घुम्न जाँदा सिमल फुलेको देखेर मख्ख पर्दै आहा भनेर तस्बिर खिचेर रमाएका होलाऊ । सिमलको तस्बिर खिचेर रमाएर मात्र हुन्न यसको महत्वलाई पनि बुझ्नुपर्छ । हामीले देखेका यिनै वनस्पतिहरू हाम्रा जीवनको लागि औषधीको रूपमा समेत उपयोगी छ तर हामीले यसलाई त्यसै खेर फालिरहेका छौं । यो त्यसै कुहिएर खेर गइरहेको छ । भाइबहिनीहरूले पनि यसको उपयोगिता बुझ्न सक्यौ भने भविष्यमा यसलाई सदुपयोग गरेर लाभ लिने तर्फ ध्यान दिन्छौ कि भन्ने आशा जागेको छ । ♦♦

## गजल



✍ **रुपिन्द्र प्रभावी**

गफाडी मित्रको फेला पो परियो
बडो कष्टले लौ सङ्कट तरियो

गफैले झार्दछ आकाशका जूनतारा
भन्दछ देशलाई धेरै नै गरियो

छुरा छ गोजीमा कुराको पहाडै
सगरै चढायो अचानक झरियो

नपर्नू भर कोही गफाडीहरूको
लोभ्याउने औजार घाँस हो हरियो

बाँचियो बाँच्न त सङ्घर्ष गरेर
बाँच्नलाई पहिले धेरै नै मरियो ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३७ साल अङ्क, २ को **विशेषांक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.नि.रबि बस्नेतद्वारा लिखित 'न्यायशास्त्र र प्रहरी'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– ***सम्पादक***

राज्य वा समाजलाई अपराधकर्मी व्यक्ति प्रति आफ्ना प्रतिकृया व्यक्त गर्न निमित्त जुन माध्यमको आवश्यकता पर्दछ त्यो हो न्यायशास्त्र । न्यायशास्त्रले आफ्नो कार्यक्षेत्र भित्र निम्न प्रकारका संस्थागत् कार्य सहयोगको आधारमा राज्य वा समाजलाई अपराधीले गरेको अपराध प्रति दण्ड, क्षमा वा नियन्त्रण आदि कार्य गरेर न्यायिक शान्ति अर्थात एउटा शान्तिमय र कल्याणकारी राज्यको सृजना गर्न सहयोग पुऱ्याउँछ ।

१. परीविक्षा (Probation)
२. वाक-विश्वास (Parole)
३. क्षमादान (Pardon)
४. वाल न्यायालय (The Juvinile Courts)
५. आपराधिक न्यायालय (The Criminal Courts)
६. प्रहरी प्रणाली (The Police System)

१. परीविक्षा (Probation) परीविक्षा अन्तरगत कुनैपनि अपराधीलाई दण्डात्मक अथवा उपचारात्मक दुवै प्रकारका प्रतिक्रिया दिन सकिन्छ । अर्थात परीविक्षा भनेको दण्डात्मक र उपचारात्मक दुवै प्रतिक्रियाको बीच सम्झौता हो । यसमा अपराधीलाई हुने दण्डको निलम्बन अथवा पछि आफ्नो अपराध बृतिलाई सुधार गर्ने शर्तसाथ निलम्बन, पुनः दण्डको भय भाव, पर्यवेक्षण, सहायता र मार्गदर्शनको स्थिति सदैव रहिरहन्छ ।

२. वाक-विश्वास (Parole) कुनै व्यक्तिले आफ्नो अधिकतम् दण्डको समय बिताई सकेको अवस्थामा उसलाई पुनः आपराधिक कार्य नगर्ने शर्तसाथ यसपछि सदाचारमा रहने गरी कुनै सुधार संस्थान वा राज्यद्वारा निर्णित इकाईबाट मुक्त गरिदिने प्रक्रियालाई वाक विश्वास (Parole) भनिन्छ । विद्वानहरूको विचारमा वाक-विश्वासमा मुक्त हुने व्यक्ति तबसम्म पूर्णतः मुक्त हुदैन जवसम्म उसको दण्डको अवधि कायम रहन्छ ।




**एक जना तालुखुईलेसँग पत्रकारको भेट भएछ र सोधेछ,**

**पत्रकारः–** तपाईंको तालुमा रौं नभएकोमा कुनै अप्ठ्यारो लाग्दैन ?

**तालुखुईलेः–** हजुर, अरूबेला त खासै अप्ठ्यारो पर्दैन तर मुख धुने बेलामा मुख कहाँसम्म हो भनेर छुट्याउनै गाह्रो पर्छ ।

♦ ♦ ♦

**सैनिक परेडको बेला अफिसरले हर्केसँग सोधेछ,**

**अफिसरः–**हर्के यो तिम्रो हातमा लिएको के हो ?

**सिपाहीः–** बन्दुक हो सर!

**अफिसरः–** यो बन्दुक होइन, यो तिम्रो इज्जत, तिम्रो शान र तिम्रो आमा हो ।

**अफिसरले फेरि अर्को सिपाहीलाई सोध्छ, यो तिम्रो हातमा लिएको के हो** ?

**दोस्रो सिपाहीः–** हर्केको आमा सर !

♦ ♦ ♦

काले र गोरे वनमा घुम्न जाँदा एक्कासी अगाडि चितुवा आयो । चितुवालाई देख्न साथ गोरेले एक मुठ्ठी माटो हातमा लिएर चितुवाको आँखामा फ्याक्छ अनि कालेको हात समातेर भाग काले, भाग भन्छ तर कालेः–म किन भाग्ने चितुवाको आँखामा माटो त तैले फालेको हो नि ।

♦ ♦ ♦

**एक जना कन्जुस बुढोलाई करेन्ट लागेछ,**

**बुढीः–**लौन नि के भयो यस्तो ।

**बुढो ः–** नकरा बुढी मलाई केही भा छैन । बरू त्यो मिटर हेर त कति युनिट बढेछ ।

♦ ♦ ♦

**भिखारीः–**हजुर केही खाने कुरा पाईन्छ?

घर भित्रबाटः–(श्रीमान्) श्रीमती घरमा छैन ।

भिखारीः–हजुर मलाई श्रीमती त चाहिएन ।

**संकलनः– प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.सं. २००८ सालमा पुलिस हेडक्वाटरको स्थापना र प्रहरी महानिरीक्षकको व्यवस्था भएको थियो ।

➲ वि.सं. २०४० सालमा नेपाल प्रहरी विद्यालय, नेपाल प्रहरी अस्पताल र सामुदायिक प्रहरीको स्थापना भएको थियो ।

➲वि.सं.२०४१ सालमा हाल सङ्गीत महाविद्यालयमा स्तरोन्नति भएको नेपाल प्रहरी बैण्ड गुल्ममा महिला प्रहरी बैण्डको व्यवस्था भएको थियो ।

➲वि.सं. २०५२ सालमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना भएको थियो ।

**संकलनः प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**नमराज भण्डारी विरूद्ध नेपाल सरकार, मुद्दाः- भ्रष्टाचार (ने.का.प. २०७८, अंक १, निर्णय नं.१०६३५)**

प्रविधिको प्रयोगबाट सङ्कलन गरिने प्रमाण ग्रहण गर्दा भने न्यायिक विवेकको प्रयोग अपेक्षाकृत धेरै नै रहन्छ । सि.डि. प्रमाणमा लाग्दछ भन्नुको अर्थ जुनसुकै, जो कोहीले, जहिलेसुकै तयार गरेको सि.डि. प्रमाण-ग्राह्य हुन्छ भन्ने होइन । निश्चित मापदण्डमा आधारित रहेर निर्माण गरिएका, बनावटी, कृत्रिम, वा संशययुक्त नभएका र कानूनसम्मत तवरबाट तयार गरिएका सि.डि. पेस हुन आएमा प्रमाणमा ग्रहण गर्नुपर्ने । केही रकम कुनै कर्मचारीको साथबाट बरामद भयो भन्दैमा त्यसलाई घुस रिसवतको रकम हो भनी अदालतले अनुमान गर्न हुँदैन । बरामद भएको रकम घुस रिसवतकै रकम हो भनी अभियोजन पक्षले प्रमाणित गर्नुपर्ने ।

**रत्नबहादुर जिम्बासमेत विरूद्ध नेपाल सरकार, डिभिजन वन कार्यालय हेटौंडासमेत, मुद्दाः- उत्प्रेषण (ने.का.प. २०७८, अंक ८, निर्णय नं.१०७२६)**

साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दाको रोह तथा कारबाहीको सिलसिलामा अधिकार क्षेत्रको त्रुटि भएको, प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भएको, कानूनको देखादेखी त्रुटि भएको, बदनियत र प्रवृत्त भएको, अनधिकृत निकायबाट कामकारबाही आदेश भएको, संवैधानिक र कानूनी प्रश्नको निराकरण गर्नुपर्ने गुन्जायस रहेको र कानूनले अवलम्बन गर्नु भनेको प्रक्रियाहरू स्पष्टसँग उल्लङ्घन गरेकोमा बाहेक अरू अवस्थामा मातहतको अदालतबाट साधारण अधिकार क्षेत्रअन्तर्गत भएको आदेशमा तथ्य र औचित्यभित्र प्रवेश गरी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्नु न्यायोचित नहुने ।

**संकलन:प्र.स.नि.जनक आचार्य**

## गजल



**अरुण बहादुर खत्री 'नदी'**

तिमीलाई सम्झने बाचा गरेर आएँ
आफ्नै गहभरि आँसु भरेर आएँ ।

मलाई पीडा दिने याद भुलाउन
गाउँदेखि शहरमा बसाइँ सरेर आएँ ।

गुलाफ झैं फुल्ने मलाई रहर थियो
तर आज कोपिलामा झरेर आएँ ।

कसरी बिर्सु म तिम्रा ती घातहरू
बाहिर जिउँदो तर भित्र मरेर आएँ ।

हावापानी झैं प्राण धान्छु भन्यौ
तेजाबको समुन्द्र म तरेर आएँ ।